
असार २२, २०६३

# समय

राष्ट्रिय साप्ताहिक



षड्यन्त्रमा कयौं साथी फसे: बादल




# सेना बेवारिस !

मूल्य रु. २५



भास्वर ओझा

समय
राष्ट्रिय साप्ताहिक

वर्ष ३, अंक ११३, असार १६–२२, २०६३




आवरण : प्रधानसेनापति प्यारजंग थापा र पृष्ठभूमिमा संसद् भवन *तस्वीर: भास्वर ओझा*

**आवरण :** जनताप्रति उत्तरदायी बनाउने अभीष्टसाथ शाही नेपाली सेनालाई नेपाल सेनामा रुपान्तर गरिएको डेढ महिना बित्दा पनि सेनाको व्यवहारले ऊ अलगगै अस्तित्व निर्माणको प्रयासमा लागिरहेको देखिएको छ। प्रचण्डको अभिव्यक्तिप्रति सेनाको पछिल्लो वक्तव्य यसकै एउटा नमुना हो २७

## अन्तर्वार्ता

माओवादीका प्रभावशाली नेता रामबहादुर थापा 'बादल' भन्छन्– पार्टीसँग मेरो कुनै असन्तुष्टि छैन ३०

## विशेष रिपोर्ट

माओवादी प्रतिकारको नाउँमा अहिले पनि गाउँलेलाई दुख दिइरहेका छन् डाँकाहरू २०

शिक्षा दस जोड दुई : एसएलसीपछि दस जोड दुई नै हो विकल्प तर कसरी छान्ने ? ३९

## रिपोर्ट

विराटनगर जुट मिल : डुबाउने खेल २२

शान्ति वार्ताको गति सुस्त ? २४

## स्वास्थ्य

एचआइभी एड्सको अन्तर्राष्ट्रिय मुद्दा अहिले बालबालिकामा केन्द्रित छ १९



समय

**रंग :** नाटक महोत्सवमा निर्देशकका रूपमा नयाँ प्रतिभाको उदय भएको छ– आशा मगराती ५६

सम्पादकीय ........ ५
डाँक ........ ८
टिपोट ........ १२
मुलुक ........ १४
खेलकुद ........ ४८
साहित्य ........ ५१
अनुहार ........ ५७
शून्य समय ........ ५८

समय

का.जि.प्र.का.द.नं. १७०/२०६०/६१

**प्रबन्ध निर्देशक**
नवीन जोशी
**कार्यकारी निर्देशक**
विजय श्रेष्ठ
**सम्पादक**
युवराज घिमिरे
**कार्यकारी सम्पादक**
जिवेन्द्र सिम्खडा
**सहायक सम्पादक**
राजेश घिमिरे
**प्रमुख संवाददाता**
विश्वमणि पोखरेल
**वरिष्ठ संवाददाता**
मनीष गौतम
मनोज दाहाल
किरण भण्डारी
सुवास देवकोटा
मधुसूदन पौडेल
**संवाददाता**
नवीन अर्याल
छत्र कार्की
**उपसम्पादक**
डिल्ली आचार्य
**क्षेत्रीय**
रुद्र खड्का (नेपालगन्ज)
श्याम भट्ट (महेन्द्रनगर)
दीपक ज्ञवाली (बुटवल)
ओमआस्था राई (धरान)
केशव लामिछाने (पोखरा)
**तस्वीर**
भास्वर ओझा
**कार्टुन**
अविन श्रेष्ठ
**ग्राफिक/ले-आउट**
सुनील खड्गी (**संयोजक**)
किशोरराज पन्त
रामकृष्ण राना
**प्रशासन/वितरण/लेखा**
सुजन लामा (**प्रबन्धक**)
दीपक श्रेष्ठ (**वितरण**)
मिलन लम्साल (**वितरण**)
गोपाल भट्टराई (**लेखा**)
राजकुमार श्रेष्ठ (**लेखा**)
**बजार**
सुरज भडेल (**प्रबन्धक**)
राजेश महर्जन
अर्जुन बज्राचार्य
सफला शर्मा

**भृकुटी प्रकाशन (प्रा) लि.**द्वारा प्रकाशित तथा मिलेनियम प्रेस, हात्तीवन, ललितपुरमा मुद्रित

**कार्यालय ठेगाना :**
**भृकुटी प्रकाशन प्रा. लि.**
लाजिम्पाट, काठमाडौं, नेपाल
पो.ब.नं. ८८३०, फोन : ४४४३८८८
फ्याक्स : ४४२११४७ (सम्पादकीय)
४४११९१२ (बजार तथा वितरण)
ईमेलः samay@bhrikuti.com
**प्रमुख वितरक**
काष्ठमण्डप पत्रपत्रिका
झोंछे, न्यूरोड
फोन नं. २०१०८२१

# सरकार र बेथिति

**सम्पादकीय**

**जनआन्दोलनको बल** र दबाबमा प्रतिनिधिसभा पुनःस्थापना भएपछि स्वतः मन्त्रिपरिषद् या सरकार जनप्रतिनिधिमूलक संस्था प्रतिनिधिसभाप्रति सामूहिकरूपमा जिम्मेवार हुने अपेक्षा गरिन्छ। आन्दोलनको सफलता वा जनादेशका नाममा प्रतिनिधिसभाले अवश्य पनि केही गैरसंसदीय र हास्यास्पद निर्णय तथा अधिकारहरू लिए पनि प्रतिनिधिसभाप्रति सरकारको सामूहिक उत्तरदायित्वको सिद्धान्तः यथावत् नै रहेको देखिन्छ।

तर मिलिजुली सरकारको व्यवहारले के देखाएको छ भने न मन्त्रीहरूले सदनलाई आवश्यक गम्भीरतासाथ लिन सिकेका छन्, न त उत्तरदायित्वको सिद्धान्तलाई नै आदर गर्न। आश्चर्यको कुरा महत्त्वपूर्ण विषयहरूमा विपरीत प्रकृतिका टिप्पणीहरू विभिन्न मन्त्रीहरूले गर्दा समेत प्रतिनिधिसभाले त्यसबारे कुनै स्पष्टता हासिल गर्ने कोसिस गरेको छैन। बरु, सदन आफूलाई महत्त्वपूर्ण ओहदाका व्यक्तिहरूको शपथग्रहण थलो बनाउनुलाई आफ्नो सर्वोच्चता र महानताको प्रतीक मान्ने भूलमा रमाएको देखिन्छ।

सरकारको प्राथमिकता स्पष्ट नहुनु, राजदूत लगायत उच्चस्तरीय नियुक्तिहरूको अभावमा मुलुक विदेशमा प्रतिनिधित्वविहीन हुनु आफैंमा दुखद कुरा हुन्। तर, प्रधानमन्त्रीको अनुपस्थितिमा दुईमध्ये कुन उपप्रधानमन्त्रीले उहाँको प्रतिनिधित्व गर्ने जस्ता सामान्य कुरामा अल्झेको सरकारले मुलुकको सशस्त्र द्वन्द्व समाधान प्रक्रियामा जनतालाई आफ्नो क्षमताबारे के साँच्चै नै आश्वस्त गर्न सक्ला ? अर्का एक मन्त्री आफ्नै मातहतका सचिवविरुद्ध पदीय दुरुपयोगको राजनीतिमा लागेका छन्। मन्त्रीहरू जवाफदेहिताभन्दा माथि हुँदैनन्। सामूहिक उत्तरदायित्वको सिद्धान्तअनुसार कुनै पनि मन्त्रीले सरकारका सबै अंगलाई समानरूपले प्रतिनिधित्व गरेको मानिन्छ। सरकारका कुनै पनि कमजोरी र असफलताका लागि उनीहरू नैतिकरूपले जिम्मेवार मानिन्छन् र आवश्यक पर्दा प्रतिनिधिसभाले त्यसबारे उनीहरूसँग स्पष्टीकरण लिन सक्छ।



तर राजनीतिक रत्यौलीको शैलीमा एकजना उपप्रधानमन्त्री र दुईजना वरिष्ठ मन्त्रीहरूले सरकारको एउटा संवेदनशील अंग नेपाली सेनाको सार्वजनिक आलोचना गरेका छन्। सेनाभित्रको त्रुटि र कमजोरीलाई नैतिकरूपमा प्रतिनिधित्व गर्ने यी मन्त्रीहरूले के बुझ्नु आवश्यक छ भने त्यहाँका त्रुटि कमजोरी सच्याउने जिम्मेवारी उनीहरू कै हो। त्यसको सार्वजनिक आलोचना हैन, त्यो संस्थामा विद्यमान त्रुटि, कमजोरी र उसले गरेका कथित ज्यादतीका लागि मन्त्रीहरूले या उनीहरूको सरकारले सदनमा जनतासमक्ष माफी माग्नु पर्छ। तर, सामूहिक उत्तरदायित्वको सिद्धान्तविपरीत मन्त्रीहरुको आचरणले संसदीय व्यवस्थालाई कमजोर गर्ने मात्र हैन, राजनीतिलाई नैतिकताविहीन समेत बनाउनेछ। संसदीय मर्यादामा नबाँधिने मन्त्रीहरुले प्रजातन्त्र र संसदीय व्यवस्थालाई संरक्षण दिन सक्ने छैनन्। ■




## समय साता

### असार ८

- उच्चस्तरीय जाँचबुझ आयोगद्वारा जनआन्दोलन दमन गर्ने शाही सरकारका उपाध्यक्ष, मन्त्री र सल्लाहकारसहित तेह्रजनालाई निगरानीमा राख्न सरकारलाई सिफारिस ।
- प्रचण्डले बालुवाटारमा बोलेको टिप्पणीप्रति नेपाली सेनाद्वारा आपत्ति ।

### असार ९

- संयुक्त राष्ट्रसंघका सहायक महासचिव कुलचन्द्र गौतमद्वारा माओवादी र नेपाली सेना गाभिएमा समस्या आउन सक्ने जिकिर ।
- परिवर्तित राजनीतिक अवस्था र त्यसप्रतिको आफ्नो समर्थनलाई पूर्णता दिँदै शान्ति र लोकतन्त्रको निरन्तरताका लागि युरोपेली संघद्वारा नेपाललाई २ अर्ब सहयोग दिने घोषणा ।

### असार १०

- राजाले कर छुट पाउने कानूनी प्रावधान खारेजका लागि प्रतिनिधिसभा घोषणापत्र कार्यान्ययन सुझाव समितिद्वारा मन्त्रिपरिषद्लाई सिफारिस ।
- लैनचौरको घटनामा भरतकेशर सिंह दोषी भएको ठहर, उनलाई हतकडी लगाएको आरोपमा कारबाहीमा परेका प्रहरी निरीक्षक आभूषण तिमिल्सिनामाथिको कारबाही फिर्ता ।

### असार ११

- जनआन्दोलन दमन गरेको अभियोगमा तत्कालीन शाही सरकारका उपाध्यक्ष डा. तुलसी गिरी, मन्त्री बद्रीप्रसाद मण्डल र सहायक मन्त्री निक्षशमशेर राणालाई बयानका लागि आयोगद्वारा पत्राचार ।
- गत फागुन १५ गते काभ्रेमा माओवादीसँग नलडेर भागेको आरोपमा ६ सैनिकलाई सेनाको मुख्यालयद्वारा कारबाही ।

### असार १२


- त्रिभुवन विश्वविद्यालयद्वारा नयाँ विश्वविद्यालय ऐन मस्यौदा तयार, राजा कुलपति नरहने ।
- अज्ञात रोगका कारण बाराको निजगढस्थित जनकल्याण प्राथमिक विद्यालयका दुई दर्जन विद्यार्थी विरामी, स्कुल बन्द ।

### असार १३

- शाही सरकारका उपाध्यक्ष डा. तुलसी गिरीद्वारा उच्चस्तरीय छानबिन आयोगसमक्ष बयान, आन्दोलनमा दमन गर्ने भूमिका आफ्नो नभएको दाबी र यसको जिम्मेवारी आफूले नलिने अडान ।
- दुई साताअघि कंगोमा अपहृत सात नेपाली सैनिकमध्ये दुई मुक्त, अन्य पनि कुशल रहेको सैनिक जनसम्पर्क निर्देशनालयको भनाइ ।

### असार १४

- माओवादी प्रतिकार समूहद्वारा कपिलवस्तुको हथिहवा गाविसका राजेन्द्र कुर्मी र केशव भरलाई मंगरबार राति सुतिरहेको अवस्थामा हत्या । *(थप समाचार पृष्ठ २० मा)*
- मनाङको कंगार हिमालमा आठ महिनाअघि हराइरहेका अठारमध्ये आठको शव प्राप्त ।
- माघ १९ पछि हटाइएका श्रमजीवी पत्रकारहरू मध्ये राजधानी र हिमालय टाइम्स दैनिकका पत्रकारहरूलाई पुनस्थापन गर्न ती संस्थाका व्यवस्थापन पक्ष राजी ।




## अर्को ऐन चाहिन्छ

*समय* वर्ष ३, अंक ११० को शून्य समय निकै गहन लाग्यो । यसमा उठाइएको तीन पक्ष सदन, गैरसरकारी संस्था र सञ्चारसम्बन्धी संस्थाहरूले जनआन्दोलनमा आफूले पुऱ्याएको सहयोगको हिस्सा स्वरूप हिस्साको रूपमा जनतालाई जे भन्यो त्यही मान्नुपर्छ भन्ने निरंकुशता बोकिरहेको पाइन्छ । जनता उति बेला मात्र शान्तिका लागि सडकमा आएका थिए न कि कसैलाई मालिक बनाउन ।

उक्त स्तम्भमा सबैलाई बिझेको तर कसैले भन्न नसकेको कुरा के हो भने सञ्चारमाध्यम र गैससको अविश्वसनीयता र अपारदर्शिताको कुरा ।

नेपालको मौजुदा कानुनले मुगुमा खोलेको एउटा स्थानीय गैरसरकारी संस्था र वार्षिक ५० करोडको हाराहारीमा रहेको बजेट एवं झन्डै ४० करोड नगद पुँजी भएको नेपाल रेडक्रसलाई एउटै मापदण्डमा राखेको छ । के यो स्वभाविक छ ? जब कि जुनसुकै देशमा रेडक्रस सञ्चालन गर्न छुट्टै ऐन चाहिन्छ ।

■ **रमेश श्रेष्ठ**
चितवन
हाल- काठमाडौं

## रवीन्द्रको चाला

*समय*को असार ८ को अंकको विचार खण्डमा रवीन्द्र श्रेष्ठको तर्कलाई प्राथमिकता दिएकोमा म असहमति जनाउँछु । मूलत: रवीन्द्र श्रेष्ठ र मणि थापाको वक्तव्य सँगै आएकोले रवीन्द्र प्रवृत्तिहरू शंकाबाट बाहिर रहन सक्दैनन् । माओवादीले सुरक्षित अवतरण खोजेको भन्नेमा दुईमत छैन । तर, रवीन्द्रले भनेजस्तो वैचारिक र व्यवहारिक विचलन पक्कै होइन पार्टीमा ।

लाखौं जनता प्रचण्डको नामबाट आन्दोलनमा लागे र लाखौंले खुलामञ्चमा अवतरण गरेको स्वीकारोक्तिबाटै पनि उनको एक्लोपन र निरीहता छर्लंग भएको छ । अत: रवीन्द्रको भनाइलाई राजनीतिक विचार मान्न उपयुक्त हुँदैन ।

■ **रामेश्वर वर्मा**
मालिगाउँ, काठमाडौं

## व्यवहारमा परिवर्तन ल्याउनुपर्‍यो

*समय* वर्ष ३, अंक ११२ को डडेल्धुराको रिपोर्ट 'बदलिएन चाला' पढ्दा माओवादी पनि कुनै दिन व्यवहारबाट अहिले पार्टीहरूले खेप्नुपरेको तिरस्कारको सिकार त हुँदैनन् भन्ने शंका लागेर आयो । आफ्ना कार्यकर्तालाई नछाड्दा रातदिन सरकारको विरोधमा उग्र भएर उत्रिएको माओवादी किन आफ्नो रूप फेर्न सक्दैन ? व्यवहारमा किन परिवर्तन ल्याउन सक्दैन ? मुलुकको राजनीतिक धारलाई सही मार्गमा ल्याउन माओवादीको महत्त्वपूर्ण भूमिका रहन सक्छ । तर, माओवादीले शक्तिलाई फाइदाको रूपमा हेर्न थाल्यो भने भोलि जनताका सामु उसको अस्तित्व पनि टुहुरो बन्नेछ । माओवादीलाई बेलैमा चेतना भया ।

■ **सुरज दिक्तेल,**
हाल : लैनचौर, काठमाडौं

## उफ्...! पुरानै चाला

*समय* बारम्बार इन्टरनेटमा राख्नु पऱ्यो भन्ने पाठकको पत्र समयमा नै पढेको झन्डै नौ महिना भयो । यो लगत्तै म बाहिर देश पनि पुगेर आएँ । कारणवश म फेरि बाहिर जाँदै छु । *समय* मलाई मन पर्ने पत्रिका भएका कारण यसलाई इन्टरनेटमा हेर्न सकिन्छ कि सकिँदैन ? सकिन्छ भने यसलाई इन्टरनेटमा खोज्ने ठेगाना के होला, बताइदिनु भए म आभारी हुने थिएँ ।

■ **सुनिल तामाङ**
चाबहिल, काठमाडौं
sunil_t123@gmail.com

## भ्रम नहोस् माओवादीलाई

*समय* वर्ष ३, अंक १११ मा प्रकाशित रुकुममा माओवादीको उर्दी पढ्दा जनताले सडकमा बगाएको रगतको क्रेडिट माओवादीले लिन खोजेको आभास भयो । माओवादी खुला राजनीतिमा आउनुको अर्थ हुन्छ उनीहरूको दबाबबाट मुक्ति पाउनु । तर, यसविपरीत उनीहरू निरन्तर जनतालाई सास्ती दिन पछि पर्दैनन् भने उनीहरूले पनि भोलि जनताबाट मुक्ति पाउन सक्दैनन् किनकि जनताभन्दा माथि र सर्वोपरि कोही छैन । यदि माओवादीमा त्यो भ्रम छ भने कृपया त्यागे हुन्छ । स्कुले नानी र घरबाट जबरजस्ती आफ्नो कार्यक्रममा लगेर उनीहरूले जनताको मन जित्न सक्दैनन् । यसतर्फ माओवादी नेताको ध्यान जाओस् ।

■ **राजकुमार सिग्देल**
ओखलढुंगा, हाल : काठमाडौं

## कसरी हुन्छ बिजुली सस्तो ?

■ **डा. डम्बरबहादुर नेपाली**

हजारौं नदी नाला भएर हुन्छ र
योजना नै नबनाएपछि ।
गण्डकी, कोशी भएर पुग्छ र
विदेशीलाई सुम्पेर आएपछि ॥
बिजुली सस्तो त तब हुन्छ आफैंले बनाउन थालेपछि ॥

हिमाल तराई उचाइ भएर हुन्छ र
बाटोघाटो नै नबनाएपछि ।
हिउँ पग्लेको पानी भएर पुग्छ र
स्रोत र साधन नजुटाएपछि ॥
बिजुली सस्तो त तब हुन्छ आफ्नै लगानी गरेपछि ॥

घट्ट र जाँतो घुमाए जस्तो हो र
सुरुङ खन्न डराएपछि ।
मेची, काली उज्यालो हुन्छ र
प्रसारण लाइन नै नभएपछि ॥
बिजुली सस्तो त तब हुन्छ सबले कम्मर कसेपछि ॥

धनी बन्छ बिजुलीबाट भनेर हुन्छ र
विदेशी र ऋण बोकेपछि ।
अँध्यारोबाट डराएर हुन्छ र
कमिसनको धन कुम्ल्याएपछि ॥
बिजुली सस्तो त तब हुन्छ राजनीति गर्न छाडेपछि ॥

योजना, जनशक्ति पैसा भएर पुग्छ र
बिकेको हाकिम भएपछि ।
निजीकरण र विखण्डन समाधान हो र
कमिसनको दाउ देखेपछि ॥
बिजुली सस्तो तब हुन्छ स्वार्थ भाव त्यागेपछि ॥

विद्युत् योजना त्यसै बन्छ र
विदेश मात्र घुमेपछि ।
नेपालमा बिजुली महँगो हुन्न र
क्लेम, भारिएसन र डिले भएपछि ॥
बिजुली सस्तो त तब हुन्छ हामी सबै मिलेपछि ॥


एक कार्यक्रममा माओवादी नेताहरू
समय

**समयको ग्राहक बन्नुपरेमा वा पत्रिका नआएमा सम्पर्क गर्नुहोस् । फोन: ४४४३८८८/२११२०९४**

# एउटा नलेखिएको कथा लीलाको

■ सुलोचना मानन्धर

**लीला श्रेष्ठ सुब्बा,** कुनै बेला राजनीतिक क्षेत्रको एउटा चर्चित नाम । पहिलोचोटि आधा आकाश मानिने 'महिला' तर्फबाट उपसभामुखको उचाइमा पुगेकी हुन् उनी । यति बेला भने ज्यादै चाखलाग्दो र महत्त्वपूर्ण भईकन पनि मान्छेले नपढेको, कुनामा थन्किएको पुस्तकजस्तै भएको छ- उनको कथा ।

राजनीतिमा वा बौद्धिक उचाइमा अझै पनि खोइ त महिलाको समान सहभागिता ? यो प्रश्न अझै जारी छ । तर, यसको दोष भने महिला स्वयंले नै बोक्नुपरेको छ, 'महिलामा स्तर नै हुँदैन, उनीहरूले पद सम्हाल्नै सक्तैनन्...' आदि आदि । तर, उचाइमा पुगेका र पुग्न सक्नेहरूकै पनि उचित मूल्यांकन भएको छैन र नयाँ स्थानमा महिलालाई अवसर दिने, प्रोत्साहित गर्ने काममा पनि सम्बन्धित ठाउँ अझै चुपचाप नै देखिन्छन् । कुनै बेला ज्यादै चर्चित र लोकप्रिय भइसकेका नामहरू हराउँदा पनि किन, के कारणले हराए आदिबारे खोज्ने र पुनःस्थापना गर्नेमा सम्बन्धित निकायमा कुनै चासो देखिदैन, अझ कति ठाउँमा त महिला अगाडि बढ्लान् र पुरुषले जमाइराखेको ठाउँ कब्जा गर्लान् भन्ने डरसमेत देखिन्छ ।

५८ वर्षअगाडि सुब्बा परिवारमा जन्मेकी लीलाले २०२८ सालमा धरानका ध्रुवलाल श्रेष्ठसँग प्रेम गरी अन्तरजातीय विवाह गरिन् । उनको चेतना, साहस, प्रतिभा र सक्रियता आदि कारणले नै उनी एकताका ज्यादै चम्किन् पनि । २०५५ सालमा महिलाको तर्फबाट प्रथम उपसभामुख बनिन् ।

अवसर मात्र पाउनुपर्छ, नारीमा लुकेको प्रतिभा र क्षमता आफैं प्रस्फुटन हुन्छ- लीला राजनीतिक उचाइमा पुग्नु र सफल हुनु, ज्वलन्त उदाहरण हो । उनी राजनीतिमा चम्किनुअगाडि नै उनमा बौद्धिक र साहित्यिक प्रतिभा प्रसस्त थियो । २०४६ साल पछाडि 'फोकल्यान्ड' कथा संग्रह प्रकाशित गरेर आफ्नो बौद्धिक परिचय दिइसकेकी थिइन् उनले । त्योभन्दा अगाडि २०४४/४५ सालतिर रघु पन्तको 'झिसमिसे'मा 'दुई किनारा' शीर्षकको एउटा कथा पढ्न भ्याएकी थिएँ उनको । म विदेशमा थिएँ त्यति बेला, टाढाबाट एउटा महिला स्रष्टाको सुन्दर र स्तरीय नेपाली कथा पढ्न पाउँदा ज्यादै खुसी लागेको थियो । उनलाई नचिन्दै मनमा एउटा ठूलो आशा पनि जन्मेको थियो- 'हामीसँग पनि उच्च बौद्धिक स्तर र सीप भएका महिला स्रष्टाहरू छन्' भनेर । पछि, देश फर्केपछि लीलासँगको प्रत्यक्ष भेटघाटमा उनकै कथा संग्रह- 'फोकल्यान्ड' हात पर्‍यो । कथाहरू निकै राम्रा थिए ।

२०५५ सालमा उनी उपसभामुख भएपछि प्रमुख अतिथि बनाएको एउटा औपचारिक कार्यक्रममा भेट हुँदा उनको एकै छिनको मात्र भाषण सुन्दा पनि म साँच्चै प्रभावित भएकी थिएँ र मेरो पूर्व अनुमानित आशा सफल भएकोमा खुसी थपिएको थियो- उनको बोल्ने शैली, बोलाइको दम अनि उनका साहित्य र कलाप्रतिको अनुभवले । तर, लामो समय नहुँदै नै उनी राजनीतिक मञ्चबाट हराइन्, त्यसपछि कहाँ पुगिन्, के के गरिन् केही अत्तोपत्तो नै भएन, लेखनबाट पनि उनी कतैबाट झुल्केको थाहा भएन । 'बुधवार' साप्ताहिकमा धारावाहिक लेख्दै गरेका यात्रा संस्मरण पनि एकाएक बन्द भए ।

राजनीतिक स्थान र पदको कहाँ स्थायित्व हुन्छ र ? तर उनका अन्य पक्षहरूको पनि चर्चा हुन छोड्दा चित्त दुख्यो । हुन त मान्छे सदा एकनासले सक्रिय रहन सक्तैन, सदा जवान र बलियो पनि भइरहँदैन । अझ महिला पात्रहरूको कुरा गर्ने हो भने एकताका चम्किलो बत्ती भई बल्नेहरू पनि कुनै बेला फेरि धमिलो हुन पुग्छन्- घरकै कारणले गर्दा बालबच्चा हुर्काउनु बढाउनुदेखि आफ्नै पति र परिवारको सेवाजस्ता कुराले जस्तै प्रतिभाशाली नारी पनि घरभित्रै अँध्यारो कुनामा हराउन सक्छन् । तर, घरमा सुरुदेखि नै प्रगतिशील वातावरण भएकाले घरकै कारणले आफ्नो प्रतिभा र क्षमतालाई थुनेर बस्नु परेन उनले, बरु सहयोग नै पाएको आफैं स्विकार्छिन् ।

उनी हराएको निकै समयपछि एक्कासि मैले सुनैं- उनी त निकै बिरामी भएर काठमाडौं मोडेल अस्पतालमा लामो समयदेखि भर्ना भएकी छन् । सुन्नासाथ जाऊँ र भेटूँ जस्तो लाग्यो । विना कुनै औपचारिक खबर र उपहारमा म उनको शय्याछेउ उभिन पुगैं । मलाई देख्दा उनी अलिकति छक्क परिन्, सायद उनले कहिल्यै मेरो उपस्थितिको आशा गरेकी थिइनन् । पुरानो साथी, सहपाठी र सहयात्री केही पनि थिइनन् उनी । बिरामी भेट्न गएको मान्छे म सुरुमा त के कुरा गरूँ गरूँ भयो । बिरामीको मनोबल उठ्ने विषयबाटै कुराकानी सुरु भएछ- उनले समाजलाई दिएको योगदानबारे कुराकानी भयो ।

कुराकानीका सिलसिलामा उनको बिरामी अनुहार उज्यालो हुने गरेर हाँसिन् । उनी हाँसेको देखेर सँगसँगै बस्ने नर्सहरूले भने, 'आज त हाँस्नु भयो नि । अचम्मै भो !'

'किन र अरू बेला हाँस्नु हुन्न र ?' मैले भनें ।

यसको जवाफमा लीलाले नै दुइटा महत्त्वपूर्ण कुरा मसँग भनिन्- 'मान्छे हाँस्छु भन्दैमा पाउँछ र ? हाँस्नलाई साथी चाहिन्छ, रुनलाई आँसु !'

एउटा छोटो र सुन्दर कविताजस्तै लाग्ने उनका कुरा ! उनले आफ्नो अवस्थाबारे बल्ल पूर्ण जानकारी दिइन्- '...म यो हालतमा छु, यस्तो बेला मसँग कसरी साथी हुन्छ ? कसैलाई केही गर्न सक्तिनँ । अर्को कुरा मेरो रोगकै कारणले गर्दा मुखमा थुक पनि आउँदैन, आँखामा आँसु पनि ।' ज्यादै मार्मिक कुरा सुन्न पुगेछु !

लामो समयको अन्तरालपछि पूर्वाञ्चलमा ज्येष्ठ नागरिकहरूको देशदर्शन यात्रामा म पनि छु भन्ने थाहा पाएर बिरामी शरीर लिएरै निकै बेरसम्म धर्मशालामा पर्खिछिन् उनी । मैले सोच्नै नभ्याएको त्यहाँ भेट हुन्छ भनेर, जब भेट्छौं निकट मित्रका रुपमा अँगालोमा बाँध्छौं हामी । समय ज्यादै छोटो तर कुरा धेरै, कम शब्दमा भलाकुसारी सिध्याउँदै एकै छिनमा बिदा हुन्छौं ।

पछिल्लो धरान यात्रामा भने म आफैं भेट्छु उनलाई । लीलाले आफ्नो कोठामा मलाई स्वागत गर्न बस्दा अझै पनि बिरामी खेपिएको अनुहार - फूलदानीमा पानी नपुगेर खुम्चिन खोज्दै गरेको फुलझैं देख्छु । कोठामा एक्लै, साथमा हिसी परेको राम्रो बुट्टाको एउटा कुकुर उनको वरिपरि पुच्छर हल्लाउँदै गरेको देख्छु । उनको स्वास्थ्यबारे कुरा गर्नुअगाडि नै मेरो मुखबाट बोली निस्कन्छ - कस्तो राम्रो कुकुर यो ।

'यसलाई त मेहन्दी लाइदिएको नि ! मेरो एकदम मनपर्ने साथी हो नि यो ! मलाई साह्रै माया गर्छ यसले ... ।' हाँस्न खोज्दै भन्छिन् ।

'साथी त गजबकै पाइछन् साथीले ...' मनमनै भन्छु ।

'हेर्नुस् न मन राख्नलाई यसले साथ दिएको छ मलाई । नत्र के गरेर बस्ने ? दिक्क लाग्छ आफ्नै जीवनसँग - यस्तो रोगी छु म ! आर्थिक हालत पनि राम्रो छैन । औषधीमा धेरै खर्च हुन्छ ।'

तत्कालै अर्को एकजना विद्वान् र आफ्नो रोग कहिल्यै निको नहुने भन्ने थाहा पाएर आफ्नो जीवनको अनुभव र आफूले पाएको आत्मज्ञानलाई अरूका मनोबल उठाउन, जीवनका सत्य कुरालाई कवितामा उतारेर 'ताओ अफ हिलिङ' लेख्ने कवि हावेन ट्रिभेनोलाई सम्झिन पुग्छु । उनको बारेमा आफूले पढेको र थाहा भएको कुरा बताउन चाहन्छु ।

'...तपाईं पनि एकजना अनुभव र प्रतिभाको धनी मान्छे, रोग सम्झेर दिक्क भएर बस्नुभन्दा सकेको बेलामा प्रतिभाले पनि निकास पाउन् र अन्य पाठकहरू पनि लाभान्वित होऊन् - जति सकिन्छ त्यति लेख्नुस् न, तपाईंका संवेदनशील अनुभूतिहरू...!'

मेरो कुराले उनी पुनः हाँस्छिन्, यतिबेला उनको अनुहार बिस्तारै फक्रिँदै गरेको फूल जस्तै उज्यालो देख्छु, अनुहारभरि नयाँ आभा छरिएको देख्छु । उनको आभा मेरो मनमा पुगेर आशामा परिणत हुन्छ, अब त लेख्न थाल्छिन् कि ...!

'...हुन्छ म कोसिस गर्छु, तर छापिदिने, कहाँ कहाँ पठाउने त्यो जिम्माचाहिँ तपाईंको है त !' मलाई खुसी लाग्छ, भेटघाट सार्थक भयो !

भरखरै उनको स्वास्थ्यबारे प्रगतिको खबर सुन्छु टेलिफोनमा उनकै मुखबाट नयाँ प्राकृतिक वातावरणमा वरिपरि फूल र बिरुवाहरूको बीचमा नयाँ ढंगले बाँच्ने कोसिसमा रहिछन् । आशा छ- उनका नयाँ र पुराना अनुभवहरूले अब निकास पाउनेछ ! ■

# आठबुँदे घोषणा र युद्धका युगमायाहरू

**युगमाया र उनीजस्तै हजारौं पीडितको पीडा सात राजनीतिक दल तथा विद्रोही माओवादीका शीर्षस्थ नेताले महसुस गरेका रहेनछन् भन्ने उदाहरण बनेको छ, आठबुँदे घोषणा। साँच्चिकै सात राजनीतिक दल र विद्रोही माओवादीका शीर्षस्थ नेताहरू अलिकति दूरदर्शी र जनताका दुःख र पीडामा संवेदनशील हुने खालका नेता भएका भए एउटा बुँदा पीडितहरूका पक्षमा पनि हुन्थ्यो। उक्त बुँदामा जनयुद्धमा मारिएका १३ हजार नागरिक, बेपत्ता भएका तथा घाइते भएका हजारौंका पीडालाई सम्बोधन गरिएको हुन्थ्यो। तर, अपशोच त्यो भएन।**

■ **अञ्जु क्षेत्री**

**'मलाई टिभीमा** नेताहरू बोलेको हाँसेको देखेपछि टिभी नै फुटाइदिऊँ जस्तो लाग्छ', युगमाया दाहाल भन्छिन्। युगमायाका पति कमल दाहाल प्रभात माध्यमिक विद्यालय वनकटुवा, बाँकेमा स्थायी शिक्षक थिए। २०५८ पुस १७ गते सुरक्षाकर्मीले स्कुलबाटै उनलाई गिरफ्तार गऱ्यो। सशस्त्र विद्रोही माओवादीमा लागेका भाइको विषयमा सोधपुछ गर्न भनी कमललाई गिरफ्तार गरिएको थियो। त्यसै दिन बेलुकी चिसापानी ब्यारेकमा सुरक्षाकर्मीले गोली हानी उनको हत्या गऱ्यो। युगमायालाई पतिको लास दिइएन। ३६ वर्षीया युगमायाका चार छोराछोरी छन्। द्वन्द्वपीडित महिलाहरूका निम्ति चलेको परियोजनाअन्तर्गत साथी संस्थाबाट उनले पशुपालन र लघु व्यवसायको तालिम लिइन्। तालिमपछि संस्थाबाट नै प्राप्त १५ हजार रुपैयाँ ऋणबाट उनले भैंसी पालेकी छन्। तर, दूध बेचेर घर खर्च धान्न उनलाई निकै गाह्रो भएको छ। आयको अन्य स्रोत उनीसँग छैन। 'सर हुँदा हाम्रो जीवन राम्रो चलिरहेको थियो। विज्ञानको शिक्षक हुनुहुन्थ्यो, ट्युसन गर्नुहुन्थ्यो। आम्दानी राम्रै थियो। तर, उहाँको हत्यापछि सबै लथालिंग भयो', युगमाया भन्छिन्, 'उहाँले जोडिदिएका कपडा नै अहिलेसम्म लगाइरहेकी छु। खाना पुऱ्याउन त गाह्रो, कपडा किन्न त झन् टाढाको कुरा भइगयो।'

दस वर्षको जनयुद्धले पति गुमाएका लगभग ५ हजार (अनुमानित तथ्यांक) युगमायाहरूको मनमा कहिले नबिर्सने घाउ लगाएको छ। निर्दोष प्रियजन गुमाएको पीडा मनमा एकातिर छ भने अर्कोतिर जीवन गुजारा गर्न र आफ्ना बच्चाहरूको शिक्षादीक्षाका निम्ति गर्नु परेको संघर्षले युगमायाहरूलाई थिल्थिलो बनाएको छ। तैपनि उनीहरूको आँगनमा पुग्ने पाहुनालाई अनुहारमा हाँसोसहित स्वागत गर्छन् र चियापानी सोध्छन्। आँखामा भरिएको आँसु रोक्न खोज्छन् तर आँसु किन मान्थ्यो र ऊ पनि आफ्नो अर्थ छ भनेर छचल्किएर बाहिर आइदिन्छ। मन जलिरहेको भए पनि युगमायाहरू आफूले भोगेका पीडा विस्तारपूर्वक सुनाउँछन्। पीडा खोतल्न र त्यसलाई दस्तावेजमा समेट्न उनीहरूमाझ पुगेकाहरूलाई उनीहरू निरास फर्काउँदैनन्। आफ्ना पीडा सुनाउँदै अधिकांश युगमायाहरूको मुखबाट निस्कन्छ, 'सोधखोज गर्न आउनेसँग बोल्ने भनेको आफूभित्र रहेको रिस फ्याल्ने मात्र हो, किनकि हाम्रो काम भन्ने र रुनेमा मात्र सीमित भएको छ।'

जनयुद्धले थोपरेको हत्या हिंसा र राजा ज्ञानेन्द्रको मनमानी शाही शासनबाट वाक्क भएका नेपालीले सात राजनीतिक दल तथा विद्रोही माओवादीको ऐक्यबद्धतामा भएको दोस्रो जनआन्दोलनलाई ऐतिहासिक बनाएका थिए। धेरै-धेरै युगमायाहरू पनि आफ्नो मनको घाउ बिर्सिएर जनआन्दोलनमा सहभागी थिए। जनआन्दोलनको दबाबले राजा ज्ञानेन्द्र जनताको अधिकार फर्काउन बाध्य भए। राजाको घोषणाले प्रतिनिधिसभा पुनःस्थापन गऱ्यो। पछि प्रतिनिधिसभाले जेठ ४ गते ऐतिहासिक घोषणा गऱ्यो। क्रमशः प्रतिनिधिसभाले लोकतन्त्र तथा महिलाहरूको पक्षमा युगान्तकारी र ऐतिहासिक फैसला गर्दै आयो। यसै क्रममा युद्धरत दुवै पक्ष माओवादी र राज्यले शान्तिवार्ता सफल बनाउन पच्चीसबुँदे आचारसंहिता बनाए। लामो समयदेखि सबैले पर्खिरहेको शीर्षस्थ नेताहरूको बैठक पनि असार २ गते प्रधानमन्त्री निवास बालुवाटारमा बस्यो। बैठकले प्रतिस्पर्धात्मक बहुदलीय शासन प्रणाली, नागरिक स्वतन्त्रता, मानवअधिकार, मौलिक अधिकार, प्रेस स्वतन्त्रता, हतियार व्यवस्थापन, संविधानसभा निर्वाचन, अन्तरिम संविधान लगायतका महत्त्वपूर्ण आठबुँदे सहमति गऱ्यो।

कस्तो विडम्बना, मुलुकमा त्यतिका महत्त्वपूर्ण निर्णयहरू भइरहँदा सात राजनीतिक दल तथा विद्रोही माओवादी दुवै पक्षले दस वर्षको जनयुद्धको दौरानमा मारिएका लगभग तेह्र हजार नागरिक तथा घाइते तथा विस्थापित हजारौं नागरिकको विषयमा केही बोल्नुपर्छ भन्ने जरुरत पनि महसुस गरेन। यो एउटा ठूलो राजनीतिक भूल हो। युगमायाले सात दल र माओवादीबीच भएको आठबुँदे घोषणाको खबर टिभीमा हेरिन् होला र उक्त समाचार हेरेर उनको मन अवश्य चहऱ्यायो होला। एक साधारण गृहिणी भएकीले सार्वजनिक प्रतिक्रिया दिने मञ्च र आवाज उनीसँग छैन। उनले आफ्नो कोठामै सरकार तथा विद्रोही माओवादीप्रति आक्रोश र पीडा पोखिन् होला। युगमाया र उनीजस्तै हजारौं पीडितको पीडा सात राजनीतिक दल तथा विद्रोही माओवादीका शीर्षस्थ नेताले महसुस गरेका रहेनछन् भन्ने उदाहरण बनेको छ, आठबुँदे घोषणा। साँच्चिकै सात राजनीतिक दल र विद्रोही माओवादीका शीर्षस्थ नेताहरू अलिकति दूरदर्शी र जनताका दुःख र पीडामा संवेदनशील हुने खालका नेता भएका भए एउटा बुँदा पीडितहरूका पक्षमा पनि हुन्थ्यो। उक्त बुँदामा जनयुद्धमा मारिएका १३ हजार नागरिक, बेपत्ता भएका तथा घाइते भएका हजारौंका पीडालाई सम्बोधन गरिएको हुन्थ्यो। तर, अपशोच त्यो भएन। राज्य र विद्रोही माओवादी दुवै पक्षले युगमायाहरूलाई पीडा दिएका थिए। यसको निम्ति क्षमायाचना गर्दै सात दल र विद्रोही माओवादीले जनयुद्धमा मृत्यु भएकाहरूलाई राष्ट्रिय सम्मानको भाषा बोल्नु पर्थ्यो, जसले धेरै युगमाया तथा तिनका छोरीछोराहरूको चहऱ्याएको मनले थोरै भए पनि सात्वना महसुस गर्न पाउने थियो।

हुनत राष्ट्रिय सम्मानले मात्र युगमायाहरूलाई न्यायको अनुभूति गराउन सकिँदैन। उनीहरूलाई न्याय दिलाउन कस्तो प्रकृतिको छानबिन आयोग बन्छ ? छानबिनपछि आएको नतिजालाई राज्यले कस्तो निर्णय गरी त्यसको राजनीतिक निकास दिन्छ ? त्यो बेग्लै कुरा हो। तर, अहिले सरकार तथा विद्रोही माओवादीले जनयुद्धमा मारिएका तेह्र हजार नागरिक तथा तिनका परिवारको अपमान र अन्याय गरेको छ। नेपालका डाँडापाखा, गाउँका कुनाकन्दरा तथा सहरका भीडमा संघर्ष गरिरहेका विधवाहरू, तिनका साना छोराछोरीहरू, आमा तथा परिवारका सदस्यहरूले केन्द्रीयस्तरमा भएको हरेक निर्णय र छलफल नियालेर हेरिरहेका छन्। राज्यसंरचनाको सबै निकायमा सरकारले ३३ प्रतिशत महिलालाई समावेश गरिने मुद्दालाई सरकारले गरेको बेवास्ताप्रति असन्तुष्टि जनाउँदै सडकमा सकारात्मक संघर्षरत महिलाहरू धेरै युगमायाहरूको आवाज पनि बनिदिनुपर्छ। किनकि धेरै युगमायाहरूको पीडामा टेकेर मुलुक अहिले पुनर्संरचनाको बाटोमा अगाडि बढिरहेको छ। माओवादीका नेताहरूको दबाबमा हतार-हतार राजनीतिक निर्णयमा मात्र आफूलाई केन्द्रित गर्ने सरकारको कार्यशैलीबाट पीडितहरूमा सरकारले आफूहरूलाई बेवास्ता र अपमान गरिरहेको छ भन्ने लाग्न थाल्यो भने समाजमा धेरै युगमाया र तिनका छोराछोरीमा राष्ट्रियस्तरका शीर्षस्थ नेताहरूप्रति घृणाको भावना बढ्दै जान्छ। मुलुक शान्ति प्रक्रियाको दिशामा अगाडि बढिरहेको अवस्थामा विशेष गरी शीर्षस्थ नेताहरूको कार्यशैलीप्रति घृणाको बीजारोपण हुनु दुर्भाग्यपूर्ण विषय हो। यस्तो कुरामा सात राजनीतिक दल तथा विद्रोही माओवादीका शीर्षस्थ नेताहरूले बेलैमा विचार पुऱ्याऊन्। ■

# रायमाझी आयोगद्वारा वयान सुरु

**जनआन्दोलन दबाउन** सत्ता र शक्तिको दुरुपयोग भएकोबारे छानबिन गर्न गठित उच्चस्तरीय जाँचबुझ आयोगले शाही सरकारका मन्त्रीहरूको वयान लिने क्रम सुरु गरेको छ। लामो समयको कछुवा चालपछि आयोगले असार १३ गतेदेखि सुरु गरेको वयानको क्रम राजनीतिक नेतृत्व, सुरक्षा अधिकारी हुँदै निजामती कर्मचारीको तहसम्म पुग्नेछ।

जिम्मेवारीको अनुपातमा कार्यक्षमता र कार्यकुशलताका हिसाबले कमजोर सदस्यहरूको बाहुल्य रहेको आयोगले पहिलो दिन तत्कालीन उपाध्यक्ष तुलसी गिरी, मन्त्री बद्रीप्रसाद मण्डल र सहायक मन्त्री निक्षशमसेर राणासँग वयान लिएको छ। वयानमा आयोगका सदस्यहरू स्वयं खटिएका थिए।

सर्वोच्च अदालतका पूर्व न्यायाधीश कृष्णजंग रायमाझी अध्यक्ष रहेको आयोगले देश दौडाहा सकी वयानको क्रम सुरु गरेको हो। आन्दोलनविरुद्ध अत्यधिक बल प्रयोग गरी आन्दोलनकारीले सहादत प्राप्त गरेको चितवन, कास्की, काभ्रेपलाञ्चोकलगायत स्थानमा आयोगले थप जाँचबुझ गर्ने जनाइएको छ।

पहिलो दिन आयोगको कठघरामा उभिएका पूर्वमन्त्रीहरूले छानबिनको सिलसिलालाई सामान्य रूपमा लिएको बताएका छन्। पूर्व उपाध्यक्ष गिरीले आयोग परिसरमा संवाददाताहरूसँग कुरा गर्दै कुनै पनि सरकारले हिंसा नचाहने भए पनि शान्ति सुरक्षा कायम अलि अलि तलमाथि हुने बताए। '२१ जनाको ज्यान गएकोमा मलाई पनि दुःख लागेको छ', उनले भने।


तेजबहादुर बस्नेत

पूर्व सहायक मन्त्री निक्षशमशेर राणाले आन्दोलन दबाउने अभियानमा आफ्नो कुनै संलग्नता नभएको बताएका छन्। 'जनआन्दोन दबाउन मेरो कुनै हात छैन', राणाले भने, 'म त सहायक मन्त्री मात्र हुँ, त्यो पनि स्वास्थ्य।' आफू अहिले पनि राजावादी भएको खुलासा गर्दै राणाले प्रजातान्त्रिक व्यवस्थामा जसको पनि समर्थन वा विरोध गर्न पाइने बताए। उनले आफूलाई राजनीतिक पूर्वाग्रह राखेर बयानमा बोलाइएको जिकीर पनि गरे। पूर्व कृषिमन्त्री बद्रीप्रसाद मण्डलले आयोगले सबैलाई बोलाएकाले स्वभाविक रूपमा लिएको बताए।

# भारतीय भूमिकाको खोजी

**भुटानी शरणार्थी** मामलामा प्रारम्भदेखि नै तटस्थताको नीति लिएर पन्छँदै आएको भारतमाथि दबाब पर्ने संकेत देखिएका छन्। भुटानी शरणार्थीहरूले विश्वभरि आफू भुटानबाट खेदिएको र त्यसमा भारतको प्रत्यक्ष भूमिका थियो भनेर प्रचार तीव्र पारेको स्थितिमा सार्कस्तरीय एक प्रभावशाली गैरसरकारी संस्थाले शरणार्थी मामलामा भारतले भूमिका खेल्नुपर्ने धारणाको वकालत गर्ने भएको छ।

चौध वर्षदेखि पूर्वी नेपालमा शरणार्थी जीवन बिताउँदै आएका एक लाखभन्दा बढी शरणार्थीको पीडालाई सार्कस्तरीय साउथ एसियन ह्युमन राइट्स (एसएएचआर) भन्ने संस्थाले महत्त्वका साथ उठाउने भएको छ। उक्त संस्थाको नेपाल च्याप्टरको अध्यक्ष नागरिक समाजका अगुवा डा. देवेन्द्रराज पाण्डे छन् भने भारतीय च्याप्टरका अध्यक्ष पूर्व प्रधानमन्त्री इन्द्रकुमार गुजराल। एसएएचआरले भुटानी मामलालाई अघि बढाएको अवस्थामा भारत कम्तीमा भुटानी मामलाबारे मौनता साधेर बस्न नसकेर बरु 'सुन्नुपर्ने' स्थितिमा पुग्नेछ।

शरणार्थी नेता टेकनाथ रिजालले शरणार्थी समस्यामा भारतको भूमिका भएको कुरा महत्त्वका साथ उठाउँदै भुटानी राजाले भारतलाई गलत तस्वीर प्रस्तुत गरिरहेको आरोप लगाउँदै आएका छन्।



# राजदूत फर्कन थाले

**लोकतन्त्र स्थापनापछि** फिर्ता बोलाइएका १४ मुलुकका राजदूत स्वदेश आउने क्रम सुरु भएको छ। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको भ्रमणअघि भारतका राजदूत कर्णध्वज अधिकारीबाट सुरु भएको फिर्ती हुने क्रम असार अन्त्यसम्म जारी रहने बताइएको छ। स्वास्थ्योपचारका लागि प्रधानमन्त्री कोइराला जेठ ३ गते बैंकक प्रस्थान गर्नुअघि त्यहाँका राजदूत पूर्व जर्नेल ताराबहादुर थापा फर्केका थिए भने । अमेरिकाका राजदूत केदारभक्त श्रेष्ठ पनि यसै साता नेपाल फर्केका छन्।

'करियर'बाट बंगलादेशका राजदूत बनेका भगीरथ बस्नेत र साउदी अरबका मधुवन पौडेल पनि परराष्ट्र मन्त्रालय फर्कने क्रममा छन्। स्रोतका अनुसार पौडेलले शिष्टाचार महापाल र बस्नेतले तत्कालै कायम मुकायम सचिवको जिम्मेवारी पाउनेछन्।

वैशाख तेस्रो साता सरकारले १२ देशका राजदूतलाई फिर्ता बोलाउने निर्णय गरेको थियो। राजनीतिक नियुक्तिका आधारमा राजदूत बनेका सबै कुटनीतिज्ञ फिर्ता हुनेमा परेका छन्।

फिर्ता हुने क्रमसँगै नयाँ राजदूतको नियुक्तिबारे शीतलनिवासले गृहकार्य सुरु गरेको छ।

सात दलको मिलिजुली सरकार भएकाले दलहरूले आफू समर्थक व्यक्तिहरूको समेत नामावली संकलनको काम थालेका छन्। राजनीतिक नियुक्ति गरिने एक दर्जन हाराहारी संख्याको राजदूतमा भागबन्डाको हिसाब-किताब जटिल देखिएको छ। एमालेका केही नेताहरूले राजदूतमा अरू दलले भाग खोज्नु जायज नभएको तर्क गर्ने गरेका छन्। गृह, अर्थ, संचार जस्ता महत्वपूर्ण मन्त्रालयका नियुक्ति, सरुवा, बढुवामा एमालेले भाग नखोजेको हुनाले परराष्ट्र मन्त्रालयमा कार्यक्षेत्रमा समेत स्वतन्त्रता पाउनुपर्ने उनीहरूको तर्क छ।

तर, अन्तरिम विधानको गृहकार्य सुरु भइसकेको र माओवादीसहितको अन्तरिम सरकार बन्ने निश्चित भइसकेको अवस्थामा अहिले राजदूत नियुक्ति असान्दर्भिक हुने धारणा स्वतन्त्र व्यक्तिहरूको छ। माओवादी मूलधारमा आएपछि उनीहरूको समेत सहमतिमा कुटनीतिज्ञको नियुक्ति गर्नु बुद्धिमत्तापूर्ण हुनेमा धेरै सहमत छन्।

राजदूत नियुक्त गर्दा शासकीय व्यवस्थाबारे जानकार, प्रस्तुति कला, स्वच्छता र लोकतन्त्रप्रतिको निष्ठालाई आधारभूत योग्यता मान्नुपर्ने परराष्ट्रभित्रका अधिकारीहरू बताउँछन्। करियर र गैरकरियर 'डिप्लोम्याट'को संख्याको बाँडफाँडमा निश्चित मापदण्ड अपनाउनुपर्ने आवाजसमेत उठेको छ। ■

# बैंक अफ काठमाडौंको ज्येष्ठ लगानी खाता

**बैंक अफ काठमाडौंले** ५५ वर्ष उमेर नाघेका र अवकाशप्राप्त व्यक्तिको आम्दानी सुरक्षित गराउने लक्ष्यका साथ ज्येष्ठ लगानीकोष खाताको व्यवस्था गरेको छ। उमेर पुगेका व्यक्तिसँग भएको रकमलाई आकर्षक ब्याज दिने र आवश्यक पर्दा निश्चित रकम पनि झिक्न पाउने व्यवस्था मिलाइएको बैंकले जनाएको छ। यस योजनामा ५० हजारदेखि ५० लाखसम्मको खाता खोल्न सकिने बैंकले जनाएको छ। उक्त खातामा लगानी गर्नेले वार्षिक ४.९५ प्रतिशतका दरले ब्याज पाउनेछन्।

# यामाहाको नयाँ बाइक

**यामाहा ग्लाडिएटर–** यामाहा कम्पनीले पछिल्लोपटक निर्माण गरेको १२५ सिसीको ५ गियरवाला मोटरसाइकल 'फन बाइक' उपभोक्तामाझ आएको छ।

'फन बाइकमा हँकाइको विशिष्टता, अत्याधुनिक स्टाइल, सर्वोत्कृष्ट सन्तुलन र अतुलनीय सुविधाको अनुभूति' उपभोक्ताले गर्ने मोरङ अटोको विश्वास छ।

ग्लाडिएटरको इन्जिन अत्यन्त नवीनतम हो। यसमा आधुनिक प्रविधिका साथै ७,५०० आरपिएममा ११ पिएसको अत्यधिक शक्ति प्रदान गर्ने १२५ सिसीको एकल सिलिन्डर जडान गरिएको छ।

५ गियरहरूको सहज प्रक्रियाको कारण सहरी क्षेत्रको भीडयुक्त ट्राफिकमा र खुला राजमार्गहरूमा जहाँ पनि रोक्न र हाँक्न दुवै अवस्थामा समान सहजता पाइने दाबी कम्पनीको छ। 'यसको चार गियरले गति र पाँचौं गियरले मस्तीको प्रत्याभूति गर्ने' विज्ञप्तिमा भनिएको छ।

ग्लाडिएटर बाइक स्ट्यान्डर्ड र डिलक्स गरी दुई मोडलमा उपलब्ध छ। ग्लाडिएर स्ट्यान्डर्ड मोडलको मूल्य रु.१,११,९००/- र सेल्फ स्टार्ट साथै डिस्क ब्रेकयुक्त ग्लाडिएटर डिलक्सको मूल्य रु.१,२३,९००/- कायम गरिएको छ।

# सिटिजनको सोरुम

**विश्वप्रसिद्ध सिटिजन** घडीले काठमाडौंमा 'फर्स्ट सिटिजन' नामको नयाँ सोरुम स्थापना गरेको छ। काठमाडौंको व्यापारिक केन्द्र धर्मपथको व्यापारिक कम्प्लेक्स 'रत्न प्लाजा'को पहिलो तलामा यसको सोरुम छ।



नयाँ सोरुमबाट अत्याधुनिक प्रविधिद्वारा बनेको 'इको ड्राइभ' घडी धमाधम बिक्री भइरहेको सोरुम संचालक टाइम प्वाइन्टले जनाएको छ। इको ड्राइभ घडीहरूले कुनै पनि स्रोतबाट प्राप्त प्रकाशबाट चल्ने भएकोले ब्याट्रीको आवश्यकता पर्दैन।

जापानको प्रसिद्ध सिटिजन घडी नेपाली बजारमा लामो समयदेखि लोकप्रिय छ। टाइम प्वाइन्टका प्रबन्ध निर्देशक पवनकुमार अग्रवाल भन्छन्, 'सिटिजनको सोरुम संचालन भएबाट यसका पारखी ग्राहकलाई ढुक्क भएर सक्कली घडी प्रयोग गर्ने अवसर प्राप्त हुनेछ।'

# रोयल मर्चेन्टको सेयर वितरण

**रोयल मर्चेन्ट बैंकिङ** एन्ड फाइनान्स लिमिटेडले केही महिनाअघि निष्कासन गरेको सेयर वितरणको काम सम्पन्न भएको जनाएको छ। पाँच लाख कित्ता सेयरलाई कम्पनी र नेपाल धितोपत्र विनिमय बजार लिमिटेडबीच असार १२ गते सम्झौता भएको प्रेस विज्ञप्तिमा उल्लेख छ। विज्ञप्तिमा दैनिक प्रकाशनहरूमा सूचना प्रकाशित भएको सात दिनपछि संस्थाका सेयरहरू दोस्रो बजारमा खरिद बिक्री हुने बताइएको छ।

कम्पनीले सर्वसाधारणलाई बिक्रीका लागि खुला गरेभन्दा तीनगुणा सेयर माग भएको जनाएको छ।

असार दोस्रो सातासम्म कम्पनीको ४० करोड निक्षेप तथा ३ करोड ६३ लाख सापटी गरी ४४ करोड वित्तीय स्रोत रहेको कम्पनीको दाबी छ। कम्पनीले ३८ करोड ७८ लाख कर्जा लगानी र ६ करोड २८ लाख असुली गरेको र यस आर्थिक वर्षमा ७६ लाखभन्दा बढी मुनाफा गरेको जनाएको छ।

राष्ट्रबैंकले 'ग' वर्गमा वर्गीकरण गरेको यो वित्तीय संस्थाले आउँदो वर्षसम्म शाखा विस्तार गर्ने लक्ष्य राखेको छ। प्रबन्ध संचालक मधुवनलाल श्रेष्ठद्वारा जारी विज्ञप्तिमा भनिएको छ, 'वर्तमान प्रतिस्पर्धात्मक बजारलाई ध्यानमा दिँदै आगामी दिनहरूमा कर्जा तथा निक्षेपतर्फ नयाँ र आकर्षक योजना बजारमा ल्याउने र आधुनिक प्रविधिमार्फत आफ्ना ग्राहकलाई सेवा प्रदान गर्ने योजना रहेको छ।'

# विद्यालय बन्द गर्ने कि जोखिम लिने ?

**देउती प्राथमिक** विद्यालयका प्रधानाध्यापक देवीराम बडुवाल यतिखेर चिन्तित छन्, जीर्ण भवनमा चालू भइरहेको विद्यालय बन्द गर्ने या विद्यार्थीको ज्यानको जोखिम मोल्ने ? यस्तै समस्याले पिल्सिएका प्रधानाध्यापक बडुवाल कहिले सहयोगको लागि जिल्ला शिक्षा कार्यालय पुग्छन् त कहिले स्थानीय गाउँलेलाई विद्यालयको लागि लौन केही गरौं भन्छन् । त्यसो त विद्यालयमा पटक-पटक राजनीतिक कार्यक्रम गर्ने दलहरूसमक्ष पनि बडुवालले हात अघि नबढाएका होइनन् । तर, बडुवालले गरेका सबै प्रयास निरर्थक भएका छन् । जीर्ण देउती प्राथमिक विद्यालय कुनै पनि दिन भत्कन सक्छ ।


भत्कन लागेको विद्यालय भवनको आडमा बसेर पढ्दै बालबालिकाहरू

२०३२ सालमा निर्माण भएदेखि मर्मत सम्भार नहुँदा यति खेर विद्यालयको छाना भत्किसकेको छ भने भवन कुनै पनि बेला भत्कन सक्ने अवस्थामा छ । 'जीर्ण भवन भत्कन सक्ने प्रबल सम्भावना भए पनि मर्मत गर्न सकेका छैनौं', बडुवाल भन्छन्, 'विद्यार्थीको लागि विद्यालय एम्बुस जस्तो हुँदा पनि कसैले सहयोग गरेका छैनन् ।' दैलेख सदरमुकामदेखि एक दिन टाढा विशालामा रहेको यो प्राथमिक विद्यालयमा पहिलेदेखि कोठाको अभावमा एउटा कक्षा सधैं बाहिर राखेर पढाउनु पर्थ्यो । तर, अहिले आएर भवनको छत प्वाल परेकोले अन्य कक्षा पनि बाहिर राखेर पढाउनु परिरहेको छ । चर्को घाम लागेको दिन या पानी परेको दिनमा त विद्यालय बन्दै गर्नुपर्छ । 'चारकोठे भवनमा पाँचवटा कक्षा सञ्चालन गर्नुपर्दा एकखाले पीडा त छँदै थियो', बडुवाल भन्छन्, 'त्यसमा भवन जीर्ण भएपछि अन्य कक्षा कसरी सञ्चालन गर्ने भन्ने समस्या थपिएको छ ।' पोहर साल स्कुलको एकापट्टिको छत भत्कँदा गाउँलेहरूले जसोतसो श्रमदान गरेका थिए ।

'पूरै भवन नै जीर्ण भइसकेकाले गाउँलेहरू मर्मत गर्न मानिरहेका छैनन्', स्थानीय कम्फा दमाई भन्छन्, 'शिक्षा कार्यालयले पनि विद्यालयको यस्तो दुर्दशा हुँदा सहयोग गर्नुपर्ने हो ।' तर जिल्ला शिक्षा कार्यालयले जीर्ण विद्यालयलाई सहयोग गर्न त परै जाओस् विद्यालयको अवस्था कस्तो छ भन्नेसम्म जानकारी लिएको छैन । गत तीन वर्षदेखि राज्यको उपस्थिति पूरै शून्य रहेको यो विद्यालयमा केही दिनअघि जिल्ला शिक्षा कार्यालयका एक अधिकारीले निरीक्षण गरे पनि जीर्ण विद्यालय मर्मत गर्नेबारे कुनै चासो नराखेको शिक्षकहरू गुनासो गर्छन् ।

सहरी क्षेत्रमा सहयोग गरेको दाबी गर्ने गैरसरकारी संस्थाको समेत ध्यान विकट क्षेत्रमा पुग्न सकेको छैन । स्थानीय सत्ता आफ्नो पकडमा छ भन्ने माओवादीले पनि जीर्ण विद्यालयलाई मर्मत गर्नेतर्फ पहल नगरेको गुनासो शिक्षकहरू गर्छन् । तर, माओवादी भने विद्यालय जीर्ण छ भन्ने जान्दा जान्दै आर्थिक समस्याले केही गर्न नसकिएको बताउँछन् । 'विद्यार्थीहरूप्रतिको मानवीय संवेदना हुँदाहुँदै आर्थिक समस्याका कारण सहयोग गर्न सकेका छैनौं', माओवादी दैलेख जिल्ला कमिटी सदस्य सुशील भन्छन् ।

झन्डै तीन हजार जनसंख्या रहेको गैरीगाउँमा अवस्थित देउती प्राथमिक विद्यालयमा अध्ययनरत १ सय ५१ छात्रा र १ सय ८८ छात्रका अभिभावकलाई विद्यालयको यो अवस्थाबारे थाहा भए पनि आर्थिक विपन्नताका कारण उनीहरू विद्यालयलाई सहयोग गर्न सक्दैनन् ।

गैरीगाउँबाट अहिलेसम्म जम्मा पन्ध्रजना पुरुषले मात्र एसएलसी उत्तीर्ण गरेका छन् । अधिकांशले प्राथमिकस्तरको पढाइ पूरा गरेलगत्तै कामको खोजीमा भारत पस्ने चलन छ, यहाँ ।

■ **रुद्र खड्का/गैरीगाउँ, दैलेख** (तस्वीर पनि)


## रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज




**रेडियो खबर पत्रिका**

पत्रपत्रिकाको संगालो, विशेषज्ञहरूको प्रतिक्रिया र विश्लेषण, फिचर र रिपोर्ट, शेयर बजारको साप्ताहिक विश्लेषण, दैनिक हुने औपचारिक कार्यक्रमको जानकारी साथै चाडपर्व, जात्रा, दिवस, जन्मदिन र महत्त्वपूर्ण घटनाहरूको संगालो । हरेक विहान (६:००-७:१५)

**हालचाल**

ताजा खबर थाहा पाउन- **हालचाल**, विहान, ८:४५, ११:४५, अपरान्ह, २:४५, ४:४५, साँझ ६:४५ र राती ९:४५ बजे

**बिबिसी नेपाली सेवा**

हरेक दिन राती (८:४५-९:१५)

**हरेक विहान ५:०० देखि राती ११:०० बजेसम्म सूचना, शिक्षा र स्वस्थ मनोरञ्जनका लागि भरपर्दो साथी रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज**

**नेपाली रेडियो**
**नेपाली आवाज**

ठेगाना :
रेडियो सगरमाथा एफ. एम. १०२ थोप्लो ४ मेगाहर्ज
बखुण्डोल, ललितपुर
फोनः ५५२८०९१, ५५४२२४५, ५५४५६८०
पोष्ठ बक्स, ६९५८, काठमाडौं
ईमेल : info@radiosagarmatha.org

# गाउँ फर्केनन् गाविस कार्यालय

**सरकार र माओवादीबीच** शान्ति प्रक्रिया अघि बढिरहँदा पनि झापाका अधिकांश विस्थापित गाविस कार्यालय पुनःस्थापित हुन सकेका छैनन् ।

बिर्तामोडस्थित कृषिबजारको कार्यालय परिसरभित्र चारपाने, अनारमनी, सुरुंगा, चकचकी, शनिश्चरे, अर्जुनधारा, घैलाडुब्बा, डाँगीबारी र खुदुनाबारी गाविस कार्यालय छन् । केही दिनअघि सोही स्थानबाट गरामनी गाविस पुनःस्थापित गराउने क्रममा माओवादीले पुनः ताला लगाइदिएका छन् ।


सुरुंगा गाविस सचिव रामप्रसाद नेउपानेका अनुसार कतिपय अवस्थामा पहिलाका रेकर्ड नभएका कारण सर्जमिन बुझेर मात्र काम गर्न सकिने अवस्था विद्यमान छ ।

झापाका दक्षिणी गाविस टाँगनडुब्बा, हल्दीबारी, कुमरखोद, शरणामती, ज्यामिरगढी, बनियानी, पाठामारी, घेराबारी, केचना, पृथ्विनगर, बालुबाढी र पथरिया सदरमुकामस्थित जिल्ला विकास समितिको भवनमा सञ्चालन भइरहेका छन् । राजगढ, जलथल, महेशपुर, गोलधाप गाविसका कामहरू चन्द्रगढी गाविस भवनमा भइरहेको छ भने उत्तरी गाविसहरू शान्तिनगर, धाइजन, बाहुनडाँगी र बुधबारेले चारआलीस्थित एक भाडाको घरमा काम चलाइरहेका छन् । महेन्द्र राजमार्गअन्तर्गत कन्काई नदी पश्चिमका गाविस कार्यालयहरू दमक नगरपालिका क्षेत्रमा छन् ।

गाविस कार्यालयहरू विस्थापित भएपछि जनताको सामान्य आधारभूत कार्य पनि हुन कठिनाइ उब्जने गरेको छ । जन्म दर्ता, विवाह दर्ता तथा नागरिकता प्रमाण पत्रका लागि सिफारिस बनाउनेजस्ता जनसरोकारका काममा सर्वसाधारणले कष्ट भोगिरहेका छन् ।

■ उमाकान्त खनाल/झापा



# उमेरले नाबालक, जिम्मेवारी ठूलो

तेह्र वर्षीय नाबालकले एक महिनामा बाबु आमाकै काजकिरिया गर्नुपर्‍यो भने त्यो बालकलाई कति ठूलो पीडा हुन्छ होला ? सामान्यतया त्यो मानिसको सोचभन्दा टाढाको विषय हुन सक्छ ।

तर, दोलखा जिल्ला मालु गाविस-३ का १३ वर्षीय बालक राजन खड्काले अहिले यस्तै पीडा भोगिरहेका छन् ।

राजनका बाबु शिवबहादुर खड्काले श्रीमती देवीमाया खड्काको हत्या गरी आत्महत्या गरेपछि नाबालक राजन खड्का दोहोरो पीडा खप्न बाध्य छन् ।

गत जेठ २१ गते छिमेकीको घरमा पूजा हेर्न गएको निहुँमा शिवबहादुरले श्रीमतीलाई कुटेर हत्या गरेका थिए । श्रीमतीको हत्यापछि माओवादी हिरासतमा रहेका खड्काले असार ६ गते माओवादी हिरासतबाट भागेर ७ गते बिहान आफ्नै घरभन्दा केही टाढाको रूखमा झुन्डिएर आत्महत्या गरेका थिए ।

शिवबहादुरले श्रीमतीलाई कुटेर हत्या गरी जुन रूखमा झुन्डाएको थिए, उनले पनि त्यही रूखमा झुन्डिएर आत्महत्या गरेको मृतक खड्काका दाजु नारायणबहादुर खड्काले बताए ।

जेठ २१ गते बाबुले आमाको हत्या गरेपछि असार २ गते आमाको काजकिरिया सकेर बसेका १३ वर्षीय बालक राजन खड्काले बाबुले समेत झुन्डिएर आत्महत्या गरेपछि आमाको तेह्रदिने काम सकेर बसेको ५ दिनपछि पुनः बाबुको किरिया बस्नु परेको थियो ।



बाबुआमा दुवैको मृत्युपछि अहिले १३ वर्षीय राजन खड्का सँगै उनका भाइ १० वर्षीय राजीव खड्का र आठ वर्षीय सुजन खड्का तथा ४ वर्षीया अपांग बहिनी जमुना खड्काको समेत विचल्ली भएको छ ।

स्थानीय विद्यालयमा पियनको जागिरे भएका मृतक शिवबहादुर खड्काले दुःखसुख तीन छोरालाई पढाइरहेकोमा अहिले वृद्ध बाजेबज्यैसँग बस्दै आएका टुहुरा बालबालिकाको पढाइमा समेत समस्या हुने देखिएको छ ।

मृतक खड्काले समेत आत्महत्या गर्नुअघि लेखेको पत्रमा आफ्नो छोराछोरीलाई कसैले पनि हेला नगरिदिनु र छोराछोरीको पढाइमा सबैले सहयोग गरिदिनु भनेर उल्लेख गरेका छन् ।

उक्त पत्रमा श्रीमतीसँग आफ्नो झगडा परेको भए पनि आफूले श्रीमतीको हत्या नगरेको र माओवादी हिरासतमा रहँदा उनीहरूले धेरै यातना दिएकोले पनि आफूले भागेर आत्महत्या गर्नु परेको उल्लेख गरेका छन् ।

तर माओवादी डिसिएम विशालले भने मृतक खड्कालाई पार्टीको जनमिलिसियाको नियन्त्रणमा राखिएको भए पनि उनलाई त्यहाँ कुनै यातना नदिएको र उनले श्रीमती मारेको आत्मग्लानिको कारण आत्महत्या गरेको हुन सक्ने बताए ।

माओवादी डिसिएम विशालले पार्टीको नियन्त्रणमा हुँदा पर्याप्त सुरक्षा दिन नसकिएकाले मृतकले भागेर आत्महत्या गर्न सकेको स्विकार्दै उसलाई सुरक्षा दिने जनमिलिसियालाई निगरानीमा राखिएको र घटनाको पार्टी जिल्ला कमिटीले छानबिन गर्ने बताए ।

■ **चिरञ्जीवी मास्के/दोलखा**





# आर्जनको नयाँ बाटो

**सामुदायिक वन उपभोक्ता महासंघले बेलबाट पनि जुस निकालेर आय आर्जन गर्न सकिन्छ भन्ने बाटो देखाइदिएपछि रामेछापका तीनवटा गाविस चिसापानी, भटौली र पकर वासका १० वटा सामुदायिक वन उपभोक्ताले आय आर्जनको नयाँ बाटो फेला पारेको महसुस गरेका छन् अहिले ।**

**एक वर्ष अघिसम्म** रामेछापको सदरमुकाम मन्थलीको उत्तरी क्षेत्रको जंगलमा लटरम्म फलिरहने बेलको पनि सदुपयोग हुन सक्छ र तराईलाई माथ दिने यहाँको प्रचण्ड गर्मीको मौसममा यसको प्रयोग गर्न सकिन्छ भन्ने कमैले सोचेका थिए । त्यसमाथि पनि दलित र विपन्न परिवारका लागि आफ्नै लगानीमा नयाँ उद्योग बन्ला भन्नु सपना मात्र थियो । तर, एक वर्षदेखि उनीहरूको सपना साकार बनेको छ । जंगलमा जतातते फलिरहेको बेलले उनीहरूको जीवनशैली नै परिवर्तन गरेको महसुस गर्न थालेका छन् अहिले निम्न परिवारका सदस्यहरू ।

सामुदायिक वनका अध्यक्ष भरतप्रसाद भण्डारीले दौडधुप गरेपछि बेलको जुस उत्पादन प्रक्रियाले जीवन पाएको बताउँदै अहिले जुस उत्पादन कम्पनीका उत्पादक तथा व्यवस्थापक बोधकुमार रोका भन्छन्, 'कुनै बेला बारीमा रहेको बेलको रूख काटेर फाल्नेहरू अहिले जंगलमा रहेको बेलको रूख घरमै ल्याएर रोप्न सकिन्छ कि भन्नेतर्फ लागेका छन् ।'

सामुदायिक वन उपभोक्ता महासंघले बेलबाट पनि जुस निकालेर आय आर्जन गर्न सकिन्छ भन्ने बाटो देखाइदिएपछि रामेछापका तीनवटा गाविस चिसापानी, भटौली र पकर वासका १० वटा सामुदायिक वन उपभोक्ताले आय आर्जनको नयाँ बाटो फेला पारेको महसुस गरेका छन् अहिले ।

सामुदायिक वन उपभोक्ता महासंघले बेलको जुस बनाएर दलित र विपन्न परिवारका लागि सहयोग गर्न सकिन्छ भन्ने प्रस्ताव सारेपछि गत वर्षमात्र तामाकोशी फरेस्ट्र प्रोडक्सनको नामबाट रामेछापको मन्थलीबाट बेलको जुस उत्पादन गर्न थालिएको थियो । सुरुवात गरेको पहिलो वर्षमै झन्डै २५ सय बोतल बेलको जुस उत्पादन गरेपछि यसमा लागेका कामदारहरू पनि हौसिएका छन् ।

बिहान बेलुका हातमुख जोड्न मुस्किल पर्ने विपन्न र दलितहरू अहिले दिनभरि बेल संकलन गरेर बेलुका मन्थलीबाट चामल किनेर लग्छन् । त्यतिमात्र होइन यो कम्पनीमा उनहरूकै लगानी पनि सुरक्षित छ । ६० जना विपन्न वर्गका लागि भनेर एउटा स्थानीय संस्थाले पाँच हजारका दरले लगानी गरिदिएपछि गरिब र विपन्न परिवारका सदस्यहरूले काम मात्र पाएका छैनन्, उनीहरू मालिक समेत बन्ने अवसर पाएको दाबी गर्दै बोधकुमार भन्छन्, 'तीन महिना काम गरेबापत पैसा पनि पाइहाल्ने र उनीहरूको लगानी पनि सुरक्षित हुने भएकाले स्थानीयहरू हौसिएका छन् ।'

दसवटा सामुदायिक वनअन्तर्गत रहेका दुइटा गाविसका साठीजना विपन्न र दलित र सामुदायिक वन उपभोक्ता महासंघको जम्मा १० लाख लगानीबाट सुरु भएको यो लघु उद्योगका लागि अहिले जंगलमा खेर गइरहेको बेल संकलनका लागि दिनभरि जसो घरमै बसिरहने महिलाले समेत काम पाएका छन् । 'जंगलमा गएर पाँचसात किलोमात्र बेल ल्याउने हो भने पनि चालीसदेखि पचास रुपैयाँ कमाउन सकिन्छ', बेलुका बेल बेच्न मन्थली आइपुगेकी निरमाया तामाङ भन्छिन् ।

बेल फल्ने प्रमुख जिल्लाका रूपमा मानिएको रामेछापमा बेल खोज्न कुनै कठिनाइ हुँदैन । दिउसो दुई घन्टा मात्र जंगलतिर पस्ने हो भने पनि पाँचसात किलो बेल सजिलै संकलन गर्न सकिने बताउँछन् रोका । वैशाख, जेठ र असारका तीन महिना घरमा काम पनि खासै नहुने भएकाले बेल टिपेर बेच्दै जीवन गुजारा गर्नेहरूलाई सजिलो भएको उनको भनाइ छ ।

अन्य बेला ईँटाभट्टामा काम गर्दै आएका खेवलाल मानन्धर भन्छन्, 'दिनको दुई सयका दरले कमाइन्छ, दुई तीन महिनामात्र खट्नुपर्ने भएकाले फाइदाको काम छ । त्यसमाथि पनि आफ्नो भन्ने पाइने भएका कारण काम गर्न पनि जाँगर चल्छ ।' अहिले यो बेलको जुस उत्पादनमा मानन्धर जस्तै ७० जनाले आफ्नो पसिना यसमा लगाइरहेका छन् । ७० विपन्न परिवारले यो योजनाबाट फाइदा लगेको र यो उत्पादनलाई अझ व्यापक बनाउन लागको भन्दै बोधकुमार रोका भन्छन्, 'रामेछाप र चरिकोट बेलको जुस खपतको मुख्य बजार भए पनि काठमाडौं पनि यसको सम्भावित बजार हो ।' अहिले यो जुस काठमाडौंमा केही मात्रामा भित्रिने भए पनि दोलखा र चरिकोटमा नै बजार लग्ने गरेको छ ।

■ **ज्योति देवकोटा/रामेछाप** (तस्वीर पनि)

# अबको मुद्दा- बालबालिका

■ मनीष गौतम/काठमाडौं (तस्वीर : तेज बस्नेत)

आवाजविहीन अवस्थामा रहेका एचआइभी संक्रमित तथा प्रभावित बालबालिकाहरूलाई उपचार, सहयोग तथा पुनःस्थापनका लागि प्राथमिकतामा पारिने प्रतिबद्धता राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा उठेको छ। एक महिनाअघि न्युयोर्कमा भएको एचआइभी–एड्स सम्बन्धी संयुक्त राष्ट्रसंघीय महासभाले बालबालिका तथा महिलालाई प्राथमिकता पार्न राजनीतिक घोषणा गरेको छ। उक्त घोषणाको पालना संयुक्त राष्ट्रसंघीय सदस्यका हैसियतले नेपालले पनि गर्नुपर्छ।

एचआइभी संक्रमित बालबालिकाको उपचारमा पहुँचको सुनिश्चिता गर्ने तथा उनीहरूका उपचारका लागि कार्यक्रममा व्यापकता ल्याउन महासभाले सदस्य राष्ट्रहरूलाई आह्वान गरेको हो। 'संयुक्त राष्ट्रसंघको सदस्य भएका नाताले त्यस्तो घोषणा पालना गर्न नेपाल नैतिक रूपमा पनि बाध्य हुन्छ', स्वास्थ्य मन्त्रालय चिकित्सा समन्वय शाखाका निर्देशक डा. बालकृष्ण सुवेदी भन्छन्, 'यसै पनि महिला तथा बालबालिका संक्रमणको जोखिममा रहेकाले उनीहरूका लागि नीति तथा कार्यक्रम ल्याउनु पर्छ।'

यतिबेला राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्र एचआइभी–एड्स सम्बन्धी पाँचवर्षे (सन् २००७ देखि ११) रणनीति तयारीमा जुटेको छ। यस रणनीतिमा एचआइभी संक्रमणको जोखिममा रहेका महिला तथा बालबालिकाको सवाललाई प्राथमिकतामा पार्न एचआइभी संक्रमित तथा प्रभावित महिलाहरूले जोडदार रूपमा आवाज उठाइरहेका छन्। यसअघिको पाँचवर्षे रणनीतिले एचआइभी संक्रमणको जोखिममा महिला यौनकर्मीबाहेक गृहिणी तथा बालबालिकालाई स्पष्ट रुपमा किटान गरेको थिएन। पछिल्ला वर्षहरूमा विशेष गरी गृहिणी तथा बालबालिकाहरू एचआइभी संक्रमणको मारमा परेका छन्।

एचआइभी संक्रमित बालबालिकाका लागि आवश्यक औषधीको अभावका कारण उनीहरूको स्वास्थ्यको सुरक्षा नभएकोमा महासभाले जोडदार रुपमा उठाएको छ। 'एचआइभी संक्रमित तथा प्रभावित बालबालिकाले भोग्नु परेको जोखिमलाई प्राथमिकता पार्न सदस्य राष्ट्रले प्रतिवद्धता देखाउनु पर्छ', उक्त राजनीतिक घोषणामा भनिएको छ, 'उनीहरूलाई सहयोग तथा पुनःस्थापनाको आवश्यकता छ। त्यसैले संक्रमित तथा प्रभावित बालबालिकाको हक अधिकार सुरक्षित गर्न त्यसखाले नीति तर्जुमा गर्न र कार्यक्रम ल्याउन आवश्यक छ।'

संक्रमित आमाबाट जन्मिने बच्चामा एचआइभी सर्न नदिन सरकारले 'प्रिभेन्सन अफ मदर टु चाइल्ड ट्रिटमेन्ट – पिएमटुसिटी' कार्यक्रम थापाथलीस्थित प्रसूतिगृह अस्पतालमा सुरु गरे पनि यसले व्यापकता पाउन सकेको छैन। ग्रामीण भेग समेत संक्रमणको एचआइभी संक्रमणको चपेटामा परिसकेको अवस्थामा सरकारले यो सेवा विस्तार गर्नु पर्ने विशेषज्ञहरू जोड दिन्छन्। एक अध्ययनअनुसार बर्सेनि ९० हजार नेपाली महिला गर्भवती हुन्छन् र यीमध्ये एचआइभी संक्रमित महिलाको 'पिएमटुसिटी'मा पहुँच हुन सकेको छैन। गर्भावस्थामा रहेका एचआइभी संक्रमित महिलाहरूका लागि यसबारे जानकारी छैन भने कतिपयका लागि यो पहुँचविहीन अवस्थामा छ।

त्यसैगरी गैरसरकारी संघ–संस्थाले सञ्चालन गरेका पुनःस्थापना केन्द्रमा रहेका एचआइभी संक्रमित बालबालिकाले जीवन आयु लम्ब्याउने 'एआरभी' औषधी पाए पनि पहिचानविहीन अवस्थामा रहेका सयौं बालबालिका यसबाट वञ्चित छन्। बसाइसराइ अत्यधिक हुने मध्य तथा सुदूरपश्चिमी जिल्लामा संक्रमित आमाबाबुबाट एचआइभी सरेका बालबालिका थुप्रै छन्। तर, उनीहरूका लागि उपचार तथा सहयोग कार्यक्रम पुग्न सकेको छैन। 'समस्या रहेको थाहा हुँदाहुँदै पनि संक्रमित बालबालिकाको लागि कार्यक्रम लैजान सकिएको छैन', डा. सुवेदी भन्छन्, 'पहिले समस्याको पहिचान गर्नु आवश्यक छ।'

अहिलेसम्म नेपालले सुईको माध्यमबाट लागूपदार्थ प्रयोग गर्नेहरु, महिला यौनकर्मी तथा उनीहरूका ग्राहक, बसाइसराइ गर्ने पुरुषलाई एचआइभी संक्रमणको अत्यधिक जोखिम समूहमा राखेको थियो। 'संक्रमणको अत्यधिक जोखिम समूहको निर्धारण अब मुलुकको अवस्थाले निर्धारण गर्छ', महासभाको बैठकबाट फर्किएका राष्ट्रिय एड्स तथा यौनरोग नियन्त्रण केन्द्रका निर्देशक डा. श्यामसुन्दर मिश्र भन्छन्, 'त्यसैले यहाँको परिप्रेक्ष्यमा महिला तथा बालबालिका प्राथमिकतामा पर्ने निश्चित छ।'

युएनएड्सका अनुसार एचआइभी संक्रमित महिलाको संख्या १६ हजार छ। एचआइभी संक्रमित बालबालिकाको संख्या यकिन नभए पनि यो संख्या हजारभन्दा माथि रहेको अनुमान गरिएको छ। त्यसैगरी एड्सका कारण आमाबाबुविहीन अवस्थामा पुगेका बालबालिकाको संख्या १५ हजार नाघेको अनुमान गरिएको छ। नेपालमा एचआइभी संक्रमितहरूको संख्या ७५ हजार रहेको र सबै उमेरका गरी हालसम्म एड्सका कारण पाँच हजारभन्दा बढीको मृत्यु भएको छ। ■

---



नेपाली एचआइभी संक्रमितको प्रतिनिधित्व गरी सुरेन्द्र शाह एक महिनाअघि एचआइभी–एड्स सम्बन्धि संयुक्त राष्ट्रसंघीय महासभामा पुगेका थिए। युएनएड्सले उनलाई नेपालबाट राष्ट्रिय प्रतिनिधिको रुपमा छनोट गरे पनि स्वास्थ्य मन्त्रालयले उक्त व्यहोराको पत्र उपलब्ध नगराएकाले उनी महासभाको पहिलो दिनको कार्यक्रममा उपस्थित हुन पाएनन्। 'त्यहाँ पुग्दा मलाई कार्यक्रममा छिर्न दिइएन', शाह भन्छन्, 'यहाँ सहभागी हुन तिमीहरूको सरकारको पत्रको आवश्यकता पर्छ भनियो।' त्यसपछि न्युयोर्कस्थित नेपालको संयुक्त राष्ट्रसंघीय मिसनबाट आवश्यक कागजात बनाएपछि मात्र अर्को दिन उनी महासभामा सहभागी हुन पाए। शाह भन्छन्, 'मेरो लागि पहिलो दिनको उद्घाटन सत्र र अन्य कार्यक्रम महत्त्वपूर्ण थिए। तर, दुर्भाग्यवश म त्यसमा सहभागी हुन पाइनँ।'

संयुक्त राष्ट्रसंघका महासचिव कोफि अन्नानले राष्ट्राध्यक्षकै उपस्थितिका लागि यसका सदस्य राष्ट्रलाई निमन्त्रण गरेका थिए। तर, नेपालबाट भने मन्त्रिस्तरीय उपस्थिति पनि त्यहाँ हुन सकेन। 'अधिकांश मुलुकबाट उच्चस्तरीय प्रतिनिधिको उपस्थिति थियो र कतिपय त राष्ट्राध्यक्ष समेत थिए। तर, एचआइभी/एड्सविरुद्धको लडाइमा राजनीतिक प्रतिबद्धता सन्दर्भ प्रमुख रुपमा उठेका बेला नेपालबाट त्यसअनुरुपको उपस्थिति हुन सकेन', शाह भन्छन्, 'हामी कुर्सीमा गएर बस्ने र सुन्ने काम मात्र भयो।' न्युयोर्कबाट फर्केका शाहलाई अहिले नेपालमा चलिरहेको एड्सविरुद्ध अभियानमा नेतृत्वको खाँचो रहेको अनुभव भएको छ।

**सीमा क्षेत्रमा डकैतीका लागि कुख्यात डाँकाहरूले सुरुमा माओवादीलाई हतियार तस्करी गरेर निकै दाम कमाए । त्यसपछि शाही सरकारले तिनीहरूलाई 'माओवादी प्रतिकारकारी'को नाममा निकै उकास्यो । त्यही उक्साहटबाट आज पनि उनीहरू माओवादी र माओवादीका नाममा सर्वसाधारणलाई यातना दिने काममा सक्रिय छन् । द्वन्द्वलाई स्थायी शान्तिमा परिणत गर्न माओवादी र सात दल लागी परे पनि हिंस्रकहरूको यो खतरनाक सञ्जाल र तिनका हतियारबारे भने चासो दिएका छैनन् ।**



# अझै सक्रिय

■ **दीपक ज्ञवाली/कपिलवस्तु** (तस्वीर पनि)

**जति बेला चिरकुट** बराई माओवादीको सभामा भाग लिन काठमाडौं गएका थिए, त्यही रात उनको तीन वर्षीय छोरा मन्जितको विभत्स हत्या भयो ।

सरकार-माओवादीबीच वार्ता र युद्धविरामले सकारात्मक गति लिइरहेको र कसैले कसैको हत्या, गिरफ्तार, हस्तक्षेप नगर्ने उच्च प्रतिबद्धताको स्थितिमा त्यस्तो हत्या कसले गऱ्यो ? अनुमान गर्न गाह्रो भइरहेका बेला प्रतिकारकारी अगुवाहरूले हत्या आफूहरूले गरेको जिम्मा लिँदै आफ्ना एक सदस्य सलाउद्दिन खान (पप्पु)लाई फोन गरेर भने, 'हामीले हत्या गऱ्यौं तँ पनि सुरक्षित स्थानमा भाग् ।'

भलै पप्पु भागेनन् बरु लगत्तै माओवादीको गिरफ्तारीमा परे । उनैबाट थाहा भयो, नाबालक मन्जितको हत्या माओवादीविरुद्ध संगठित उनै प्रतिकारकारीले नै गरेका हुन् भन्ने कुरा ।

अग्रगामी वार्ताले काटमारको अनिष्टकारी शृंखला सधैंलाई अन्त गर्ने उद्घोष गरेका बेला लामो समयसम्म चुप रहेका प्रतिकारकारीको यस्तो जघन्य कार्यले पुष्टि गऱ्यो, प्रतिकारकारीहरूको खतरनाक संजाल अझ पनि सक्रिय रहेको छ भन्ने पनि ।

हत्या गरिएका नाबालक मन्जितका बाबु चिरकुट कपिलवस्तु फुलिका गाविस खैराटे निवासी हुन् । माओवादी गतिविधिमा हिँड्ने उनलाई प्रतिकारकारीले निसाना बनाउन खोजिरहेका थिए । राजधानीमा माओवादीले पहिलो पटक आयोजना गरेको सभामा भाग लिन गाउँले माओवादीहरू गएको मौका छोपी प्रतिकारकारीले ती नाबालकको हत्या गरेका थिए ।

उसो त, कपिलवस्तुको सीमा जिल्ला रूपन्देहीका सीमावर्ती गाउँका सयौं बासिन्दाले अहिले पनि प्रतिकारकारीहरूको प्रताडना जारी रहेको जनाउँदै सुरक्षाका लागि सार्वजनिक अपिल गरेका छन् । नागरिक जागरण अभियान रूपन्देहीका हरि घिमिरे भन्छन्, 'रूपन्देहीका सीमावर्ती गाउँका सयौं बासिन्दाले प्रतिकारकारीको प्रताडनाविरुद्ध जागरण र सुरक्षाका लागि आवाज उठाइदिन अनुरोध गरिरहेका छन् ।'

गत दुई वर्षमा माओवादीविरुद्ध खनिएका प्रतिकारकारीहरूले पश्चिम नेपालका तराईका तीन जिल्ला कपिलवस्तु, नवलपरासी र रूपन्देहीमा खतरनाक संजाल बनाएका थिए । शाही सरकारको पतनसँगै उनीहरूको अस्तित्व नष्ट भएको अनुमान गरिएको थियो । तर, सरकार र माओवादीबीच वार्ताले उच्च गति लिएकै बेला पश्चिमी तराईमा भने उनीहरू अस्तित्वमै रहेको पुष्टि गरेका छन् । उनीहरूको यस्तो पुष्टिले सरकार, माओवादी र अन्य दलहरू सबैलाई झस्काएको छ ।

द्वन्द्वलाई स्थायी शान्तिमा परिणत गर्न माओवादीका हतियार व्यवस्थापनका लागि प्रशस्त बहस भइरहे पनि हिंसाको खतरनाक संजाल प्रतिकारकारी र उनका हतियारबारे भने कसैले चासो दिएको छैन ।

किनभने अहिलेसम्म पनि प्रतिकारकारीहरूका संगठनहरू विघटन भएका छैनन्, उनीहरूले अझैसम्म पनि आफ्ना हतियार बुझाएका छैनन् र शाही सरकारले उक्साएका उनीहरूबारे अहिलेको सरकारले स्पष्ट दृष्टिकोण पनि सार्वजनिक गरेको छैन ।

कपिलवस्तुमा प्रतिकारकारीले रडाको मचाइरहँदा नवलपरासीको स्थिति भने अलि फरक छ । आफ्ना हतियार व्यवस्थापनका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रियस्तरबाट पहल भइरहँदा नवलपरासीमा भने माओवादीले नै प्रतिकारकारीका हतियार बटुलिरहेको छ । उनीहरूले दुई दर्जनभन्दा बढी प्रतिकारकारीका हतियार खोसेका छन् । ती हतियार प्रतिकारकारीले आत्मसमर्पण गरेर र माओवादीको अल्टिमेटम मानेर दिएको माओवादीको भनाइ रहेको छ ।

शाही सरकारद्वारा हौस्याइएका प्रतिकारकारीहरूले गाउँ गाउँसम्म पनि संजाल विस्तार गरेका थिए । उनीहरूको दाबीमा कपिलवस्तुका निर्वाचन क्षेत्रमा मात्र होइन, गाउँगाउँमै समेत संगठन रहेको छ ।

उनीहरू कति संख्यामा छन् र कति हतियार छन् ? यकिन गर्न गाह्रो भए पनि संगठन विस्तारको दाबीले उनीहरू ठूलो संख्यामा रहेका र हतियार पनि प्रशस्त रहेको अनुमान छ । तर, अहिलेसम्म न उनीहरूको संगठन विघटन भएको छ न त हतियार नै बुझाएका छन् । उनीहरूको हतियार व्यवस्थापनबारे कसैले एजेन्डा बनाएको छैन ।

कपिलवस्तुमा प्रतिकारका सुरुका नाइके प्रितम पाण्डे अहिले भारतीय जेलमा छन् । चरेस तस्करी प्रकरणमा उनलाई केही महिनाअघि भारतीय प्रहरीले पक्राउ गरेका थिए । उनीपछि जिल्लामा प्रतिकारको नेतृत्व गर्ने मोहित खाँ लगायतका अगुवाहरू भने सीमावर्ती भारतमै सुरक्षित छन् । तीमध्ये धेरै त भारतद्वारा नै वारेन्टेड छन् ।

खाँको अगुवाइमा रहेको प्रतिकार समिति पनि विघटन भएको छैन, उनी प्रतिकारबाट हटेको घोषणा पनि गरेका छैनन् । तर, आश्चर्य उनी अहिले पनि परिवार नियोजन संघ कपिलवस्तुको अध्यक्ष पदमा रहिरहेको कपिलवस्तुको मानवअधिकार संजालले जनाएको छ ।

सुरुमा शाही सरकारका मन्त्री कमल थापा लगायतले कपिलवस्तु पुगी प्रतिकारकारीलाई हौस्याएका थिए । सोलगत्तै ती जिल्लामा सरकारी संरक्षणमा प्रतिकारकारीहरू संचालित भएका थिए । भलै सरकारी निकायहरूले त्यसको खण्डन गर्दै आइरहेका थिए । तर, त्यस्तो सत्य कुरा

प्रतिकारकारीले नै उद्घाटित गरेका छन् ।

प्रतिकारकारीको उत्तिकै जगजगी रहेको नवलपरासीमा प्रतिकारकारीका अगुवाहरू मुन्ना खाँ, मुरारी कुशवाह (पहलमान)हरू लगायतले पनि प्रतिकार समिति विघटन गरेका छैनन् । तिनका कयौं कार्यकर्ताले भने माओवादीलाई हतियार बुझाएका छन् । तर, उनीहरू सुरक्षित नै छन् ।

अगुवामध्येका केहीले सुरक्षानिकायमा हतियार बुझाएको प्रचार गरिएको छ । तर, उनीहरूले सुरक्षानिकायबाट पहिले पाएका केही कमजोर हतियार मात्र देखाउन फिर्ता गरेको तर खास हतियार आफूसँग नै राखेको बताइन्छ ।

अन्यत्र प्रतिकारकारीका संजाल यथावत् रहे पनि नवलपरासीमा भने माओवादीले प्रतिकारकारीका हतियार बटुल्ने अभियान थालेको छ । युद्धविरामपछिका दिनमा पनि माओवादी त्यही काममा सक्रिय छ र अहिलेसम्म तीसभन्दा बढी हतियार कब्जामा लिएको छ ।

माओवादीको मधेसी राष्ट्रिय मुक्तिमोर्चा नवलपरासीका अध्यक्ष राजु हरिजनका भनाइमा हतियार बुझाएका प्रतिकारकारीहरू अहिले तारेखमा छन् । अहिलेसम्म हतियार बुझाउनेहरूमा रामकैलाश यादव, राजेश हरिजन, राजेन्द्र शर्मा, सुरजनाथ केवट, रोहित मुराउ, विजय शाही, सरमुल्लाह अन्सारी, रामचन्द्र केवट, जयन्त्री कोइरी लगायतका रहेका छन् । उनीहरूले टुवेल्वर, बाह्रबोर, ३१५ कट्टा, फिक्चर लगायतका हपियार बुझाएको माओवादीले जनाएको छ । 'ती हतियार हामीले राखेका छौं', राजुले बताए, 'उनीहरूलाई जनताले जे भन्छन्, त्यही कारबाही गर्नेछौं '।

उनको भनाइमा प्रतिकारकारीले नवलपरासीमा माओवादी सेक्सन कमान्डर नवीनसहित लक्ष्मी, भोला, सुरेश लगायतका माओवादी कार्यकर्ता र कयौं सर्वसाधारणको पनि हत्या गरेका थिए । प्रतिकारकारी नाइकेहरू मुन्ना, मुरारी लगायतले प्रशासनमा हतियार बुझाएको प्रचारबारे राजुको दाबी छ, 'उनीहरूले प्रशासनबाट पाएका हतियारमात्र बुझाएका हुन् । आफूसँग रहेका खास हतियार बुझाएका छैनन् । त्यसबारे अनुसन्धान गरिरहेका छौं ।'

प्रतिकारकारी नाइकेहरूले प्रशासनमा हतियार बुझाएको प्रचारबारे जिल्ला प्रशासन र सुरक्षानिकाय कुनै कुरा बोल्न चाहँदैनन् ।

युद्धविराम हुँदै वार्तामार्फत शान्ति स्थापनाको टुंगोमा पुग्दै गरेको माओवादीले प्रतिकारकारीका लागि भने युद्धविराम नभएको जनाएको छ । प्रतिकारकारी प्रभावित जिल्लाका माओवादी नेताहरूको भनाइमा वार्ता र समझदारी प्रतिकारीहरूसँग भएका छैनन् र उनीहरूका लागि युद्धविराम पनि भएको छैन । माओवादी गण्डक ब्युरो सदस्य तथा नवलपरासी इन्चार्ज टंकमणि (रामप्रसाद बन्जाडे) भन्छन्, 'प्रतिकारकारीका लागि युद्धविराम भएको छैन ।'

माओवादी कपिलवस्तु जिल्ला सरकार प्रमुख रामलौटन तिवारी अहिले पनि आफ्नो स्थानीय सत्ता रहेकाले प्रतिकारकारीलाई गिरफ्तार र कारबाही गर्न सक्ने बताउँछन् । उनी भन्छन्, 'वार्ता र समझदारी प्रतिकारकारीसित गरेका छैनौं ।' त्यसको प्रमाण प्रतिकारकारी पप्पुलाई माओवादी आफैंले गिरफ्तार गर्नु, हिरासतमा राख्नु तर प्रशासनलाई बुझाउन इन्कार गर्नु हो ।

तिवारीको दाबी छ, 'प्रशासनको संरक्षणमा रहेका प्रतिकारकारीलाई प्रशासनले नै कारबाही गर्ला भन्ने सोच्न सक्दैनौं । प्रशासनले उनीहरूलाई कानुनी दायरामा नल्याउँदासम्म माओवादीले नै कारबाही गर्नेछ ।'

'यस्ता अपराधीलाई हामी आफैं कारबाही गर्न सक्छौं, भोलि हामी सत्तामा गएपछि पनि बाँकी रहेकालाई कारबाही गर्न कानुनी दायरामा ल्याउँछौं', उनी भन्छन् । ■

# 'सेनाले हतियार दिएको थियो'



माओवादी हिरासतमा प्रतिकारकारी पप्पु

**'शाही सेनाले हामीलाई** हतियार दिएको सत्य हो', अहिले माओवादी कपिलवस्तुको हिरासतमा रहेका प्रतिकारकारी सलाउद्दिन खान (पप्पु) भन्छन्, 'हतियार दिएपछि सेनाले हतियार चलाउन सिकाए, मैले त्यही हतियार लिएर सुराकी गरें, ठाउँ-ठाउँमा छापा मारें । पछिल्लो पटक माओवादी हद्दिस मुसलमानलाई पक्राएँ ।'

माओवादीविरुद्ध प्रतिकारकारीको जगजगी रहेका बेला एक वर्षअघि पप्पुले सेनाको गोरुसिंगेस्थित शिवदल गणबाट बाह्रबोर हतियार पाएका थिए । 'त्यति बेला मैले सैनिक शिविरमा खाना खान्थें र सैनिकसँग सुराकी गर्न जान्थें', पप्पुले सम्झिँदै बताए ।

कपिलवस्तुको बाँसखोर बराहाका पप्पु तीन वर्षदेखि प्रतिकार समितिमा छन् ।

कपिलवस्तु, नवलपरासी र रूपन्देहीमा प्रतिकारकारी र माओवादीबीचका अनिष्टकारी घटना ह्वात्तै बढेका बेला प्रतिकारकारीलाई सरकारी संरक्षण रहेको र सुरक्षाकर्मीले हतियारसमेत दिएको चर्चा अन्तर्राष्ट्रियकरण भएको थियो । तर, सुरक्षानिकायले त्यसलाई पटक-पटक खण्डन गर्दै आइरहेका बेला प्रतिकारकारी पप्पुले त्यस्तो खण्डनलाई नै चुनौती दिँदै सेनाले हतियार दिएको रहस्य खोलेका छन् र आफू त्यसको प्रमाण भएको खुलासा पनि गरेका छन् ।

'हो मैले संयुक्त राष्ट्रसंघको टोलीसँगको वयानमा पनि यी सबै कुरा खुलस्त भनें', पप्पुले *समय*सँग भने । संयुक्त राष्ट्रसंघ मानवअधिकार उच्च आयोगको एक टोलीले असार ११ गते उनीसँग लामो वयान लिएको थियो । उनलाई हतियार दिने तत्कालीन कर्णेलले आफूबाट अपेक्षित सफलता नपाएपछि हतियार फिर्ता मागेको, पप्पुको भनाइ छ । त्यति बेला उनीसँगै चारजनाले हतियार पाएका थिए । त्यस्तो हतियार पाउनेमा उनका कान्छाबा पनि थिए ।

'हतियार दिने सेनाले माओवादी पक्रो, बुझाओ भन्थे', पप्पुले यो कुरा पनि खोले, 'त्यति बेला १२ सयका दरले तीन महिनासम्म दाम पाएको थिएँ, गोरुतस्करीको काम मिलाइदिएबापत पनि केही दाम पाउँथें ।'

१९ वर्षीय युवा पप्पु तीन वर्षअघि माओवादीले आफ्ना बाबुलाई अपहरण गरेपछि क्रमशः प्रतिकार समितिमा संगठित र सक्रिय बन्दै गएको बताउँछन् । त्यति बेला माओवादी नियन्त्रणमा रहेका उनका बाबु अपहरणको पाँचौं दिन भागेका थिए । जति बेला प्रतिकारकारीका अगुवा प्रितम पाण्डेलाई माओवादीले हानेको गाली लागेको थियो । पप्पुका बाबु पनि प्रितमको प्रतिकार समूहमा थिए ।

अहिले प्रितम चरेस प्रकरणमा भारतीय जेलमा छन् र पप्पुका बाबु पनि भारतमै लुकेर बसेका छन् । पछि माओवादीले पप्पुका सानाबा छोटे प्रधानलाई पनि अपहरण गरेको थियो ।

'बाको दोष थियो कि माओवादीको मलाई अझै थाहा छैन', माओवादीका नेताहरूकै माझ उनले भने, 'त्यसपछि म प्रतिकारमा लागेको हुँ ।' युद्धविराममा पनि कपिलवस्तुमा प्रतिकारकारीको खतरनाक सञ्जाल सक्रिय रहेको पुष्टि गर्ने फुलिका घटनापछि तौलिहवामा माओवादीले प्रतिकारकारी पप्पुलाई पक्राउ गरेको हो ।

पप्पुलाई माओवादीले पक्रेपछि प्रशासनमा राख्ने कि माओवादीले भन्नेबारे चरम विवाद भएको थियो । सुरक्षा अधिकारी र माओवादीबीच वार्तामा चारबुँदे सहमति भएपछि पप्पुलाई माओवादीले आफ्नै हिरासतमा लिएको थियो । माओवादी जिल्ला जनसरकार कपिलवस्तुका प्रमुख रामलौटन तिवारी भन्छन्, 'छानबिन भइरहेको छ ।'

युद्धविराम, आचारसंहिता र कसैलाई नियन्त्रणमा नलिने प्रतिबद्धता भइरहँदा प्रतिकारकारी पप्पुलाई किन तपाईं आफैले हिरासतमा राख्नुभएको ? यो प्रश्नमा लौटनले प्रस्ट पारे, 'वार्ता, समझदारी प्रतिकारकारीसँग भएको हैन, अहिले पनि हाम्रो स्थानीय सत्ता छ, यस्ता अपराधीलाई गिरफ्तार गर्न सक्छौं ।' ■




अनसनमा बसेका विराटनगर जुट मिलका मजदुरहरू

तस्वीरहरू : ओमआस्था राई

# डुबाउने खेल

■ **ओमआस्था राई/विराटनगर**

**संवत् २०२९ देखि** विराटनगर जुट मिलमा 'लुम' चलाउँदै आएका ५४ वर्षीय दीपनारायण साहले दुई छोरा आशकरण र सञ्जीवलाई पढाउन बैंक र साहुबाट गरी १ लाख ४० हजार ऋण लिएका थिए। उनले अझै ५० हजार ऋण तिर्न बाँकी छ। तर, अब उनीसँग ऋण तिर्ने आयस्रोत छैन।

गोल्छा समूहको अरिहन्त मल्टिफाइवर्सले २०६२, चैत २२ गते सम्झौता तोड्दै विराटनगर जुट मिल बन्द गरेपछि करिब ३ हजार मजदुर दीपनारायणकै जस्तो अवस्थामा पुगेका छन्। तीमध्ये १ हजार १ सय ८० जना त स्थायी मजदुर छन्, अर्थात् उनीहरू पूर्णरूपले मिलमै आश्रित थिए। अचानक मिल बन्द हुँदा उनीहरूको हातमुख जोर्ने मेलो नै टुटेको छ।

मिल बन्द भएदेखि ४९ वर्षीय कृष्णप्रसाद गौतमले घरव्यवहार टार्न आठ हजार रुपैयाँ ऋण लिएका छन्। तर, अब ऋण लिने ठाउँ पनि बाँकी छैन, त्यसैले गौतम चिन्तित छन्। 'अहिले सबै साथीभाइ बेरोजगार छन्', २०३३ सालदेखि विराटनगर जुट मिलमा काम गर्न थालेका गौतम भन्छन्, 'कसलाई ऋण माग्ने ?'

तर, विराटनगर जुट मिल बन्द भएको यो पहिलोपटक भने हैन। यसअघि मजदुरहरूले १३ र ६ महिना मिल बन्द भएको पीडा भोगेका छन्। त्यसबेला उनीहरूले दबाबबाटै मिल खुलाएका थिए। यसैले अहिले पनि उनीहरूसँग आन्दोलनको विकल्प छैन।

यो जुट मिलसँग १०४ वर्षे राणा शासन ढालेको २००७ सालको क्रान्तिमा महत्वपूर्ण भूमिका निर्वाह गरेको इतिहास पनि छ। यसैले मजदुरहरू आन्दोलनबाटै फेरि मिल चलाउन सरकारलाई बाध्य पार्न चाहन्छन्। यही उद्देश्यले मजदुरहरू दिनैपिच्छे अनशन बस्दै आएका छन्। उनीहरूले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई एक पत्र पठाउँदै आफ्ना १० सूत्रीय माग पनि राखेका छन्।

तर, सरकार अझै टस न मस छ। पाँच वर्ष मिल चलाउने सम्झौता तोड्दै हजारौं मजदुरलाई बिचल्लीमा पार्ने गोल्छा समूहको मनस्थितिमा पनि कुनै परिवर्तन आएको छैन। सरकार यो मिललाई मरुभूमि ठान्छ, जहाँ जति पानी हाले पनि कहिल्यै कुवा बन्दैन। त्यस्तै गोल्छा समूहले यसलाई 'रोगी उद्योग'को विशेषण दिएको छ।

तर, यो मिल आफैंमा रोगी थिएन। १९९३ सालमा खुलेको यो मिलले कुनै बेला मजदुरहरूलाई थुप्रै सुविधा दिएर पनि नाफा कमाएको थियो। तर, २०४६ सालको परिवर्तनपछि मिलमा तीव्र राजनीतिकरण सुरु भयो, जसले उद्योग धराशायी हुने क्रम सुरु भयो। '२०४६ सालमा प्रजातन्त्र हैन, नेतातन्त्र आयो', औद्योगिक मजदुर अधिकार सरोकार समूहका अध्यक्ष आइत तामाङ भन्छन्, 'आज हामी त्यसैको फल भोग्दै छौं।'

२०५५ सालमा ओमप्रकाश तापडियाले ५० वर्षका लागि जुट मिल भाडामा लिएका थिए। उनले मजदुरको सुविधा कटौती नगरी फाइदामै मिल चलाएका थिए। तर, तापडियाले नाफा कमाएको देखेर उनलाई हटाउने खेल सुरु भयो। उनले यसविरुद्ध पर्चा निकाल्दै सहयोगको याचना गरे पनि अन्ततः मिल छाड्नै पर्‍यो।

त्यसपछि विराटनगरकै व्यापारी जीवन नेपालले भाडामा जुट मिल लिए। तर, उनले ९ महिनाभन्दा बढी मिल चलाउन सकेनन्। तापडियाको सफलता देखेर अनुभव र योजनाविना नै मिल चलाउन खोजेकाले उनी असफल भएको मजदुरहरूको भनाइ छ।

तर, उनको असफलताबाट सरकारले कुनै पाठ सिकेन। उल्टै सम्झौतानुसार बैंक धरौटी पनि राख्न

नसक्ने निर्मलकुमार व्यासलाई २०५६, मंसिरमा २० वर्षका लागि भाडामा मिल दियो। उनले मिल चलाउन थालेको तेस्रो महिनामै मजदुरलाई तलब दिन छाडे र २०५८, मंसिर २ गते मिल बन्द गरे। बैंक धरौटीसमेत राख्न नसक्ने व्यक्तिलाई कुन शक्तिको कृपाले मिल चलाउने जिम्मा दिइयो ? प्रश्नको पेटारो अझै खुल्न सकेको छैन।

यसरी पटक-पटक मिल बन्द हुँदा, बेलामा तलबभत्ता नपाउँदा कति मजदुर उपचार गर्न नपाएर मरेका छन्। व्यासले छाडेपछि १३ महिना मिल बन्द हुँदा उपचार खर्च नपाएर ४८ वर्षीय मुखिलाल मण्डलको मृत्यु भएको थियो। काम गर्दागर्दै लडेका मण्डललाई निकै महिना उपचारमा राखियो। तर, मिल बन्द भएपछि खर्च अभावमा उनको मृत्यु भयो। कहाँसम्म भने उनको काजकिरिया पनि चन्दा उठाएर गर्नुपरेको थियो। मण्डलको मृत्यु भएको तीन महिनापछि मात्रै मिलले उनको परिवारलाई किरिया खर्च उपलब्ध गराएको थियो।

मिल बन्द हुँदा घरव्यवहार चलाउने चिन्ताले अत्यधिक रक्सी सेवन गर्न थालेका ३५ वर्षीय गोरे तामाङको हृदयघातबाट ज्यान गयो। तामाङको मृत्युपछि उनकी श्रीमती माला र छोरा सुमित आफैं काममा जान थालेका छन्। गोरेको मृत्यु हुँदा १८ वर्षीय सुमित जनविश्वास माध्यमिक विद्यालय, विराटनगरबाट प्रवेशिका परीक्षा दिने तयारी गर्दै थिए।

## शोषणको कथा

विराटनगर जुटमिलका मजदुरले ३० वर्ष लामो पञ्चायती शासनमा निरन्तर संघर्ष गरेर आधारभूत हक अधिकारको रक्षा गरेका थिए। तर, २०४६ सालपछि पटक-पटक बदलिने सरकार, उसले नियुक्त गर्ने सञ्चालक समिति अध्यक्ष र भाडामा मिल लिने व्यापारीले मजदुरका सुविधा कटौती गर्न थाले।

पहिले प्रत्येक मजदुरलाई ६ दिन काम गर्दा साढे ५ किलो चामल र चाडबाडमा चिनी दिइन्थ्यो। अहिले उनीहरू यी दुवै सुविधाबाट वञ्चित छन्। पहिले मिल हाताभित्रै अस्पताल थियो। मजदुर र तिनका परिवारको यही अस्पतालमा उपचार हुन्थ्यो। अहिले अस्पताल बन्द छ। उपचार खर्चबापत बर्सेनि दिइने १५ सय रुपैयाँ पनि १ हजारमा झारिएको छ। अन्य सानातिना सुविधा कटौती त सम्झिएर साध्य लाग्दैन।

तर, एकातिर सुविधा कटौती र अर्कोतिर शोषण प्रायः सबै व्यापारीको पालामा मजदुरको नियति बन्यो। २०५९, मंसिर १ गतेदेखि मिल चलाउन थालेको अरिहन्त मल्टिफाइवर्सले ट्रेड युनियनहरूसँगको बीसबुँदे सम्झौताअनुसार प्रत्येक मजदुरलाई एकैसाथ २ वटा लुम चलाएर काम गर्न लगायो। शारीरिक रुपले कमजोर र अस्वस्थ्य मजदुरले एकैसाथ २ वटा लुम चलाउन सक्ने कुरै भएन। तर, अरिहन्तले त्यस्ता अस्वस्थ मजदुरलाई काममा ढिलासुस्ती गरेको भन्दै स्पष्टीकरण लिन र निलम्बन गर्न थाल्यो।

अरुण शर्मा आफूलाई १२ पटकसम्म स्पष्टीकरण लिइएको बताउँछन्। शारीरिक रुपले निकै दुर्बल



यस्तो हालतमा छन्
अनसन बसेका मजदुरहरू

देखिने ४२ वर्षीय शर्मालाई कहिले मादक पदार्थ सेवन गरेको त कहिले काममा ढिलाइ गरेको भन्दै पत्र काटिएको थियो। 'उमेर छँदासम्म एउटै लुम चलाएँ', शर्मा भन्छन्, 'बूढो भएपछि दुईवटा लुम चलाउन लगाइयो, नसक्दा रक्सी खाएको आरोप खेप्नुपर्‍यो।'

शर्मामात्र हैन, प्रायः सबै मजदुर कुनै न कुनै निहुँमा कारबाहीमा परेका छन्। बीसबुँदे सहमतिको विरोधमा बोल्ने अवधेश सिंह, शिवराज तामाङ र प्रदीप शाहीलाई तीन महिनासम्म निलम्बन गरिएको थियो। त्यसैगरी सोनाचन्द साह १ महिना र शेख सिब्ली १५ दिन निलम्बनमा परे। 'असहमति राख्यो कि गेटबाहिर पठाइने, माफी मागेपछि मात्रै भित्र पस्न दिइन्थ्यो', संयुक्त संघर्ष समितिका उपाध्यक्ष दीपनारायण साह भन्छन्, 'यस्तो अपमानको सिकार नभएको मजदुर त भेट्नै मुस्किल पर्छ।'

यतिमात्र हैन, २०६२, माघ १९ गते राति काम गर्दागर्दै मेसिनले औंला किचिएका १९ वर्षीय महेश गौतमले अझै क्षतिपूर्ति पाएका छैनन्। उनको दायाँ हातको बूढी र चोर औंला चल्दैनन्। २८ वर्षीय नवराजका बाबा ४९ वर्षीय पुरु साह तेलीको २०६१, भदौ २ गते मृत्यु भयो। मधुमेहका रोगी पुरु साहले सिकिस्त हुँदा पनि बिदा नपाएको नवराज बताउँछन्। 'कति कोसिस गर्दा पनि बाबाले बिदा पाउनुभएन, अनि म आफैं उहाँको ठाउँमा काम गर्न थालेँ', नवराज भन्छन्, 'बाबा बित्नुभो तर उहाँले पाउनुपर्ने तलब, उपदान हामीले अझै पाएका छैनौं।'

## गोल्छाको खेल

अरिहन्त मल्टिफाइवर्सले नियमविपरीत पाँचवर्षे सम्झौता तोड्दा मौनता साँधेर सरकारले जुट मिलको दुर्दशाप्रति आफ्नो कुनै सरोकार नरहेको सन्देश दिएको थियो। २०५९, कात्तिक ५ गतेको सम्झौताअनुसार अरिहन्तले मिल बन्द गर्नुपर्ने भए ३ महिनाअघि नै सञ्चालक समितिलाई लिखित जानकारी गराउनुपर्थ्यो। तर, जानकारी गराएको १६ दिनमै मिल बन्द गरिदियो।

यसबाहेक अरिहन्तले मिल चालू रहँदाको २ करोड ७७ लाख रुपैयाँ बुझाउन बाँकी छ। यो रकम उठाउन पनि सरकारले कुनै ताकेता गरेको छैन, जब कि जुट मिलमा उसको ४६ प्रतिशत लगानी छ। सरकारी उदासीनताको फाइदा उठाउँदै अरिहन्तले भने विराटनगर जुट मिलको बजार ओगट्न थालेको छ। गोल्छा समूहकै रघुपति जुट मिल समेत राम्ररी चलिरहेको छ।

विराटनगर जुट मिल चलाउने सम्झौता तोड्दा अरिहन्तले जुन कारण देखाएको थियो, त्यसबाट गोल्छा समूहको दुईवटै जुट मिललाई कुनै प्रभाव परेको देखिँदैन। कच्चा पदार्थको अभाव र कमजोर उत्पादकत्वलाई कारणको रुपमा प्रस्तुत गर्दै सम्झौता तोड्ने अरिहन्त मल्टिफाइवर्स र रघुपति जुट मिलले भने उत्पादन जारी राखेका छन्।

वास्तवमै कच्चा पदार्थको अभाव हो भने अरिहन्त र रघुपति चाहिँ कसरी चलेका छन् ? गोल्छा समूहका महेन्द्र गोल्छा भन्छन्, 'हाम्रा जुट मिलको उत्पादकत्व राम्रो छ, त्यसैले कच्चा पदार्थ महँगै भए पनि खासै अप्ठेरो परेको छैन।' अरिहन्त र रघुपतिको तुलनामा विराटनगर जुट मिलको उत्पादन लागत २० देखि २५ प्रतिशतसम्म उच्च रहेकोले कच्चा पदार्थको मूल्यवृद्धि हुनेबित्तिकै मिल बन्द गर्नुपर्ने अवस्था आएको गोल्छा बताउँछन्। उनी भन्छन्, 'हामीले ३ वर्षसम्म उत्पादन लागत घटाउने कोसिस गर्‍यौं, तर सफल भएनौं, यसैले मिल बन्द गर्नुपर्‍यो।'

मजदुरहरू यसलाई विराटनगर जुट मिल धराशायी पार्ने र निजी उद्योगको बजार प्रवर्द्धन गर्ने षड्यन्त्रको रूपमा लिन्छन्। 'कसैले चलाउन नसक्ने गरी ध्वस्त पार्ने षड्यन्त्रबमोजिम नै गोल्छाले विराटनगर जुट मिल भाडामा लिएको थियो', औद्योगिक मजदुर अधिकार सरोकार समूहका अध्यक्ष आइत तामाङ भन्छन्, 'नपत्याए मिलभित्र पसेर हेर्नोस्, गोल्छाले लाखौंको सामान उठाएर लगिसकेको छ।'

तर, गोल्छा समूहका महेन्द्र गोल्छा विराटनगर जुट मिलका मजदुरहरू सुविधाभोगी रहेको आरोप लगाउँछन्। 'उनीहरूलाई सुविधामात्रै चाहिन्छ, काम गर्दैनन्', गोल्छा भन्छन्, 'कतिको त छुट्टै व्यवसाय छ, उनीहरू सित्तैमा तलब लिइरहेका छन्।'

अरिहन्त र रघुपतिमा एक टन उत्पादनका लागि ४५ मजदुर पर्याप्त हुनेमा विराटनगर जुट मिलमा कम्तीमा ७५ मजदुर चाहिने गोल्छा बताउँछन्। विराटनगर जुट मिलका मजदुरमा काम गर्ने संस्कार, औद्योगिक अनुशासन विकास गर्न ट्रेड युनियनहरूसँग बीसबुँदे सम्झौता गरेको बताउँदै गोल्छा भन्छन्, 'तर, मजदुरहरूले पिस रेटमा काम गर्नै मानेनन्, अनि हामीले हात झिक्नुपर्‍यो।'

तर, नेपाल स्वतन्त्र टेक्सटायल गार्मेन्ट मजदुर युनियनका अध्यक्ष धर्मानन्द सञ्जेल मजदुरहरूले 'पिस रेट' अस्वीकार नगरेको बताउँछन्। 'हामीले पिस रेट नमानेको भए त गोल्छाले ३ वर्षसम्म मिल चलाउनै सक्दैनथ्यो', सञ्जेल भन्छन्, 'हामी अझै पिस रेटमा काम गर्न तयार छौं।' तर, गोल्छा समूह नि ? महेन्द्र गोल्छा भन्छन्, 'हामीले सम्झौता तोडिसक्यौं, अब विराटनगर जुट मिलसँग कुनै लिनुदिनु छैन।' ■

# समिति धेरै, काम थोरै

■ विश्वमणि पोखरेल/काठमाडौं

**सरकार–माओवादी** वार्ताटोलीले असार संक्रान्तिका दिन घोषणा गरेको 'युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समिति'को बैठक दुई सातापछि मात्र बस्यो । पहिलो बैठकले आफ्नै कार्यविधि र आचारसंहिता समिति बनाउने निर्णय गरेको छ ।

सरकार-माओवादी शिखर वार्ताको लगत्तै असार २ गते प्रधानमन्त्री निवास बालुवाटारबाट घोषणा गरिएको अन्तरिम संविधान मस्यौदा समितिले १० दिनपछि मात्र वार्ता टोलीबाट काम गर्ने पत्र पायो । तर, समिति अझैं अपूर्ण भएकोले अनौपचारिक छलफल गरेर दिन काटिरहेको छ । पूर्व न्यायाधीश लक्ष्मणप्रसाद उपाध्यायको अध्यक्षताको ६ सदस्यीय समिति महिला, दलित, जनजाति र एमालेका पनि प्रतिनिधि थप्नुपर्ने मागको राजनीतिक सिकार बनेको छ ।

सरकारलाई माओवादीसँग कसरी वार्ता गर्ने भनेर सुझाव सल्लाह र 'निर्देशन'समेत दिने गरी प्रतिनिधिसभामा रहेका १० दलका प्रतिनिधि सम्मिलित शान्ति समितिको पछिल्लो बैठकले सबै जिल्लामा माओवादी समेतको सहभागिता शान्ति परिषद् खोल्ने निर्णय गरेको छ । समिति युद्धविराम सम्झौता र मानवअधिकार सम्झौताको मस्यौदा गर्न तल्लीन छ । दस दलको यो धारणालाई सरकार-माओवादीको अबको वार्तामा प्रस्तुत गर्नुपर्ने समितिको धारणा छ ।

चार वर्षअघि गठन भए पनि निष्क्रिय रहेको शान्ति सचिवालयमा अहिले चटारो छ । मुलुकमा राजनीतिक स्थिरता र शान्ति स्थापना गर्ने उद्देश्यले खुलेका विभिन्न समितिलाई भौतिक साधन स्रोत र जनशक्ति उपलब्ध गराउने जिम्मेवारी उक्त संस्थामाथि छ । उता सचिवालयका सचिव विद्याधर मल्लिक भने शान्तिका निम्ति अनुदान माग्न कूटनीतिज्ञ र विदेशी दाताहरूको भेटघाटमा पनि उत्तिकै व्यस्त छन् ।

सरकार माओवादी आठबुँदे समझदारीप्रति शंका र अन्योलबीच शान्तिवार्तालाई सकारात्मक बाटोमा लैजाने उद्देश्यले गठित समितिहरूले विस्तारै काम थालेका छन् । मुलुकको भावी राजनीतिलाई डोऱ्याउन औपचारिकरुपमा गठित संविधान मस्यौदा समिति पनि निष्क्रिय बन्न सकेको छैन, अनौपचारिक बहस गर्दै छन्, वकिलहरू । आम अपेक्षाभन्दा भिन्न खाले समितिको सुस्तता, अव्यवस्थाको पछाडि भने सरकारी उदासीनता नै जिम्मेवार छ ।

नागरिक समाजका अगुवा डा. देवेन्द्रराज पाण्डेको संयोजकत्वमा गठित युद्धविराम आचारसंहिता राष्ट्रिय अनुगमन समितिबाट आफू अगल हुने सार्वजनिक वक्तव्यपछि सरकार-माओवादी वार्ताटोलीले पूर्व निर्वाचन आयुक्त वीरेन्द्रकुमार मिश्रलाई समितिको संयोजक तोकेर काम अगाडि बढाउने प्रयास गरेको छ । सत्रबुँदे कार्यक्षेत्र र अधिकार पत्र पाएपछि यसका बैठक बस्न थालेका छन् ।

असार १२ गते बसेको समितिको बैठकले आफ्नै कार्यविधि र आचारसंहिता अनि भौतिक पूर्वाधारसम्बन्धी दुईवटा बेग्ला बेग्लै समिति बनायो । प्राध्यापक कपिल श्रेष्ठको कार्यविधि, आचारसंहिता समितिले आगामी साताभित्र प्रतिवेदन दिने समितिका सदस्य तारानाथ दाहाल बताउँछन् । संयोजक मिश्र, कार्यविधि, आचारसंहिता अनुमोदन भएपछि प्रभावकारी काम हुने विश्वास व्यक्त गर्छन् । हाल शान्ति सचिवालयमा अस्थायी कार्यालय खोलेको अनुगमन समितिले अख्तियार दुरुपयोग अनुसन्धान आयोग बसेको बबरमहलस्थित ठूलो भवन पनि प्राप्त गरेको छ । शान्ति सचिवालयका एक अधिकारीका अनुसार स्थायी रूपमा कार्यालयमा सरेपछि समितिले माग गरेअनुसारको जनशक्ति र पूर्वाधार उपलब्ध गराउने काम भइरहेका छन् । समितिले नयाँ संविधान बनेर कार्यान्वयनमा आएको दिनसम्म जीवित रहने लिखित पत्र सरकारी वार्ताटोलीका संयोजक कृष्णप्रसाद सिटौला र माओवादी संयोजक कृष्ण बहादुर महराले संयुक्त हस्ताक्षर गरेर दिएका छन् ।

अनुगमन समितिले कार्यविधि र आचारसंहिता बनाउन समिति बनाएको अघिल्लो दिन मात्र कांग्रेस नेता रामचन्द्र पौडेलको संयोजकत्वको समितिले अनुगमन समितिको कार्यविधिसम्बन्धी प्रतिवेदन सरकारलाई बुझाएको सो समितिका सदस्य डा. प्रकाशचन्द्र लोहनी बताउँछन् । उता दाहाल भने आफूहरूलाई त्यस्तो जानकारी नभएको जानकारी दिन्छन् ।

सुरुमा गठित ३१ सदस्यीय समितिका संयोजक डा. पाण्डे र सदस्य कृष्ण पहाडीले सार्वजनिक रूपमै समितिमा नबस्ने जानकारी गराएका हुन् । तर, मिश्रको संयोजकत्वमा पुनर्जीवन पाएको समितिमा २३ जना मात्र उपस्थित भइरहेको अवस्था छ । नीलाम्बर आचार्य, गौरी प्रधान र


भास्कर ओझा

अर्जुन कार्की उपस्थित भएका छैनन् । आफूहरूलाई विना कुनै जानकारी गठन गरिएको भन्दै उनीहरू अलग रहेको बुझिन्छ । संयोजक मिश्र नआउनेहरूलाई आग्रह गरिरहेको बताउँदै पहिलो बैठकको अनुभव यसरी व्यक्त गर्छन्, 'जति ठूलो कमिटी त्यत्तिकै गाह्रो ।'

अनुगमन समितिको सबैभन्दा गम्भीर खाले चुनौती भनेको यसका सदस्यहरूको बनोट हो । अहिले बैठकमा आउने सदस्यहरूमध्ये आधाजसो माओवादीको समर्थन गर्ने मानवअधिकारवादी छन् । सात दलसँग नजिक समितिका एक सदस्य भन्छन्, 'आचार संहिता, आठबुँदे सहमति उल्लंघनका घटनाको छानबिन गर्दा उनीहरू प्रभावित भए भने समस्या हुन सक्छ ।'

कांग्रेस नेता रामचन्द्र पौडेलको संयोजकत्वमा बनेको शान्ति समितिमा सात राजनीतिक दल (जनमोर्चा नेपाल र राष्ट्रिय जनमोर्चा), राष्ट्रिय प्रजातन्त्र पार्टी र राष्ट्रिय जनशक्ति पार्टीका केन्द्रीय नेताहरू रहेको समिति राजनीतिक दृष्टिले महत्त्वपूर्ण र गहकिलो समिति हो । सरकार-माओवादी वार्ताटोलीलाई औपचारिक रूपमा सहयोग पुऱ्याउने उद्देश्यको यो समितिको राजनीतिक हैसियत भने दबाब र निर्देशन दिने प्रकृतिको छ । समिति अहिले युद्धविराम, मानवअधिकार सम्झौताको मस्यौदा बनाउन तल्लीन छ । समितिले आउँदो सरकार-माओवादी वार्तामा युद्धविराम सम्झौता र मानवअधिकार सम्झौता गर्न प्रस्ताव गर्नेछ । समितिका एक सदस्य राजपाका उपाध्यक्ष डा. प्रकाशचन्द्र लोहनी भन्छन्, 'शान्ति वार्ता धरापमा नपरोस् भन्नेमा लागेका छौं ।'

सरकार-माओवादीबीच सम्पन्न आठबुँदे सहमति र बाह्रबुँदे समझदारी कार्यान्वयनसमेत गराउने उद्देश्यको शान्ति समितिको पछिल्लो बैठकले ७५ वटै जिल्लामा संसद्वादी राजनीतिक दल तथा माओवादीलाई समावेश गर्ने उद्देश्यका साथ शान्ति परिषद् गठन गर्ने निर्णय गरेको छ । व्यवहारमा कार्यान्वयन हुन सक्यो भने जिल्ला परिषद्को मुख्य भूमिका स्थानीयस्तरमा सहमति, समझदारी र आचारसंहिता कार्यान्वयन गराउनु नै हुनेछ । विस्थापितको पुनःस्थापना, माओवादीले कब्जा गरेको सम्पत्ति फिर्ता गर्नुपर्ने जस्ता कागजमा सहमति भएका तर माओवादी व्यवहारका कारण कार्यान्वयन हुन नसकेका पुनःस्थापना र सम्पत्ति फिर्ता चुनौतीपूर्ण मुद्दा हो । जिल्ला परिषद्ले आफ्नो तहमा छिनोफानो गर्न नसकेका मुद्दा केन्द्रीय सचिवालयमा पठाउने नीति छ ।

पूर्व न्यायाधीश लक्ष्मण अर्यालको संयोजकत्वको संविधान मस्यौदा समितिलाई उच्च प्राथमिकता दिँदै हतार हतारमा घोषणा गरे जसरी समितिले काम गर्ने चाँजोपाँजो नै मिल्न सकेको छैन । १५ दिनभित्र अन्तरिम संविधानको मस्यौदा पेस गर्ने जिम्मेवारी पाएको समितिलाई सरकारले काम गर्ने थलो उपलब्ध गरायो, शान्ति सचिवालयका दुईवटा कोठामा र सरकार-माओवादी वार्ताटोलीले काम गर्ने पत्र थियो । वार्ताटोलीले 'काम सुरु गरेको दिनबाट १५ दिनभित्र' अन्तरिम संविधानको मस्यौदा पेस गर्न भनेको छ । तर, अर्यालको संयोजकत्वमा मनोनयन गरिएका वकिलहरूमा आफ्नो कोटा नपुगेकोमा सात दलको प्रमुख घटक एमालेले विरोध गऱ्यो भने महिला लगायतको समावेशीकरण भएन भन्ने आरोपको सिकार बनेको समितिले पूर्णता प्राप्त गर्न सकेको छैन । सात दल र माओवादीले समितिलाई पूर्णता दिने बताउँदै आएपनि क-कसलाई पठाउने भन्ने निर्णय अझै गरेका छैनन् ।

यो समाचार तयार पारुन्जेल (१४ असार)सम्म समितिले पूर्णता नपाएको विडम्बनापूर्ण अवस्थामा जिम्मेवारी पाएका अर्याल, वरिष्ठ अधिवक्ता हरिहर दाहाल, सिन्धुनाथ प्याकुरेल, महादेव यादव, बार अध्यक्ष शम्भु थापा र अधिवक्ता खिमलाल देवकोटाले लामो समय 'कार्यालय'मा बसेर अनौपचारिक छलफल गरेर औपचारिकता निर्वाह गरिरहेका छन् । सदस्य प्याकुरेल भन्छन्, 'समितिमा मानिस थपिने भन्ने थाहा छ, को को थपिने हुन् थाहा नभई, उनीहरू नआईकन कसरी काम थाल्नु ।' उनी भन्छन्, 'हामी निर्णायक विषयमा प्रवेश गरेका छैनौं ।'

संविधान मस्यौदा समितिले अर्को ज्वलन्त प्रश्न पनि उठाएको छ । आफूहरूको नियुक्तिलाई सरकारले पनि अनुमोदन गर्नुपर्ने र नियुक्तिको सूचना राजपत्रमा प्रकाशित गर्नुपर्ने उनीहरूको अडानलाई सरकारले महत्त्व नदिएको गुनासो छ ।

सरकार-माओवादी वार्ताटोली हतारमा जसरी समितिहरू गठन गर्न सफल भए पनि तिनलाई काममा लगाउन प्रभावकारी बन्न नसकेको देखिन्छ । काम र कुरा मिल्न सकेको तथा बोली र व्यवहारमा तालमेल ल्याउन सकेको अवस्थामा मात्र सार्थक परिणाम सम्भव छ । ■





भास्वर ओझा

# अभाव अभिभावकको

■ किरण भण्डारी/काठमाडौं

**जनआन्दोलनको** भावनाअनुरुप संसद् र सरकार मातहत बनाई राजपरिवारको करियाबाट जनउत्तरदायी र गौरवशाली संगठन बनाउन शाही नेपाली सेनाको नाम परिवर्तन गरी नेपाली सेना बनाइएको डेढ महिना नाघेको छ।

प्रतिनिधिसभा घोषणाअनुरुप सेनाको कार्यपद्धतिमा संगति ल्याउन सम्बन्धित ऐन नियम संशोधन र हेरफेरको गृहकार्य अन्तिम चरणमा पुगेको छ। राजकीय शक्तिको स्रोत र सार्वभौमसत्ताका मालिक जनताप्रति उत्तरदायी भई काम गर्ने वाचासहित प्रतिनिधिसभासमक्ष केही दिनभित्रै प्रधानसेनापति सहितका सैनिक अधिकारीहरूले शपथ लिनेछन्।

असोज १८ को शाही घोषणादेखि नै सेनाको स्थान र भूमिकाको विषयमा उठेका प्रश्न तार्किक निष्कर्ष नजिक पुगिरहेका बेला सत्तारुढ घटकबीच यो संगठनबारे देखिएको मतभिन्नताले पुनः अलमल देखापरेको छ। सर्वदलीय सरकारका उपप्रधानमन्त्रीहरूदेखि मन्त्रीसम्मले विद्रोही माओवादीका अध्यक्ष प्रचण्डको टिप्पणीलाई निहुँ बनाएर सेनाको 'पोजिसन'बारे आफ्नो पृथक् धारणा सार्वजनिक गरेका छन्। सरकारका मन्त्रीहरूको यस किसिमको विमति सार्वजनिक हुँदा सेना र प्रकारान्तरमा दरवारले चलखेल गर्ने ठाउँ पाउने सम्भावनाप्रति चिन्ता व्यक्त भएको छ, कुनै कोणबाट।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको निवास, बालुवाटारमा असार २ गते सार्वजनिक हुँदै माओवादी अध्यक्ष प्रचण्डले सेनाको आकार र यसको प्रयोजनबारे दिएको कटु अभिव्यक्ति सात दलका मन्त्रीहरू मात्र होइन शीर्षस्थ नेताहरूबीच अझै चर्चाको विषय बनेको छ।

शाहीबाट नाम परिवर्तन गरी नेपाली सेना बनाइए पनि संविधान र कानुनले तोकेको परिधिभन्दा माथिल्लो स्थान दिलाउने वा खुम्च्याउने कित्तामा मन्त्रीहरू देखिएका छन्। सेनालाई प्रधानमन्त्रीको आँगनबाट संगीन आरोप लगाउँदा सरकार मौन बसेको भनी विभिन्न कोणबाट आलोचनासमेत भएको छ। अर्कोतर्फ सीमा रक्षा गर्ने सामर्थ्य नभएको सेनाबारे प्रचण्डको टिप्पणी नाजायज होइन भन्ने मन्त्रीहरू पनि सरकारमा छन्।

सरकारले आफूअन्तर्गतको अंगमा सेनाको अभिभावकत्व देखाउन नसकेको तर्क आलोचनामा उत्रनेहरूले गरिरहेका छन्। सेनालाई प्रतिनिधिसभाप्रति उत्तरदायी बनाइसकिएको अवस्थामा सदनले समेत यो आरोपमाथि कानमा तेल हालेर बस्नु हुँदैनथ्यो भन्ने तर्क पनि प्रचण्डको आरोपबाट क्षुब्ध भएकाहरूले लगाएका छन्। प्रतिनिधिसभा नियमावलीको नियम २०५ मा सैनिक विषय हेर्न विशेष समिति रहने व्यवस्था छ। सेना र सोसम्बन्धी मामिला साविकदेखि नै राज्य व्यवस्था समितिको क्षेत्राधिकारमा रहँदै आएको छ।

'सुगौली सन्धिदेखि यो सेनाले कुनै युद्ध लडेको छैन। महिलालाई बलात्कार गर्ने र नेपाली जनता



असार १४ गते बसेको राज्य व्यवस्था समितिको बैठक। समितिले केही दिनभित्रै सेनासम्बन्धी विषयको छलफल कार्यक्रम राखेको छ।

मार्ने बाहेक यसले कुनै काम गरेको छैन', प्रचण्डले असार २ गते साँझ प्रधानमन्त्री निवासमा भएको पत्रकार सम्मेलनमा भनेका थिए, जसबारे ६ दिनसम्म कसैले पनि औपचारिक प्रतिक्रिया दिएनन्। सरकारका जिम्मेवार मन्त्रीहरू, एमाले महासचिव माधवकुमार नेपाल, प्रजातान्त्रिक कांग्रेसका सभापति शेरबहादुर देउवाको उपस्थितिमा प्रचण्डले नेपाली सेनाको खिल्ली उडाउँदा कसैको पनि खास ध्यान आकर्षित भएन। लामो मूर्च्छनाबाट ब्यूँझेझैं पछि नेताहरू चिन्तित देखिएका छन्।

२५ वर्ष लामो भूमिगत जीवन त्यागेर सार्वजनिक भएका प्रचण्डको ओजनदार वक्तव्यको सर्वत्र प्रशंसा भयो। तर, सेनालाई आमहत्यारा र बलात्कारीको आरोप उच्चस्तरीय नेताबाट आउनुले उनको सम्बोधनमा ढुंगा लाग्यो भनियो, तटस्थ र व्यवसायिक व्यक्तिहरूबाट। प्रचण्डको आरोपबारे ६ दिनसम्म सबैले मौनता साँधे। प्रधानमन्त्री कोइराला भोलिपल्टै स्वास्थ्योपचारका लागि बैंकक गएकाले पनि मौनतालाई लामो बनाएको धेरैको विश्लेषण छ।

उपप्रधानमन्त्री केपी ओली विदेश भ्रमणबाट फर्केकै दिन सेनाले प्रचण्डको भनाइप्रति आपत्ति जनाउँदै वक्तव्य दियो। भोलिपल्ट प्रधानसेनापति प्यारजंग थापा र बलाध्यक्ष रुक्मांगत कटुवालले ओलीलाई कार्यवाहक प्रधानमन्त्री र रक्षामन्त्रीको हैसियतमा भेटघाट गरे। ओलीले 'माओवादीले पनि बलात्कार गरेका छन्' भन्ने धारणा सार्वजनिक गरेकाले सेनाको अघिल्लो विज्ञप्तिसँग उनको कुनै तालमेल त थिएन भन्ने प्रश्न उब्जायो। प्रचण्डले सेनाबारे दिएको आपत्तिजनक टिप्पणीबारे सरकार र मन्त्रालयले केही नबोलेकाले सेना बोल्नुपरेको बताउँदै ओली सेनाको प्रतिरक्षामा उत्रेका छन्।

प्रधानमन्त्री कोइरालाबाट लिखित रूपमा कार्यवाहक प्रधानमन्त्री र रक्षामन्त्री बनाइएका अर्का उपप्रधानमन्त्री अमिक शेरचन ओलीको धारणाभन्दा विपरीत विचारसहित प्रस्तुत भए। सैनिक जर्नेललाई महत्त्व दिएका ओलीलाई 'काउन्टर' दिन शेरचनले रक्षा सचिवमार्फत सेनालाई राजनीतिक र नीतिगत विषयमा वक्तव्यवाजी नगर्न निर्देशन दिए। जनआन्दोलनपश्चात् उत्पन्न नागरिक सर्वोच्चताको फाइदा उठाउँदै रक्षा मन्त्रालयले सेनालाई आफ्नो 'साइज'बाट हलचल नगर्न भन्यो।

सेनासम्बन्धी प्रचण्डको धारणाविरुद्ध सैनिक मुख्यालयका उच्च अधिकारी सर्वाधिक आक्रोशित भए। तीन दशकअघि गरिएको खम्पा विद्रोह नियन्त्रण, प्राकृतिक र दैवी प्रकोपमा उद्धार, शान्ति सेनामा सहभागिता लगायत क्षेत्रमा सेनाले उल्लेखनीय भूमिका निर्वाह गरेकोमा जथाभावी आरोप आउँदा पनि माथिल्लो तह र निकायले मौनता साँचेको भन्दै जर्नेलहरू क्षुब्ध भए।

त्यसपछि प्रधानसेनापति थापाले कोइरालालाई बैंककमा नै जानकारी गराएर मात्र वक्तव्य निकालेको दाबी सैनिक स्रोतको छ। स्वदेश फर्कने क्रममा कोइरालाले विमानस्थलमा केही पनि नबोलेकाले त्यो दाबीमा बल पुगेको छ। प्रचण्डले आरोप लगाएको पाँच दिनसम्म आयोगले रक्षालाई अनुरोध गर्दा पनि विज्ञप्ति निकाल्न नमानेपछि सेना स्वयं बाध्य भएको सैनिक अधिकारीहरू अनौपचारिक रूपमा बताउँछन्।

सेनाले प्रचण्डविरुद्ध वक्तव्य निकाल्नु हुन्थ्यो हुँदैनथ्यो भन्ने विषयमा मन्त्रीहरूबीच तीव्र मतभेद छ। ओली र अर्थमन्त्री डा. रामशरण महतको सेनाप्रति सद्भाव भएको देखिएको छ। कांग्रेसका मन्त्रीद्वय गृहमन्त्री कृष्णप्रसाद सिटौला र कृषिमन्त्री महन्थ ठाकुरले 'सेनाले जथाभावी बोल्न नहुने' भनेका छन्। एमाले र माओवादीबीचको आपसी झगडाको प्रतिविम्बको रूपमा पनि यो विवादलाई लिइएको छ। प्रचण्ड र अर्का शीर्षस्थ नेता डा. बाबुराम भट्टराई काठमाडौं फर्केपछि दुई साताअघिको विषय फेरि उप्किएको छ।

सेनाको विषयमा प्रचण्डले गरेको विवादास्पद टिप्पणीबारे कांग्रेस प्रजातान्त्रिकका सभापति शेरबहादुर देउवाले आपत्ति प्रकट गरेपछि चर्चा फेरि सुरु भएको हो। राजधानीमा फर्किएर माओवादी शीर्षस्थ नेताहरूले सुरु गरेको राजनीतिक भेटघाटका क्रममा असार १३ गते बिहान देउवाले प्रचण्डसँग सेनाबारे 'किन त्यति आक्रामक टिप्पणी गरेको' भनी प्रश्न गरेका थिए। स्रोतका अनुसार देउवानिवास बूढानीलकण्ठमा बिहान ७.३० बजे भेटघाटको क्रममा देउवाको उक्त प्रश्नमा प्रचण्डले सञ्चारमाध्यममार्फत सेनाबारे आफ्नो भनाइ प्रस्ट पार्ने बताएका छन्।

लोकतन्त्र भनेको सेनासहित राज्यका सबै अंगमा दृढ रुपमा नागरिक नियन्त्रण रहनु हो। मन्त्रीहरूमा देखिएको मतभिन्नताले सेनाको मनोबल झनै घट्छ भन्नेहरू पनि छन्। सरकारको महत्त्वपूर्ण अंग हुँदा पनि व्यवहारिक रुपमा सेना लावारिस जस्तो बनेको छ।

सेना र सरकारबीच व्यवसायिक सम्बन्ध विकास गरी साँच्चिकै जनउत्तरदायी भएर परिवार सेवाको 'ह्याङ'बाट व्यवहारमा माथि उठ्न सके सेना सुध्रिएको मान्न सकिन्छ। नरेशको सेवा मूलमन्त्र बनाएको सेना प्रजातान्त्रिक बन्छु भनेर कसम खाँदा पनि उसको अभिव्यक्ति शंकाको घेरामा पर्छ।

असार ८ गते सैनिक प्रवक्ताको विज्ञप्तिमा 'सेना वैधानिक सरकारको प्रत्यक्ष निर्देशनमा देशको सार्वभौमिकता तथा अखण्डताको रक्षार्थ र नेपाल तथा नेपाली जनताको इज्जत उच्च राख्न सदैव समर्पित रहिआएको छ, रहिरहनेछ' भनिएको छ।

तर २०१७ पुस १, २०५८ असोज १८ र २०६१ माघ १९ पछि वैधानिक सरकारविरुद्ध राजाले सेनालाई प्रयोग गरेका उदाहरण छन्, त्यसले नाम परिवर्तन हुँदैमा सेनाप्रति जनताको अन्य सरकारी निकायप्रति जत्तिकै विश्वास बन्न नसक्ने स्मरण गराउँछ। तर, अहिलेको परिवर्तन युगान्तकारी भएकाले सेनालाई हातेमालो गरेर लानु सरकारको कर्तव्य हो। लोकतन्त्रका पक्षमा माओवादीको प्रतिबद्धताको व्यवहारबाट अग्निपरीक्षा हुनुपर्छ भनेझैं सेनाको भविष्यको क्रियाकलापले मात्र उसको चरित्र प्रजातान्त्रीकरण भए नभएको मात्र होइन, ऊ वास्तवमा जनताप्रति उत्तरदायी भए नभएको पनि जाँच्न सकिन्छ।

यति हुँदा हुँदै पनि आफ्नो अधीनमा रहेको सेनाप्रति सरकारका सदस्यहरूको धारणा साझा हुनैपर्छ। सेनाको सिंगो संगठनलाई नै सबै दोषको भारी बोकाउनुको सट्टा वस्तुगत भएर सेनालाई समेत

विश्वासमा लिने प्रयास नगर्ने हो भने कागजमा जस्तोसुकै व्यवस्था गरे पनि २०४७-२०५९ को अवधिको अवस्थाबाट परिष्कृत हुन सकिँदैन।

विगतमा राजनीतिक नेताहरूमा सेनाका सम्बन्धमा दुईवटा चरित्र बढी हावी भयो। पहिलो सेनालाई खुसी पारेर दरवारको सद्भाव लिने अभिलाषा, दोस्रो सेनालाई सधैं छोइछिटोमा राख्ने प्रवृत्ति। दुवै अतिवाद अहिले फेरि हुर्किन लागेको छ, जसले अन्ततोगत्वा सेनालाई प्रतिगामी कित्तामा पुऱ्याउँछ।

सेनाको राजनीतिक अभिव्यक्तिमाथिको विवादलाई यसको उत्पत्तिको कारणदेखि नै सम्बोधन नगर्ने हो भने विगतमा दरवारलाई खुसी पार्न रमेशनाथ पाण्डेलाई राष्ट्रियसभाको अध्यक्ष बनाउनसम्म तम्सेका प्रमुख दलहरूले अब पनि विपक्षीको सेखी झार्न सेनालाई अनावश्यक भूमिका दिन सक्छन्। त्यस्तो अवस्थामा नरभक्षी बाघले मान्छे भेटायो कि झम्टिहाल्छ भनेझैं सेनाको महत्त्वाकांक्षा पुनः जागृत हुन सक्छ।

प्रजातन्त्र संस्थागत गर्न सेना नागरिक प्रशासनको मातहत हुनुपर्ने धारणा सार्वजनिक गरेर अमेरिकी राजदूत जेम्स एफ मोरियार्टीले पुनः सरकारका मन्त्रीहरूको अहिलेको दोहोरीप्रति असन्तोष जनाएको सन्देश दिएका छन्।

भदौ मध्यमा प्रधानसेनापति थापाको अवकाशपछि उत्तराधिकारीको चयन सरकारले कतिसम्म प्रजातान्त्रिक, पारदर्शी र सन्तोषजनक ढंगले गर्न सक्छ भन्ने विषय नै कार्यशैलीमा प्रजातान्त्रीकरणको नमुना हो। प्रतिनिधिसभा राज्य व्यवस्था समितिले आगामी बैठकका योजनामा नेपाली सेनाको विद्यमान अवस्था, राष्ट्रिय सुरक्षा नीति, सैनिक गुप्तचर विभाग, सैनिक कल्याणकारी कोष लगायतका रक्षामन्त्री, सचिव र प्रधानसेनापति लगायतसँग जानकारी लिने विषयलाई समावेश गरी सेनाको प्रजातान्त्रीकरणबारे आफ्नो चासो देखाएको छ।

### संशोधन अन्तिम चरणमा

प्रतिनिधिसभाको घोषणाअनुरुप सेनाको आधारभूत चरित्रलाई परिवर्तन गर्न सेनासम्बन्धी ऐन संशोधन कार्य अन्तिम चरणमा पुगेको छ। घोषणा कार्यान्वयन समितिले सेनासम्बन्धी पुराना तीन ऐन प्रतिस्थापन गर्न बनाएको विधेयकका मस्यौदा यथाशीघ्र मन्त्रिपरिषद्मा बुझाउने कार्यसूची बनेको छ।

समितिका सदस्य श्रीकान्त रेग्मीका अनुसार सेनासम्बन्धी तीनवटा ऐन खारेज गरी जनआन्दोलन र प्रतिनिधिसभा घोषणाको मर्मअनुसारको नयाँ ऐन मस्यौदा भइसकेको छ। 'प्राविधिक सुधारपछि यथाशीघ्र त्यो विधेयक मन्त्रिपरिषद्मा पठाउँछौं', रेग्मीले भने। अख्तियार सुम्पने ऐन २०१५, प्रधानसेनापतिको काम कर्तव्य र अधिकार तथा पारिश्रमिकसम्बन्धी ऐन २०२६ र सैनिक ऐन २०१६ खारेजीमा पर्ने भएका छन्।

नेपाली सेनासम्बन्धी कानुनमा संशोधन र एकीकरण सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकले तीनवटै ऐनका विषय समेटेको छ। विधेयकले मुलुकको सार्वभौमसत्ता, अखण्डता तथा एकताको लागि सेनाको स्थापना भएको खुलाएको छ। यसअघि सेनाको सामान्य उद्देश्य र स्थापनाबारे समेत केही लेखिँदैनथ्यो। सेनाको आधारभूत कर्तव्य र प्रयोजन राजाको तावेदारी गर्नु बनाइएको थियो।

परिवर्तित सन्दर्भमा केही नवीन विषय समेटेर मस्यौदा बनेको छ। सेना परिचालन र सैनिकसम्बन्धी सम्पूर्ण निर्णयमा राष्ट्रिय सुरक्षा परिषद्लाई प्रमुख निकाय बनाइएको छ। प्रधानमन्त्रीको अध्यक्षतामा बन्ने समितिका सदस्यहरूमा रक्षा, गृह, परराष्ट, सूचना तथा संचारमन्त्री रहेका छन्। कल्याणकारी कोषलाई विवादमुक्त बनाई पारदर्शी बनाउने चेष्टा विधेयकले गरेको छ। वहालवाला र भूतपूर्व कर्मचारी हितका लागि कल्याणकारी कोषको रकमको उपयोग गर्नुपर्ने र १५ प्रतिशतभन्दा बढी कट्टी गर्न नपाइने कानुनी व्यवस्था बनेको छ।

भ्रष्टाचारसम्बन्धी कसुरका विषयमा समेत पहिलोपटक बोलेको छ विधेयक। यसअघि सेनाभित्र भ्रष्टाचारलाई समेत कसुर मान्ने चलन थिएन। प्रचलित कानुननले भ्रष्टाचार ठहऱ्याएको विषयमा सैनिक ऐनअनुसार सैनिक अदालतमा कारबाही चल्ने व्यवस्था गरिएको छ। सैनिकले गैरसैनिक क्रियाकलापका बेला कुनै पनि किसिमको कुटपिट वा अन्य अपराध गरे सार्वजनिक व्यक्तिसरह छानविन र सजाय हुने व्यवस्था लगायत सेनालाई पारदर्शी र जनउत्तरदायी बनाउनु परेको छ। ■

## कसले के भने ?

- **सुगौली सन्धिदेखि यो सेनाले कुनै युद्ध लडेको छैन। त्यसैले महिलालाई बलात्कार गर्ने र नेपाली जनता मार्ने बाहेक यसले कुनै काम गरेको छैन।**
  *प्रचण्ड, असार २*
- **सवा दुई सय वर्षभन्दा बढीको गौरवमय राष्ट्रभक्तिको परम्परा भएको नेपाली सेनालाई लक्षित गरी माओवादी अध्यक्षबाट व्यक्त आपत्तिजनक टिप्पणी र आरोपप्रति सेनाको गम्भीर ध्यानाकर्षण भएको छ।**
  *सैनिक प्रवक्ता नेपालभूषण चन्द, असार ८*
- **सेनाले नीतिगत विषयमा विज्ञप्ति निकाल्नु हुँदैन। सेनाको विज्ञप्ति सरकारको भनाइ होइन। आधिकारिक धारणा भएको भए मन्त्रालयमार्फत विज्ञप्ति आउँथ्यो।**
  *कृषिमन्त्री महन्थ ठाकुर, असार ८*
- **माओवादीले पनि बलात्कार गरेका छन्, विकास निर्माण मात्र गरेका छैनन्।**
  *उपप्रधानमन्त्री केपी शर्मा ओली, असार ९*
- **समारोह, तालिम, अभ्यासबाहेक अरू विषयमा सैनिक मुख्यालयले कुनै पनि खालको विज्ञप्तिबाजी, खण्डन र पत्रकार सम्मेलन नगर्नु।**
  *रक्षा मन्त्रालयको निर्देशन, असार ९*
- **सेना सरकारको अंग हो। यसबारे बोल्नुपर्ने विषयमा सरकार बोल्छ, सेना अघि सरेर बोल्नु हुँदैन।**
  *गृहमन्त्री कृष्णप्रसाद सिटौला, असार १०*
- **सेनाबारे किन त्यस्तो टिप्पणी गरेको ?**
  *प्रचण्डसँग शेरबहादुर देउवाको प्रश्न, असार १३*




# 'पार्टीमा मेरो मतभेद दर्ज छैन'

सरकार–माओवादी गत वार्ताकालपछि कतै सार्वजनिकरुपमा नदेखिएका माओवादीका वरिष्ठ नेता रामबहादुर थापा 'बादल' लाहान बजार नजिकै राजमार्ग छेउको एउटा घरमा केही पत्रकारहरुबिच असार ११ गते सार्वजनिक भए । आकाशे रंगको कमिजमा माओवादी केन्द्रिय सदस्यहरु सितलकुमार (हरिबोल गजुरेल) र गोपाल किरातीसंगै रहेका बादलले 'मेरो वारे धेरै जिज्ञाशा र भ्रम रहेकाले तपाईहरुका अघि आएको हु' उल्लेख गर्दै आफूवारे स्पष्टीकरण दिन र समसामयीक राजनीतिक परस्थितीबारे धारणा राख्न एक घण्टा लामो मन्तब्य दिए । मन्तब्य र अन्तरवार्तामा माओवादीको वर्तमान नीतिप्रति उनको असन्तुष्टी कतै देखिंदैनथ्यो । तर, अर्का बरिष्ठ नेता डा. बाबुराम भट्टराईप्रति आक्रोश रहेको भने झल्को पाईन्थ्यो । बाबुरामको नाम नलिई बादलले 'पार्टी भित्रका अवसरवादी' भन्दै प्रतिस्पर्धी नेताप्रति आक्रोश जाहेर गरेका थिए र कारवाही गरिएका रविन्द्र श्रेष्ठसंग आफ्नो भन्दा बाबुरामकै निकटता र लामो सम्बन्ध रहेको बताएका थिए । प्रस्तुत छ, उनीसंग गरिएको अन्तरवार्ताको सारसंक्षेप:



रामबहादुर थापा 'बादल', वरिष्ठ नेता, नेकपा (माओवादी)

**जनयुद्ध कुन अवस्थामा पुग्यो भन्ने लाग्छ ?**

जनयुद्ध अहिले पनि प्रत्याक्रमण चरणमै छ। प्रत्याक्रमण निर्णायक चरण हो र यसको लक्ष्य गणतन्त्र हो। गणतन्त्र शान्तिपूर्ण ढंगले अर्थात् संविधानसभाको माध्यमबाटै हासिल गर्न सक्ने सम्भावना विगत आन्दोलनबाट पैदा भएको छ। त्यसैले शान्तिपूर्ण ढंगले गणतन्त्रमा पुग्ने नीतिलाई अहिले हामी जोड दिइरहेका छौं।

**अहिलेको माओबादी कार्यनीति विगतको जनयुद्धसँग जोड्न मिल्छ ?**

निश्चय नै, अहिलेका हाम्रा गतिविधि क्रान्तिको कार्यदिशासँगै जोडिन्छन्। क्रान्तिको कार्यदिशामा जनयुद्ध एउटा पक्ष हो। तर, अहिले जनयुद्ध पृष्ठभागमा छ। त्यही कारण जनमुक्ति सेना युद्धविरामको स्थितिमा छ। शान्तिपूर्ण प्रक्रियाद्वारा गणतन्त्रमा पुग्न सक्ने सम्भावना देखिएकाले जनमुक्ति सेनालाई पृष्ठभागमा राखिएको हो।

**शान्तिपूर्ण आन्दोलनबाट लक्ष्य प्राप्त हुने कुरा भर्खरैको आन्दोलनबाट तपाईंहरूले शिक्षा प्राप्त गर्नुभएको हो कि पहिले पनि यस्तो सम्भावना देख्नुभएको थियो ?**

क्रान्तिका क्रममा यस्ता विशिष्ट सम्भावनाहरू पैदा हुन्छन्। यस्तो संश्लेषण हामीले मात्र होइन, मार्क्स, लेनिन र माओले पनि गर्नुभएको थियो। कम क्षति र रक्तपातविहीनरुपमा त्यस्तो सम्भावना पैदा हुन्छ भने क्रान्तिहरूले त्यसलाई प्राथमिकता दिनुपर्छ भन्ने मान्यताअनुसार अहिले हामी यो बाटोमा छौं।

**तर, पहिले त यसो भन्नुभएको थिएन नि, हैन ?**

जनयुद्ध सुरु गर्नुअघि हामी शान्तिपूर्ण आन्दोलनमै थियौं। गैरफौजी आन्दोलनमा हामी त्यस बेला हुनु भनेको त्यस्तो सम्भव छ भन्ने देखेर नै हो। तर, पछि त्यस्तो सम्भावना रहेन। हामीले उल्टो परिणाम पायौं, शान्तिपूर्ण आन्दोलनमा। त्यसैले हामी जनयुद्धमा गयौं। तर, जनयुद्धमा हुँदा पनि हामीले जनआन्दोलनको पक्षलाई छाडेका थिएनौं। जनयुद्ध र जनआन्दोलनलाई एकीकृतरूपबाट लक्ष्यसँग जोडिनुपर्छ भन्नेमा हामी छौं र संविधानसभाको निर्वाचन त्यसैको योग हो भन्ने हाम्रो संश्लेषण हो।

**अहिले पृष्ठभागमा रहेको जनयुद्ध फेरि अघि आउने सम्भावनाचाहिँ कति छ ?**

हामी कहिल्यै पहिले सिद्धान्त बनाउँदैनौं। पहिले आवश्यकता बुझ्छौं र त्यसलाई हाम्रो नीति निर्माणमा वस्तुगत आधार बनाउँछौं। त्यसकारण भोलि जनयुद्ध फेरि हुन्छ कि हुन्न भन्ने सम्भावना अहिले हामी भन्न सक्दैनौं। फेरि जनयुद्ध गर्नु नपरोस् भनेर हामीले अहिले अपेक्षा गर्ने मात्र हो। दुस्मन र जनविरोधीले शान्तिपूर्ण ढंगले अघि बढ्न दिएनन् भने जनताले नै विद्रोह गर्छन्। हाम्रो सेनाले त जनताको नेतृत्व गर्ने मात्र हो। त्यस्तो अवस्था आउँदा जनताको नेतृत्व गर्न आफूलाई तयारचाहिँ हामीले पार्नैपर्छ। तर, अहिलेको मूल सम्भावना भनेको शान्तिपूर्ण ढंगले गणतन्त्रमा संक्रमण गर्ने नै हो।

**कस्तो अवस्थामा फेरि जनयुद्धमा फर्कनुपर्ने हुनसक्छ ?**

साम्राज्यवादी र सामन्ती तत्त्वहरूले जनतालाई हिंसात्मक दमन गरे र जनआन्दोलनको बलबाट मात्रै त्यसको प्रतिकार गर्न सकेनौं भने हतियारको सहारा लिनुपर्ने हुन्छ। त्यस्तो अवस्थामा जनआन्दोलन र जनयुद्ध एकीकृत गरेर हामी दमनको प्रतिरोध गर्छौं। त्यो अवस्थामा जनयुद्ध फेरि सुरु हुन सक्छ।

**अहिले पनि त्यस्तो दमन हुने सम्भावना देखिरहनुभएको छ ?**

विश्व र नेपालकै इतिहास हेर्ने हो भने त्यस्तो सम्भावना रहेको पाउँछौं। प्रजातन्त्रको दुहाई दिने शक्तिहरूले नै इन्डोनेसियामा चरम दमन गरे। निकारागुवामा त्यस्तै भयो। नेपालमै पनि कोतपर्वको इतिहास छ। नारायणहिटी दरवार हत्याकाण्ड पनि हामीले देखेका छौं। ज्ञानेन्द्रको 'कु' र सशस्त्र दमन पनि हामीले देखेका छौं। यी राष्ट्रिय र अन्तर्राष्ट्रिय परिघटनाबाट हामीले शिक्षा लिनैपर्छ र नेपाली जनताले आफूलाई जुनसुकै परिस्थितिका निम्ति पनि तयार राख्नुपर्छ। तर, अहिले तात्कालिक सम्भावनालाई प्रधान जोड दिएर जानुपर्ने त छँदै छ।

**दमन भए मात्र प्रतिरोध गर्ने भन्नुभयो। तर, विगत वार्तामा त पहिले तपाईंहरूबाटै आक्रमण भयो नि, हैन ?**

हामीले त्यस बेला पहिले पहल लिएको मात्र हो। वार्तालाई शान्तिपूर्ण निकासमा पुऱ्याउने त्यस बेला सत्ताको कुनै योजना थिएन र ऊ हिंसात्मक दमनको तयारीमा थियो। दाङमा उनीहरूले त्यस्तो तयारी गरिरहेका थिए र हामीमाथि आश्चर्यजनक र आकस्मिक आक्रमण गर्ने योजनामा थिए। त्यसैले त्यसविरुद्ध हामीले पहल लिएका हौं र तत्कालीन सत्ताको षड्यन्त्र चकनाचुर पारेका हौं।

**अहिले पनि कुनै षड्यन्त्र भइरहेको महसुस भयो भने पहिले जस्तै आक्रमणको पहल लिने काम हुन्छ त ?**

सिद्धान्ततः त्यो हुन सक्छ। तर, जनता र बन्न लागिरहेको गणतान्त्रिक मोर्चाले के महसुस गर्छ भन्ने कुराले त्यो सबै निर्धारण गर्ने हो। पराजित हुनुअघि नै जनताले आक्रमणको पहल लिनुपर्ने कुराचाहिँ अनिवार्य हो। त्यो भएन भने दुस्मनको षड्यन्त्रमा जनता फस्छन् र जनताको अपेक्षा पूरा हुन सक्दैन।

**गणतान्त्रिक मोर्चा कस्ता शक्तिहरूबीच बन्नेछ ?**

राजाविनाको शासन चाहने जनपक्षीय शक्तिहरू हुनेछन्, त्यस्तो मोर्चामा। हामीले हेर्‍यौं भने हरेक दलमा गणतन्त्र चाहने शक्तिहरू देख्छौं। कांग्रेसमा नरहरि आचार्यको खुला मत नै छ, गणतन्त्रको पक्षमा। एमालेका वामदेव गौतम र शंकर पोखेलहरूले सार्वजनिकरूपमै आफ्नो मत जाहेर गरेका छन्। एमाले त गणतान्त्रिक शक्तिका रूपमा निर्णय गरेरै अघि आइसकेको छ। नागरिक समाजमा पनि गणतान्त्रिक शक्तिको ठूलो वर्चस्व छ। यी सबै शक्तिलाई एकीकृत बनाउन गणतान्त्रिक मोर्चा आवश्यक छ, अहिले।

**अध्यक्ष प्रचण्डले त एमाले जनतामा नांगिसकेकाले ऊसँग कुनै मोर्चा बन्न सक्दैन भन्नुभएको छ नि ?**

त्यो सन्दर्भमा अध्यक्षले भन्नुभएको होइन। एमालेसँग एकता भइरहेको छ। वार्ता र सहमति हुनु पनि एकताको अभिव्यक्ति त हो नि। अध्यक्षले पार्टी एकताको सन्दर्भमा भन्नुभएको हो। किनभने पार्टी एकताका निम्ति त वैचारिक आधार तयार हुनुपर्‍यो। तर, गणतान्त्रिक मोर्चाका निम्ति त्यस्तो पूर्वाधार तयार हुनुपर्दैन।

**त्यसो भए एमालेसहितको मोर्चा बन्न सक्छ होइन त ?**

हामीले कुनै पार्टीलाई ठोस रूपमा इंगित गर्नेभन्दा राजनीतिक सर्तहरू स्पष्ट गर्ने हो। गणतन्त्र मान्नेहरू त्यो मोर्चामा सामेल हुन सक्छन्।

**नेपाली कांग्रेसका सभापति तथा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले 'सेरेमोनियल किङ'को पक्षमा आफूलाई उभ्याउनुभएको छ, नेपाली कांग्रेस त्यस्तो मोर्चामा आउन सक्ला ?**

मोर्चामै आउने सम्भावना नभए पनि ऊसँग तालमेल हुन्छ। किनभने नेपाली कांग्रेस पनि निरंकुश राजतन्त्रविरोधी शक्ति हो। त्यसैले निरंकुश राजतन्त्रविरोधी सबै शक्तिसँग तालमेल हुनुपर्छ र हुन्छ।

**गणतान्त्रिक मोर्चालाई कहाँसम्म पुऱ्याउने सोच बनाउनुभएको छ ?**

गणतन्त्रले मूर्तिकृत रूप नलिएसम्म त्यो रहन्छ। गणतन्त्र आइसकेपछि पनि गणतान्त्रिक सरकारलाई त्यो मोर्चाले सहयोग गर्नेछ। मोर्चाले दीर्घकालीन स्वरूप लिन पनि सक्छ।

**अहिले चलिरहेको वार्तामा कतै समस्या पर्ने देखिरहनुभएको छ ?**

अहिले नै त्यस्ता समस्या देखिएका छैनन्। तर, केही प्राविधिक समस्या आउन सक्लान् भन्ने लाग्छ। जस्तै सैन्य व्यवस्थापन, अन्तरिम विधान र अन्तरिम सरकार निर्माण तथा संविधानसभा निर्वाचनको तयारी जस्ता कुरामा प्राविधिक समस्या आउलान्। तर, आठबुँदे सहमतिसम्म आउँदा जटिल समस्या देखिएका छैनन्।

**अन्तरिम विधानमा राजाको स्थान कस्तो रहनुपर्छ ?**

हाम्रो जोडचाहिँ अन्तरिम विधानमै राजालाई स्थान नदिने भन्ने रहन्छ। संविधानसभाले गणतन्त्रलाई औपचारिक रूप दिने मात्र हो, अहिले नै गणतन्त्र घोषणा गरेर जानुपर्छ भन्ने हाम्रो जोड हो। तर, अहिलेका सबै जनशक्ति यसमा पूर्णतः सहमत नभएको हुनाले संक्रमणकालका रूपमा अहिलेको अवस्थालाई लिने कुरा हामीले स्विकारेका हौं। राजाको स्थिति पनि अहिले संक्रमणकालीन नै हुनेछ। संविधानसभाको निर्वाचनबाट बन्ने नयाँ संविधानले मात्र राजालाई स्थान दिँदैन। संविधानसभा निर्वाचनको अवस्थासम्म राजतन्त्र 'कोमा'मा रहने हो।



# रामबहादुर थापा 'बादल'

**सेरेमोनियल राजतन्त्र भएकै अवस्थामा पनि माओवादी अन्तरिम सरकारमा जान्छ त ?**

यो कुरा त्यसै बेला निश्चित हुने कुरा हो। परिकल्पनाकै आधारमा हामी हाम्रा नीति निर्धारण गर्दैनौं। किनभने त्यसो गर्दा मनोगत हुने र अवसरवादमा फस्ने खतरा हुन्छ। तर, अन्तरिम विधानमै पनि राजाको स्थान शक्तिका रूपमा रहँदैन भन्ने निश्चित छ। अन्तरिम विधानमा 'राजाको कुरा संविधानसभाले निश्चित गर्छ' भनेर उल्लेख हुनुपर्छ।

**अन्तरिम सरकारमा जाने बेलासम्म तपाईंहरूको सेनाको अवस्था के हुनेछ ?**

पहिले अन्तरिम विधान बन्छ, त्यसपछि अन्तरिम सरकार बन्छ। सेना भनेको सरकारको अंग हो। जनयुद्ध र जनआन्दोलनबाट निर्मित जनसत्ताको अन्तरघुलन नै अन्तरिम सरकार हुने हो। पुरानो सत्ताअन्तर्गत रहेको र हाम्रो जनमुक्ति सेना दुवै अन्तरिम सरकारको मातहत रहनेछन्। अन्तरविरोध त पुरानो सत्ताअन्तर्गत रहेको सेना र अन्तरिम सरकारबीच रहनेछ, किनभने त्यो सेना लामो समय दरबारअन्तर्गत रह्यो र त्यो अहिले पनि तेस्रो सत्ताको रुपमा छ। त्यसै कारण त्यसलाई अन्तर्राष्ट्रिय र अन्तरिम सरकारको सुपरीवेक्षणमा राख्नु आवश्यक मानिएको हो।

**जनमुक्ति सेना त माओवादीको मात्र हो नि हैन ? प्रचण्ड नै हुनुहुन्छ त्यसको सर्वोच्च कमान्डर। त्यसले राष्ट्रिय सेना बराबर मान्यता पाउन प्रचण्डले कमान्डर पद छाड्नु पर्दैन ?**

यो विषय आगामी दिनमा निश्चित हुने कुरा हो। यस्ता प्राविधिक विषय वार्ताको टेबलबाट अन्तरिम सरकार बन्नुअघि टुंग्याउनु पर्छ। संयुक्त राष्ट्रसंघको सुपरीवेक्षणमा दुवै सेना रहने भन्ने मात्र अहिले निश्चित छ।

**त्यस बेला जनमुक्ति सेना कुनै ब्यारेकमा बस्छ कि अहिले जस्तै गाउँ घुम्छ ?**

यो विषय आचारसंहिताले निश्चित गरिसकेको छ। जनमुक्ति सेना र नेपाली सेनाले कुनै पनि सशस्त्र गतिविधि र कारबाही गर्न नहुने भन्ने कुरा आचारसंहितामा छ। तर, सेनामा रहेकाहरूले नेपाली जनताको रूपमा आफ्ना गतिविधि गर्न पाउनेछन्, हतियार र 'युनिफर्म'विना। कुनै कामले कतै आतंक जन्मिने सम्भावना देखापर्‍यो भने त्यसलाई रोक्ने विधि तयार गर्न फेरि छलफल गर्न सकिन्छ।

**फरक प्रसंग, पछिल्लो समयमा तपाईंको भूमिका कमजोर देखिएको मानिएको छ, के हो कारण ?**

कार्यविभाजनका कारण मात्र त्यस्तो देखिएको हो। कतिपय काम दृश्य हुँदैनन् भने कतिपय दृश्य हुन्छन्। अहिलेको मेरो भूमिका सञ्चारमा आउने प्रकारको नभएको हुनाले भूमिकै छैन कि भन्ने लागेको हुनसक्छ। तर, पार्टीले मलाई दिएको जिम्मेवारीलाई मैले निर्वाह गरिरहेको छु। आफ्नो भूमिका देखिनुपर्छ र प्रचारमा आउनुपर्छ भन्ने मैले तत्काल ठानेको छैन। बाह्य र आन्तरिक भूमिकाको प्रचार अहिले फरक ढंगले हुने भए पनि इतिहासले त समग्रतामै मूल्यांकन गरिहाल्छ।

**बाहिर नदेखिने आफ्नो भूमिकाबाट सन्तुष्ट हुनुहुन्छ त ?**

म सन्तुष्ट छु। यसबारे मैले आफ्नो कुनै मतभेद दर्ज गरेको छैन।



**सात दलसँग समझदारी गर्ने नीतिविरुद्ध हुनुभएकाले तपाईंको भूमिका कमजोर पारिएको बताइन्छ नि ?**

विगतको हाम्रो अन्तरसंघर्षमा तपाईंहरूको दिमागमा हालिदिएको कुरा हो, यो। तथ्यसंगत कुरा होइन। मलाई राजावादी र फौजीवादीको रुपमा देखाइयो, विगत अन्तरसंघर्षका बेला। हाम्रा अर्काथरी साथीलाई सुधारवादी, दक्षिणपन्थी र भारतपरस्त भनियो। यो सबै दुस्मनको षड्यन्त्र हो, एक-अर्काप्रति आंशका जन्माउन र जुधाउन। त्यो षड्यन्त्रमा कयौं साथी फसे भन्ने मेरो विश्लेषण छ। षड्यन्त्रकारीहरूले पत्रकारहरूको दिमागमा पनि त्यही हालिदिएका छन्, बादल भनेको राजावादी हो। मलाई रायमाझीका रुपमा प्रस्तुत गरिनु पार्टीभित्रको अवसरवादको एउटा अभिव्यक्ति हो भने केही मात्रामा भ्रम पनि हो। हाम्रो पार्टीमा न भारतपरस्त छन् न त राजावादी नै। यो इतिहासले पुष्टि गरिसकेकै कुरा हो।

**संसद्वादी दलहरूसँग समझदारी गरेर अघि बढ्नुपर्ने विचारमा सुरुदेखि नै हुनुहुन्थ्यो त ?**

सुधारवादी राजनीतिक दलहरूलाई जतिसक्दो टाढासम्म सँगै लिएर जानुपर्छ भन्ने प्रयास हामीले सुरुदेखि नै गरेको हो। दरबार हत्याकाण्डपछि पनि हामीले गरेका थियौं। निरन्तररुपमा हाम्रो त्यो प्रयास रह्यो। दलहरू नआएपछि हामीले घिसार्ने कुरा भएन। एउटै तरिकाले विश्वको क्रान्ति हुनसक्दैन भन्ने निष्कर्षकै कारण लडाइँ र आन्दोलनका सबै रुप प्रयोग गर्नुपर्नेमा हाम्रो निरन्तर जोड रह्यो।

**तपाईं सात दल र माओवादीबीचको बाह्रबुँदे समझदारीको पक्षमै हुनुहुन्थ्यो र ?**

पक्षमै थिएँ। हाम्रो पार्टीमा कुनै निर्णय गर्दा माथिल्लो तहमा अन्तरक्रिया हुन्छन् र सहमतिपछि मात्र निर्णयहरू लागू हुन्छन्। असहमति भए पार्टी वा हेडक्वाटरमा तिनीहरू दर्ज गरिन्छन्। हेडक्वाटरमा त्यस विषयमा न मतभेद दर्ज छन् न त असहमति नै। त्यसकारण हाम्रो सहमतिमै निर्णय भएका हुन्।

**राजाको माघ १९ को कदमअघि राजाबाट आफ्नो पक्षमा कुनै कदम चालिने विश्वासमा हुनुहुन्थ्यो भनिन्छ नि ?**

त्यस्तो अपेक्षा त सात दलको पो थियो। प्रधानमन्त्री र मन्त्री बन्न सात दलकै नेताहरू लागेका थिए। कतिपय बेला उनीहरूलाई हाम्रो पार्टीले नै रोकेको हो। गणतन्त्रविना आन्दोलन रोक्नु हुन्न भन्ने नै थियो हाम्रो धारणा। त्यसकारण त्यस्ता हल्लामा कुनै विश्वसनीयता छैन।

**सात दलसँग समझदारी गर्नुहुन्न भन्ने पक्षका रवीन्द्र श्रेष्ठसँग तपाईंको लामो सहकार्य रहेको र अहिले पनि तपाईं उनकै पक्षमा हुनुहुन्छ, हो ?**

उनी केन्द्रीय समितिमा रहेकाले पार्टीका सबैको उनीसँग सहकार्य हुनु अस्वभाविक होइन। तर, व्यक्तिगतरुपमा भन्दा उनीसँग मेरो लामो सहकार्य थिएन, आंशिक र अस्थायी मात्र थियो। मभन्दा अरू साथीकै उनीसँग लामो सहकार्य रह्यो। मोर्चा खुला हुँदा मोर्चामा र प्रकाशन विभागमा रहेकाहरूकै रवीन्द्रसँग लामो सहकार्य थियो।

**पछिल्लो अन्तरसंघर्षमा डा. बाबुराम भट्टराई एकातिर र तपाईं र रवीन्द्र अर्कोतिर हुनुहुन्थ्यो भन्ने प्रचार छ नि ?**

त्यो प्रचार मात्र हो, तथ्य होइन। पार्टीभित्रकै अवसरवादी तत्वहरूले फैलाएको भ्रम हो, त्यो। त्यही भ्रमलाई 'क्यास' गर्न दुस्मनले पनि प्रयास गरिरहेको छ।

**रवीन्द्रलाई कारबाही हुँदा अन्य नेताभन्दा तपाईंको वक्तव्य केही नरम थियो हैन र ?**

मेरो मान्यतामा मैरै वक्तव्य सबैभन्दा गरम छ भन्ने मलाई लाग्छ। पार्टीमा रहेका कमरेडले गल्ती गर्दा पहिले उसलाई सच्याउन प्रयत्न गर्नुपर्छ हामीले। सच्याउन सकिन्न भने उसको वैचारिक भण्डाफोर गर्ने हो। उसको कमजोरी र अपराधबारे सार्वजनिकरुपमा स्पष्ट पार्ने हो। मेरो वक्तव्यमा रवीन्द्रको चिन्तन र पद्धतिसम्बन्धी कमजोरी स्पष्ट गरिएको छ। मैले त्यहाँ राजनीतिक भाषा प्रयोग गरेको छु। फेरि उनलाई पार्टीले प्रतिक्रियावादी एजेन्ट दुस्मन शक्ति भनेको छैन। उनलाई अवसरवादी निम्नपुँजीवादी अतिवादी मात्र भनेको छ, पार्टीले। उनलाई मैले पनि त्यसै रूपमा भनेको छु।

**सुधिएर आउन आह्वान पनि गर्नुभयो तपाईंले उनलाई ?**

हो नि। म सुध्रिन्छु मौका दिनुपर्‍यो र मद्दत गर्नुपर्‍यो भन्छन् भने त पाइहाल्छन् नि उनले। किनभने उनलाई पार्टीले दुस्मनको एजेन्ट भनेको छैन, निम्नपुँजीवादी अतिवादी, सन्काहा र भगौडा मात्र भनेको छ। अध्यक्षको वक्तव्यमा पनि त्यही छ।

**अन्तमा, अध्यक्ष प्रचण्डसँगै बाबुराम केन्द्रिय भूमिकामा देखापर्दा तपाईंलाई कस्तो महसुस भइरहेको छ ?**

कार्यबिभाजन र दायित्वको रुपमा कुनै साथीको भूमिका केन्द्रिय हुन्छ भने हामीले गर्व गर्नुपर्छ। केन्द्रिय भूमिकामा रहेर पार्टीको दायीत्व ठीक ढंगले निर्वाह गरेको छैन भने उसको निश्चय नै आलोचना गर्नुपर्छ। कम्युनिष्टको हिसाबले हामी सबै बराबर हुन्छौं। तर, कार्यबिभाजनको हिसाबले हामी बराबर हुँदैनौं। एकहिसाबले हेर्दा अध्यक्ष र जेबी (बाबुराम) मेरा कमरेड हुनुहुन्छ। अर्को हिसाबले हेर्दा उहाँहरू मेरो हेडक्वाटर हुनुहुन्छ। संस्थाको हिसाबले उहाँहरूलाई हेडक्वाटर भनेर मान्नैपर्छ।

■ **सुवास देवकोटा** (तस्वीर : भास्वर ओझा)

# व्यस्त माओवादी नेताहरू

**माओवादी अध्यक्ष** प्रचण्ड र शीर्षस्थ नेता बाबुराम भट्टराईको टोली यो साता राजधानीमा राजनीतिक भेटघाटमा व्यस्त देखिएको छ। सात दल-माओवादीको असार २ को आठ बुँदे सहमति, अन्तरिम संविधान निर्माण र संविधानसभा निर्वाचनको मिति घोषणालगायत विषयमा पछिल्लो भेटघाट केन्द्रित रहेको माओवादी स्रोतले बताएको छ। माओवादीले भेटेका राजनीतिक दलका नेताहरूचाहिँ ती भेटमा सात दलसँगका माओवादीले गरेका पछिल्ला सहमति र सरकार-माओवादीले जारी गरेको युद्धविराम आचारसंहिता माओवादीतर्फबाट पालना नभएकोमा आपत्ति प्रकट गरेको बताउँछन्।

सुदूरपश्चिममा पार्टीको आन्तरिक कार्यक्रममा भाग लिएर अकस्मात् राजधानी आइपुगेका माओवादी नेताद्वयले सात दल, अन्य राजनीतिक दल र संयुक्त राष्ट्रसंघका उपमहासचिव कुलचन्द्र गौतमसँग भेटिसकेका छन्। आठबुँदे सहमतिबारे राजनीतिक दलहरूमा देखिएको विवादबाट आत्तिएको माओवादी नेतृत्व पछिल्लो राजनीतिक भेटघाटबाट उत्साहित भएको छ। माओवादीले भेटेका सबै राजनीतिक दलले आठबुँदे सहमतिको प्रक्रियामा मात्र विवाद रहेको उल्लेख गर्दै आफूहरू त्यसमा प्रतिबद्ध रहेको माओवादी नेताद्वयलाई बताएका छन्। 'भेटघाट सकारात्मक र उत्साहजनक छ', माओवादी वार्ताटोली सदस्य दीनानाथ शर्माले *समय*सँग भने, 'एक किसिमले भन्दा नेताहरूको यो भेटघाटबाट 'आइसब्रेक' नै भएको छ।'

एमालेसँग भने यसबीचमै माओवादी नेताहरूले दुईपटक भेट गरे। 'एमाले र माओवादीबीच पछिल्लो समय सम्बन्ध बिग्रन थालेको महसुस दुवै पार्टीलाई भएको र त्यस्तो हुन नहुनेमा दुवै पार्टी सचेत रहेकाले यस्ता भेटघाटलाई निरन्तरता दिन सहमति भएको छ', माओवादी वार्ताटोली सदस्य शर्मा भन्छन्। एमाले स्थायी समीति सदस्य अमृत बोहोरा पनि राजनीतिक भेटघाटले निरन्तरता पाए मात्र आपसी अविश्वास घट्ने बताउँछन्। दुवै पार्टीका नेताहरूका अनुसार स्थानीयस्तरका विवाद समाधान गर्न स्थानीयस्तरको संयन्त्र बनाउन दुवै पार्टी सहमत भएका छन्। एमालेको विश्वास जित्न माओवादी अध्यक्ष प्रचण्डले केही समयदेखि पार्टीले कब्जा गरेको अमृत बोहोराको सिन्धुपाल्चोक पिस्करस्थित घर छाड्न पार्टी नेता अग्नि सापकोटालाई टेलिफोनबाटै निर्देशन दिएका थिए। असार १३ गते भएको एमाले-माओवादी वार्तामा माओवादी अध्यक्ष प्रचण्ड र वरिष्ठ नेता डा. बाबुराम भट्टराई तथा एमाले महासचिव माधवकुमार नेपाल र अमृत बोहोरा सहभागी थिए।

असार १३ गते नै माओवादी नेताद्वयले नेपाली कांग्रेस (प्रजातान्त्रिक)का सभापति शेरबहादुर देउवालाई पनि भेटेका थिए। देउवानिवास बूढानीलकण्ठमा भएको भेटमा देउवाले माओवादीलाई हतियार व्यवस्थापनबारे स्पष्ट धारणा राख्नुपर्ने, माओवादीले कब्जा गरेको सबैको सम्पत्ति फिर्ता गर्नुपर्ने र चन्दा 'आतंक' बन्द गर्नुपर्ने बताएका थिए। देउवाले चन्दा आतंकले निरन्तरता पाए वार्ता भाँडिने र त्यसको दोष माओवादीलाई नै जाने पनि बताएका थिए।



असार १४ गते माओवादी वरिष्ठ नेता डा. बाबुराम भट्टराई तथा माओवादी वार्ताटोली प्रमुख कृष्णबहादुर महरा र भारतीय राजदूत शिवशंकर मुखर्जीबीचको भेटमा नेपालमा लोकतान्त्रिक गणतन्त्र संस्थागत गर्न भारतले सकारात्मक सहयोग गर्ने वचन दिएको माओवादी स्रोतको दाबी छ। भारतमा बन्दी रहेका आफ्ना नेताहरूलाई पनि छाड्ने आश्वासन आफूले पाएको उक्त स्रोत दाबी गर्छ। माओवादी वार्ताटोली सदस्य शर्माका अनुसार अन्य मुलुकका राजदूतहरूसँग पनि नेताहरूको भेटघाट र अन्तरक्रिया गर्ने कार्यक्रम रहेको छ।

■ सुवास देवकोटा/काठमाडौं

## मोरियार्टीको माओवादीलाई चेतावनी



**माओवादी शीर्षस्थ नेतृत्व** राजनीतिक दलका नेताहरूसँग भेटघाटमा व्यस्त रहेर लोकतन्त्रप्रतिको आफ्नो प्रतिबद्धता व्यक्त गरिरहेकै बेला अमेरिकी राजदूत जेम्स एफ मोरियार्टीले माओवादीका गतिविधिबाट सचेत हुन सुझाव दिएका छन्। मोरियार्टीको चेतावनीयुक्त सुझाव युद्धविराम गरेर शान्ति प्रक्रियामा आइसकेको अवस्थामा पनि माओवादीबाट भइरहेका हत्या, अपहरण र चन्दा असुलीको सन्दर्भमा आएको हो। माओवादीले हिंसा पनि त्याग्नुपर्ने मोरियार्टीले बताएका छन्।

असार १४ मा रोटरी क्लब अफ डिल्लीबजारले आयोजना गरेको कार्यक्रमका प्रमुख वक्ता मोरियार्टीले माओवादीबाट गरिएका युद्धविराम उल्लंघनका घटना प्रस्तुत गर्दै भने, 'नेपाल सरकारले जनताको इच्छा र आकांक्षाप्रति उत्तरदायी भएर नेपालमा शान्ति स्थापना गर्न उत्साह र इमानदारीसाथ माओवादीसँग सम्झौता र समझदारी कायम गरेको छ। तथापि, माओवादीहरूले उस्तै किसिमको इमानदारी देखाएका छैनन्, जसबाट म निरास छु।' मोरियार्टीका भनाइमा नेपालका सञ्चारमाध्यमहरू, अधिकांश राजनीतिक नेताहरू र उनकै भ्रमणमा भेट्ने साधारण नेपाली जनताबाट थाहा पाएबाट माओवादीको भनाइ र गराइमा भएको भिन्नताले उनलाई चिन्तित तुल्याएको हो।

उता माओवादी नेता बाबुराम भट्टराई र कृष्णबहादुर महराले १४ असारमै भारतीय दूतावासका डेपुटी चिफ अफ मिसन भिपी हरणसँग भेटवार्ता गरे। वार्ता भइरहेका बेला नेपालका लागि भारतीय राजदूत शिवशंकर मुखर्जी पनि वार्तामा केही समय उपस्थित थिए। वार्तामा भट्टराई र महराले भारतमा रहेका आफ्ना नेता कार्यकर्ताहरूको रिहाइको मुद्दा उठाएको बुझिएको छ। प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले भारत भ्रमणका बेला पनि भारतमा रहेका माओवादी नेताहरूको रिहाइबारे कुरा राखेका थिए।

■ विश्वमणि पोखरेल/काठमाडौं

# संसद्मा शपथ



भास्वर ओझा

**प्रतिनिधिसभा** नियमावलीमा व्यवस्था भएअनुसार कार्यपालिका र व्यवस्थापिकाका पदाधिकारीहरूको शपथग्रहण असार १४ गतेदेखि सुरु भएको छ। पहिलो दिन व्यवस्थापिकाका पदाधिकारी र सदस्यहरूले शपथ लिएका छन्।

सभामुख सुवासचन्द्र नेम्वाङले संसद्समक्ष पद र गोपनीयताको शपथ लिएपछि सुरु भएको छ। त्यसपछि प्रतिनिधिसभाका सम्पूर्ण सदस्य, उपसभामुख, संसदीय समितिका सभापति, राष्ट्रियसभाका सम्पूर्ण अध्यक्ष र संसद्का महासचिवले सभामुखसमक्ष शपथ लिएका थिए। प्रधानमन्त्री र मन्त्रिपरिषद्का सदस्यहरूको शपथ पनि १४ गतेका लागि नै निर्धारण भएकोमा प्रधानमन्त्रीको अस्वस्थताका कारणले सरेको छ।

शपथ ग्रहणपछि मिनी पार्लियामेन्ट भनिने संसदीय समितिहरूको बैठक प्रारम्भ भएको छ। राज्य व्यवस्था, लेखा, परराष्ट्र तथा मानवअधिकार र प्राकृतिक स्रोत साधन समितिले शपथ ग्रहणलगत्तै बैठक सुरु मात्र गरेनन्, सरकारसँग विभिन्न जानकारी माग गर्ने निर्णयसमेत गरेका छन्।


राज्य व्यवस्थाले मुलुकको शान्ति सुरक्षा र स्थितिबारे जानकारी लिन १६ गते गृहमन्त्री कृष्णप्रसाद सिटौलालाई समितिसमक्ष उपस्थित हुन पत्र काटेको छ। त्यसअघि नै मुख्य सचिवलाई बोलाएर प्रतिनिधिसभा घोषणा कार्यान्वयनमा प्रशासनको भूमिकाबारे समितिले जानकारी लिइसकेको छ।

मुलुकको मूल राजनीतिक निकास माओवादी-सरकार वार्ता र यथाशीघ्र संविधानसभाको निर्वाचनबाट खोज्ने सहमति भएकोमा प्रतिनिधिसभा र समितिहरूको काम सुचारु नगरेर ढिलासुस्तीको सन्देश दिन खोजिएको छ।

एकातिर प्रतिनिधिसभा विघटको सिफारिस गर्ने अर्कोतर्फ समितिहरूलाई समेत सामान्य ढंगले संचालन नगर्ने सात दलको रणनीतिले लक्ष्यमा नपुग्ने आशंकालाई बढावा दिएको छ। ■




# अस्तित्व जोगाउनु पर्छ



**१९९७ सालमा** सिन्धुलीमा जन्मेका डा. सुरेशराज शर्माले शिक्षा क्षेत्रमा काम गरेको चार दशक नाघिसकेको छ। रसायनशास्त्रका विद्यावारिधि शर्माको कुशल नेतृत्वमा काठमाडौं विश्वविद्यालयले विशाल फड्को मारेको छ। काठमाडौं विश्वविद्यालयले राष्ट्रियमात्र होइन, अन्तर्राष्ट्रिय ख्यातिसमेत बटुलेको छ। लोकतन्त्र स्थापनापछि त्यहाँ कार्यरत केही प्राध्यापकहरू समेत युनियन गठन गरेर आन्दोलनमा लागेपछि यसको स्तरमा गिरावट त आउने होइन भनी अभिभावक र विद्यार्थी चिन्तित छन्। गौरवमय इतिहास कायम गरेको काठमाडौं विश्वद्यालयको साख बचाउन लाग्नुपर्ने विचार छ, उपकुलपति डा. शर्माको। शिक्षासम्बन्धी विषयमा केन्द्रित भएर शर्मासँग गरिएको कुराकानीको सार :

**काठमाडौं विश्वविद्यालय स्थापनाको पृष्ठभूमि कस्तो छ ?**

पन्ध्र वर्षअघिको कुरा हो, त्यो बेला नेपालमा उच्चशिक्षा राम्रो अवस्थामा थिएन। यहाँ विद्यार्थीले पढ्न खोजेको विषय पढ्न असम्भव नै थियो। विद्यार्थीले इन्जिनियरिङ, अप्लाइड साइन्सेस, म्यानेजमेन्टलगायत विषय पढ्न खोजे पनि ती विषयमा पढ्ने खासै अवसर प्राप्त गरेका थिएनन्। विद्यार्थीले उच्चतहमा गुणस्तरीय शिक्षण संस्था खोजिरहेका थिए। तर, त्यो स्तरको पढाइ हुने संस्था हामीकहाँ त्यति थिएनन्।

आफूले रोजेको विषय पढ्न यहाँका विद्यार्थी पनि बाहिर जाने बाध्यता थियो। यसको असर मुलुकको आर्थिक स्रोत र विद्यार्थीमा मात्र होइन, मुलुककै प्रतिष्ठामा पर्न गयो। गुणस्तरीय शिक्षा दिने संस्थाको रुपमा विकास गर्ने लक्ष्य बोकेर विकल्पको रुपमा काठमाडौं विश्वविद्यालय स्थापनाको अवधारणा आएको हो। त्यस बेला सरकारले आर्थिक स्रोत नदिएको खण्डमा वैकल्पिक उपायस्वरुप विभिन्न तरिकाले स्रोतसाधन जुटाउने विषयमा समेत सोच अघि सारिएको थियो। वास्तवमा त्यो बेला हामीले आँट र हिम्मतका साथ विश्वविद्यालय सुरु गरेका थियौं।

**विश्वविद्यालयको त्यत्रो विधि भौतिक संरचनाको विकास कसरी सम्भव भयो नि ?**

हामी काठमाडौं विश्वविद्यालयले गुणात्मक शिक्षा दिन्छ भन्ने देखाउन सफल भयौं। विश्वविद्यालयले राम्रो स्तरको शिक्षा दिनसक्दो रहेछ भन्ने विद्यार्थी र अभिभावकमा विश्वास जाग्यो। त्यसपछिका दिनमा हामीले दातासँग सहयोगको लागि कुरा गर्न थाल्यौं। भौतिक पूर्वाधार बनाउन मद्दत गरिदिनु पर्‍यो भनेर सुरुमा मुलुकभित्र र पछि विदेशी दातासँग पनि सम्पर्कमा रहेर सहयोग राशि जुटाउने काम भयो। सुरुमा धुलिखेल नगरपालिकाले २ सय र केही समयपछि सरकारले पनि मेडिकल कलेजको लागि ५ सय रोपनी जग्गा उपलब्ध गरायो।

यससँगै विभिन्न दातृनिकायको सहयोगमा विश्वविद्यालयको भवन र भौतिक संरचना तयार पार्ने काम सम्भव भएको हो। सहयोग जुट्नुको आधारमध्ये एक हामीले दिएको गुणात्मक शिक्षा हो भने अर्कोचाहिँ दिएको रकम पटक्कै दुरुपयोग हुँदैन भन्ने विश्वसनीयता। हामीले वास्तवमा सबै सहयोगीमा पूरा विश्वास जगाउन सक्यौं। हामीमा इमानदारी छ भन्ने स्थापित गराउन सक्यौं। यसै कारणले नै विश्वविद्यालयको भौतिक संरचना विकास सम्भव भयो।

**काठमाडौं विश्वविद्यालयको शैक्षिक कार्यक्रम के कारणले लोकप्रिय भएको होला ?**

हामीले जस्तो ढाँचा बाहिरी मुलुकको छ, त्यस्तै ढाँचा अवलम्बन गर्न खोज्यौं। सेमेस्टर प्रणालीलाई हामीले व्यवस्थितरुपमा लागू गरायौं। सेमेस्टर प्रणालीमा निर्धारित समयअनुरुप शैक्षिक योजना अघि बढ्छ। निश्चित समयमा कोर्स पूरा गर्नेदेखि लिएर परीक्षा र नतिजा प्रकाशनसमेत नियमित प्रक्रियाअन्तर्गत हुन्छन्।

विदेशीहरू यहाँ आएर पढाउँदा आफ्नो मुलुकभन्दा केही फरक अनुभूति गर्दैनन्। यहाँ पढेको विद्यार्थी बाहिर जाँदा हामीले कम सिकेका रहेनछौं भनेर महसुस गर्नुपरेको गुनासो सुन्न परेको छैन। यसरी अन्तर्राष्ट्रिय प्रणालीलाई पठनपाठनको अभिन्न अंग बनाएपछि यहाँको कार्यक्रम लोकप्रिय बन्न थाल्यो। यहाँको पाठ्यक्रम अन्तर्राष्ट्रिय मापदण्डअनुसार नै जारी गर्‍यौं। यहाँ स्नातक २ वर्ष हुँदा पनि हामीले अन्तर्राष्ट्रिय मापदण्डअनुसार ४ वर्षे स्नातक चलाएका थियौं। अर्को कुरा शैक्षिक क्यालेन्डरमा अवरोध हुँदैन, हरेक क्रियाकलाप नियमित सुचारु हुन्छन्।

**काठमाडौं विश्वविद्यालय कस्तो खालको विश्वविद्यालय हो ?**

नेपालमा सरकारले स्थापना गरेको चाहिँ सरकारी अनि सरकारभन्दा बाहिरबाट स्थापना गरेको चाहिँ निजी भन्ने छ। तर, सरकार र बाहिर क्षेत्र मिलेर स्थपना गरेका संस्था पनि हुन्छन्, त्यो कुराचाहिँ अहिले किन हरायो मलाई थाहा छैन। जस्तो नेपालको अमृत साइन्स कलेज जुन बेलामा बन्यो, त्यो निजी पनि होइन, सरकारी पनि होइन। सरकारले पनि सहयोग गरेको छ, निजीले पनि सहयोग गरेको छ। सरकार र जनता मिलेर बनेको सम्पत्तिचाहिँ सार्वजनिक हो। त्यसमा कहिले सरकारका मानिसले नेतृत्व गरेका छन्, सरकारले भनेको मानिस त्यहाँको सञ्चालक समितिका

अध्यक्ष हुन्छन् । यो स्वतन्त्र अस्तित्व भएको संस्था सार्वजनिक हो । सरकारी पनि होइन निजी पनि होइन । यसको ऐनले पनि यही व्यवस्था गरेको छ । यस्ता संस्थाका उदाहरण अमेरिकाका नामुद विश्वविद्यालय हार्वर्ड लगायतका हुन सक्छन् ।

**अहिले विश्वविद्यालयका प्राध्यापकले किन असन्तुष्टि व्यक्त गरेका त ?**

यहाँ २३० जना प्राध्यापक हुनुहुन्छ, विषय विषयका । म्यानेजमेन्टको आफ्नै ढाँचा छ, शिक्षाशास्त्रको आफ्नै ढाँचा छ, मेडिकलको त अस्पताल नै हुन्छ । विज्ञानको पनि छ । अहिले असन्तुष्टि देखाउने प्राध्यापक विज्ञानका हुनुहुन्छ । विज्ञानको चरित्रसँग अरूको चरित्र मिल्दैन । उहाँहरूले राखेको असन्तुष्टिसँग म्यानेजमेन्ट, मेडिकल, इन्जिनियरिङले सहमति गर्न सक्दैन । मेरो भनाइ के भने एक विषयको समस्यालाई सबै विषयको समस्या भन्न मिल्दैन । विज्ञानका प्राध्यापकले उठाएको कुरामा त्यहाँका पनि सबैको सहमति छैन । केही वर्गको सहमति छ, चित्त नबुझेको कुरा उठाउन पाइन्छ । शिक्षकको नियुक्ति प्रक्रिया, योग्यतामा हामीले नियम छोडेका छैनौं । उहाँहरूले अनियमितता भयो भने पनि देखाउन सक्नु भएको छैन । यो ठाउँमा अनियमितता भयो भनेर देखाएमा हामी सुधार्छौं ।

**विश्वविद्यालयमा नातावाद, कृपावाद हावी भएको कुरा पनि उठिरहेको छ नि ?**

कुनै पदको स्थायी नियुक्ति गर्ने बेलामा हाम्रो कोही नाता पर्‍यो भन्दैमा तिमीहरूले पाउँदैनौ भन्न मिल्छ ? उनीहरूको पनि अधिकार छैन र यहाँ पढाउन ? योग्य व्यक्तिलाई बाहिर फ्याँकेर उनीहरूलाई ल्याएका उदाहरण छन् भने भन्न सकिन्छ ।

**प्राध्यापकहरूले युनियन माग गरेका थिए, अहिले युनियनसमेत गठन गरिसकेका छन् । युनियन दिंदा केको आपत्ति ?**

कुनै विषयसँग सम्बन्धित फोरम-एसोसिएसन बनाउन आपत्ति छैन । तर, युनियनको कुरा विश्वविद्यालयले दिन सक्दैन । उहाँहरूको यो माग पूरा गर्न नियमले मलाई दिंदैन । नियम हामीले बनाएको होइन, जसले नियम बनाएर पारित गरेका छन्, कुनै नियम संसद् र कुनै नियम सभाले बनाएका छन् । त्यो नियमको परिधिभित्र हामी बस्नैपर्छ । नियम नाघ्यो भने पो हामीलाई गाली गर्न मिल्छ । उहाँहरूले नपढाएमा क्यालेन्डरमा असर पर्छ, यसले गर्दा विद्यार्थी बाहिर जान्छन् । उहाँहरूको कुरा उठाउन त अहिले पनि विश्वविद्यालयको सर्वोच्च निकायमा शिक्षक र विद्यार्थी प्रतिनिधि छन् नि, चित्त नबुझेमा उठाए भइहाल्छ नि ।


**त्यसो भए असन्तुष्टको माग जायज छैन त ?**

योग्यता नपुगेको मानिसलाई राख्न सकिँदैन, त्यही निहुँ पालेर १०-१२ जनाले असन्तुष्टि पोख्दैमा २२५ जनाले गलत गरेको हुन्छ । नराम्रा आक्षेप लगाए पनि हुन्छ, नराम्रा भएको संस्था कहिलेसम्म टिक्छ त । १५ वर्षमा यहाँसम्म पुगेको छ । गुणस्तर ल्याउन अलिकति अड्नु पर्छ । आफूलाई अनुकूल नहुनेबित्तिकै नराम्रो भन्न मिल्दैन नि । यो त अभिभावक र विद्यार्थीले बताउने हो । उनीहरूले हामीलाई सिकायत गरेका छैनन् । कसैलाई बढुवा हुनुपर्थ्यो, योग्यता नपुग्न सक्छ नि । पद पाउनुभएन, तपाईंले पाउनु भएन आफ्नो योग्यतानुसार ।

**अहिलेको विवाद तपाईंलाई कस्तो लागेको छ ?**

कुनै पनि राम्रो काम गर्ने हो भने बाधा अवरोध आउँछ, आउँछ । बाधा अवरोधबाट विचलित हुने हो भने राम्रो काम पूरा गर्न सक्दैनौं । त्यस्ता बाधालाई सुल्झाउनुपर्छ । त्यो धैर्य नभएको भए यो संस्था सुरु गर्ने थिएनौं । हाम्रो अनुभव पर्याप्त नभए बढी अनुभव भएका मानिस आए आपत्ति छैन । यसलाई बिग्रन नदिऊँ भन्ने चाहना हो । मेरो एक डेढ वर्ष बाँकी छ, त्यो अवधि बस्नुपर्छ भन्ने छैन । तर, विवाद आयो भन्दैमा मैदान छोड्नु हुँदैन, समाधान पो गर्नुपर्छ । हामी ५ सयमध्ये यसको चरित्र नबिग्रियोस् भन्ने धेरै छौं । काठमाडौं विश्वविद्यालयको अस्तित्व त जोगाउनै पर्छ ।

■ **छत्र कार्की** (तस्वीर तेजबहादुर बस्नेत)



तस्वीरहरू : तेजबहादुर बस्नेत

# छनोट कसरी ?

■ छत्र कार्की/काठमाडौं

'एसएलसीपछि 'दस जोड दुई' कि प्रमाणपत्र तह ?' अधिकांश एसएलसी उत्तीर्ण विद्यार्थीको जवाफ हुन्छ, 'दस जोड दुई'। दस जोड दुईको पठनपाठन सुरु भएको डेढ दशकमै प्रमाणपत्र तहलाई उछिनेर लोकप्रिय बनेको छ। डेढ दशकअघि दस जोड दुई सुरु हुँदा कक्षा ११ मा १ हजार ३ सय विद्यार्थी रहेकोमा अहिले १ लाख ११ हजारभन्दा बढी विद्यार्थी अध्ययनरत छन्। पाठ्यक्रम, मूल्यांकन र नतिजाको हिसाबले प्रमाणपत्रतहलाई पछि पारेपछि दस जोड दुईमा विद्यार्थीको चाप बढेको हो। दस जोड दुईको संख्यामा भएको वृद्धिसँगै अभिभावक र विद्यार्थीमा कुन छनोट गर्ने भन्ने द्विविधा व्याप्त छ। भर्ना समयमा कतिपय दस जोड दुई विद्यालयले विद्यार्थी आकर्षण गर्न कलेवर विज्ञापनमार्फत हुँदै नभएका कुरा प्रचार गर्ने भएकाले पनि दस जोड दुई छनोटमा अन्योल रहेको देखिन्छ।

एसएलसीपछि दस जोड दुई छनोट गर्दा विद्यार्थीले विभिन्न पक्ष ख्याल गर्नुपर्ने विज्ञहरू बताउँछन्। शिक्षाविद् डा. तीर्थ खनियाँ भन्छन्, 'भविष्यमा कुन क्षेत्रमा काम गर्ने हो, त्यसबारे विद्यार्थी सुरुमै प्रस्ट हुनुपर्छ, विषय निर्क्योल गरेपछिमात्र स्तरीय शिक्षण संस्था छनोट गर्नुपर्छ।' डा. खनियाँकाअनुसार विद्यार्थीले शिक्षणसंस्था रोज्दा भौतिक सुविधा, विद्यालय व्यवस्थापन, शैक्षिक वातावरण, पढाउने शिक्षक, अघिल्लो वर्षको नतिजालगायत कुरामा विचार पुर्‍याउनुपर्छ। यसभन्दा बढ्ता अघिल्लो वर्ष पढेका विद्यार्थीसँग कुराकानी गरेर पनि सम्बन्धित शिक्षणसंस्थाबारे बुझ्न सकिन्छ।

विद्यार्थी उत्तीर्ण प्रतिशतमा मात्र ध्यान नदिई सामाजिक दायित्व बोकेका विद्यालय छान्नुपर्ने विज्ञहरूको सुझाव छ।

उत्कृष्ट नतिजाले शिक्षण संस्थाको साख बचाउन महत्त्वपूर्ण भूमिका खेलेका हुन्छन्। तर, उत्कृष्ट दस जोड दुईको मानक कक्षा ११ र १२ को परीक्षाको नतिजालाई मात्र मान्न उपयुक्त नहुने शिक्षाविद्हरूको धारणा छ। शिक्षाविद् डा. मनप्रसाद वाग्ले उत्कृष्ट दस जोड दुई हुनका लागि चाहिने विभिन्न पक्षमध्ये नतिजा एउटा पक्ष रहेको बताउँछन्। उनी भन्छन्, 'नतिजालाई मात्र आधार मानेर कुनै शिक्षणसंस्थालाई उत्कृष्ट घोषणा गरिनु युक्तिसंगत छैन।'

उत्कृष्ट हुनको लागि शिक्षणसंस्थाले विभिन्न मापदण्ड पूरा गर्नु आवश्यक हुन्छ। उत्कृष्ट शिक्षणसंस्था छनोट गर्दा विभिन्न मुलुकले निश्चित मापदण्डलाई आधार बनाएको पाइन्छ। शिक्षणसंस्थाले विद्यार्थीको हितमा गरेको कार्य, शिक्षकको व्यक्तित्व विकासका लागि गरिएका कार्यक्रम, संस्थाको सामाजिक विकाससम्बन्धी अवधारणा, परीक्षाफल, त्यहाँ पढेर गइसकेका विद्यार्थीको क्यारिअरलगायत विषयलाई आधारभूत मानकका रुपमा स्विकारिएको पाइन्छ। अभिभावक र विद्यार्थीले दस जोड दुई छान्दा किताबी ज्ञानको साथै शारीरिक, मानसिक र संवेगात्मक विकासका लागि समेत ध्यान दिने संस्था छान्दा राम्रो हुन्छ।

विद्यार्थीले एसएलसीपछि विषय छनोट गर्ने सम्बन्धमा परामर्श लिनु उचित हुन्छ। आफूकहाँ भर्ना हुन आउने विद्यार्थीलाई सहयोग गर्ने अभिप्रायले केही विद्यालयले काउन्सिलरसमेत राख्न थालेका

छन् । अभिभावकसँग परामर्श नगरी साथीसँग मिलेर दस जोड दुई बारे विद्यार्थी आफैंले निर्णय लिने प्रचलनलाई निको मान्दैनन् विज्ञहरू । भर्खरै एसएलसी पास गरेका विद्यार्थी परिपक्व नहुने भएकाले अभिभावकले उसलाई निर्णय गर्ने अधिकार दिन नहुने लिटिल एन्जल्स स्कुलका काउन्सिलर शालिग्राम भट्टराई बताउँछन् । उनी भन्छन्, 'विद्यार्थीको विषय छनोट गर्ने क्रममा उसको अभिभावक सचेत बन्नुपर्छ, दक्षता, क्षमता र अभिरुचिका आधारमा विषय छान्नुपर्छ ।' होलिभिजन उच्चमाविका निर्देशक नारायण गजुरेल आफ्ना छोराछोरीलाई कहाँ भर्ना गर्ने भन्ने विषयमा अभिभावकले बढ्ता चासो लिनुपर्ने बताउँछन् । उनी भन्छन्, 'विद्यार्थीले दस जोड दुई छनोट गर्दा सही संस्था छनोट नहुन पनि सक्छ ।'

दस जोड दुईहरूमा छात्रवृत्ति दिने होडबाजी नै चलेको देखिन्छ, विभिन्न पत्रिकामा आएका विज्ञापन हेर्दा । जेहेन्दार, गरिब र उपेक्षित समुदायका सन्तानलाई छात्रवृत्ति दिनु नाजायज होइन । तर, छात्रवृत्तिलाई विद्यार्थी तान्ने अस्त्रका रूपमा प्रयोग गरिनुलाई राम्रो मान्न सकिँदैन निश्चय नै । त्यसो त नाम कहलिएका उच्चमाविको दाँजोमा गुणस्तरको धरातल कमजोर भएका उच्चमाविहरू कसले बढी छात्रवृत्ति दिने भन्ने दौडमा अग्रपंक्तिमा देखिएका छन् । काठमाडौं डनबस्कोका निर्देशक कपिलदेव रेग्मी भन्छन्, 'जेहेन्दार र आवश्यक विद्यार्थीले छात्रवृत्ति पाउनुपर्छ तर विद्यार्थीले छात्रवृत्तिको पछि मात्र लाग्नुभन्दा पनि गुणस्तर हेर्नपर्छ ।'

अहिले भएका दस जोड दुईमध्ये केहीले राम्रा विद्यार्थी छानेर राम्रो नतिजा निकालिरहेका छन् । कतिपयले चाहिँ औसत विद्यार्थीबाट पनि राम्रो नतिजा निकालिरहेका छन् । कतिपय दस जोड दुईचाहिँ उत्कृष्ट विद्यार्थीलाई भजाएर व्यापार गर्नसमेत उद्यत छन् । क्याम्पियन एसोसिएट काठमाडौं भ्याली उच्च माविकी प्रिन्सिपल बबिता लभ कायस्थ भन्छिन्, 'टपर देखाएर विद्यार्थी तान्न खोज्नु राम्रो होइन ।'

स्थापना भएका केही वर्षसम्म उच्चमाध्यमिक शिक्षाको दुरवस्था थियो । मानिसमा स्पष्ट जानकारी नहुँदा यो वैध हुने हो कि नहुने हो भन्ने भ्रम थियो । यति चाँडै सशक्त भएर प्रमाणपत्र तहलाई चुनौती देला भनेर थोरैलाई मात्र विश्वास थियो । शिक्षाविद् खनियाँ भन्छन्, 'सुरुका दिनमा उच्चमाध्यमिक शिक्षा परिषद् स्वायत्त संस्था थिएन, यतिसम्म कि एउटा चेक साट्नसमेत मन्त्रालय धाउनुपर्थ्यो ।'

पञ्चायतकालमै २०४६ साल कात्तिक ११ गते जारी भएको उच्चमाध्यमिक शिक्षा ऐन व्यवहारमा फागुन १२ गतेदेखि लागू भयो । ऐन आएको तीन वर्षपछि मात्र २०४९/५० सालदेखि दस जोड दुई सञ्चालनमा आउन थाले । सुरुको वर्ष ३८ विद्यालयले सम्बन्ध लिएका थिए हालसम्म १ हजार १८ उच्च माध्यमिक विद्यालयले सञ्चालनको अनुमति पाइसकेका छन् ।

### भएन फेजआउट

विद्यालय शिक्षालाई कक्षा १२ सम्म पुऱ्याउने रणनीतिअनुसार सरकारले एक दशकअघि नै त्रिविबाट प्रमाणपत्र तह हटाउने नीति अघि सारेका थियो । तर, अहिलेसम्म पनि यसको व्यवहारिक रूपमा कार्यान्वयन हुन सकेको छैन । त्यति बेला प्रमाणपत्र तह हटाएर उच्चमाविको भौतिक संरचना विस्तारको लागि विश्व बैंकले २ करोड ३० लाख अमेरिकी डलर सहयोग स्वरूप दिएको थियो । तर, प्रमाणपत्र फेजआउट गर्ने विषय कुरामै सीमित रह्यो । राजधानीको शंकरदेव र मीनभवनबाहेक अरू क्याम्पसबाट प्रमाणपत्र तह हटेको छैन । शिक्षामन्त्री मंगलसिद्धि मानन्धर भन्छन्, ' दस जोड दुईमा निजी क्षेत्रको वर्चस्व रहेकोले गरिबका लागि सर्वसुलभ बन्न सकेन, त्यसैले पनि प्रमाणपत्र तह हटाउन असहज अवस्था आयो ।' प्रमाणपत्र तह फेजआउट नहुनुमा त्रिविका प्राध्यापकहरूको 'इगो' पनि कारक रहेको छ । कतिपय प्राध्यापक जागिर सुरक्षित राख्नका लागि पनि प्रमाणपत्र तह नहटोस् भन्ने चाहन्छन् ।

उच्चमाध्यमिक शिक्षा परिषद् र त्रिविबीच सामञ्जस्य रहेको पाइँदैन । डेढ वर्षअघि दस जोड दुई र त्रिवि दस जोड दुईको एकीकृत पाठ्यक्रम बनाउने भनेर तत्कालीन शिक्षाध्यक्ष महेन्द्र सिंहको


ADMISSION OPEN


PRAGYA 10+2

COMMERCE COLLEGE

Thamel, Galkapakha, Tel: 4417028/4411894

Run by Group of Experienced Teachers

Successfully completed 7 years with good results




होम डेलिभरी फ्रि

के तपाईं आफ्नो मोटोपनबाट दिक्क हुनुहुन्छ ? यदि तुरुन्तै मोटोपन घटाउन चाहनुहुन्छ भने आजै भेलफर्म सौना वेल्ट प्रयोग गरौं ।

रु. २४९५ मात्र

साथै अन्य टिभीमा देखाइने सामानहरु

पुतली सडक (शंकरदेव क्याम्पस अगाडि), फोन नः ४२४२०६१, २००२७९९

शाखा कार्यालयहरूः धरान, फोन नः ५२१७४०, हेटौडा–नारायणघाट, मोबाइलः ९८४५०४२९२९




यो वेल्टले तपाईंलाई ५५ मिनेटको प्रयोगमै २ से.मी. पेट घटाउँछ ।

CRIMSON'S PRIDE

1. **Bijay K.C.**
   Topper- AIIMS (All India Institute of Medical Science)
   Scholarship for MBBS (2063)
2. **Punam Konga**
   Topper- CIC (83.4%)
   +2 Examination in Management Stream (2062)
3. **Jay Shankar Chaudhary**
   Studying MBBS in China
4. **Ajay Kandel**
   Studying Electronic Engineering, Kathmandu University

A Suitable Destination for +2 and BBS Studies

Crimson International College

Shankhamul, Newbaneshwor, Kathmandu
Phone: 4782414/4784628
www.crimson.edu.np, Email: info@crimson.edu.np



# सहि सन्देश गएन

■ सुन्दर श्यामभक्त माथेमा
पूर्व कार्यकारी निर्देशक, पाठ्यक्रम विकास केन्द्र



■ हामीकहाँ 'दस जोड दुई'को सही सन्देश जान सकेन । यो त विद्यालय शिक्षा नै हो । सरकारले पनि 'दस जोड दुई' भनेको विद्यालय शिक्षा भनेर सन्देश दिन सकेन । कक्षा ११ र १२ सञ्चालन गरेका उच्चमाविले कलेज लेख्ने गरेका छन्, जुन युक्तिसंगत छैन । कक्षा १० सम्मको सामान्य शिक्षाले पुगेन, माध्यमिक शिक्षालाई १२ सम्म पुऱ्याउनुपर्छ भन्ने सोचले दस जोड दुई आएको हो । यो वास्तवमा माध्यमिक शिक्षाकै निरन्तरता हो । तर, उच्चमाध्यमिक विद्यालयले विद्यार्थी तान्न कलेजको हवाला दिने, त्यस्तै खालको विज्ञापन निकाल्ने गरेका छन् ।

■ त्रिभुवन विश्वविद्यालयको प्रमाणपत्र तहमा बढी विद्यार्थी आउँछन् । त्यसकारण त्रिविबाट प्रमाणपत्र तह फेजआउट गर्नसाथ आम्दानीको बाटो सुक्छ । अर्कोतर्फ माध्यमिक तहसम्मका विद्यालयमा 'फेज इन' गर्न पनि आवश्यक भौतिक पूर्वाधार छैन । त्रिविको प्रमाणपत्र तहलाई उच्चशिक्षा र दस जोड दुईलाई माध्यमिक भन्ने त ? बडो विरोधाभास छ ।

■ उच्चमाध्यमिक शिक्षा परिषद् बढी ब्युरोक्र्याटिक भयो । त्यहाँको अनुगमन, मूल्यांकन शाखा कर्मचारीले चलाएका छन्, त्यहाँ त विशेषज्ञ हुनुपऱ्यो । प्राविधिक कुरामा ब्युरोक्र्याट हुनुहुँदैन । अर्को कुरा अनुगमन पनि फितलो भयो । योजना लागू भयो कि भनेर कसले हेर्ने ? यदि अनुगमन प्रभावकारी बनाउने हो भने सुधार हुन्छ । दस जोड दुईको प्रश्नपत्रमा त्रुटि छ, परम्परागत प्रश्नपत्रको मोडेल छ । अहिलेसम्म 'दस जोड दुई'मा टेक्स्टबुक नै छैन । भएका टेक्स्टबुकको स्ट्यान्डडराइज छैन ।

■ 'दस जोड दुई'बारे अस्पष्टता छ, कहिले मल्टी ट्र्याक त कहिले सिंगल ट्र्याकको कुरा गरिन्छ । कक्षा ११ र १२ को पाठ्यक्रम भर्टिकल हुनुपर्छ । एसएलसीलाई एउटा आइरन गेट र 'दस जोड दुई'लाई अर्को आइरन गेट मान्नुको अर्थ छैन । कुनै व्यक्तिले भनेर होइन, समुदायले नै 'दस जोड दुई'लाई माध्यमिक शिक्षा भनेर स्विकार्नुपर्छ । ग्रामीण क्षेत्रका अभिभावकले बुझ्नुपर्छ । मेरो विचारमा शिक्षलाई व्यापारीकरण गर्नुहुँदैन । म यसको विपक्षमा छु । यहाँ पब्लिक स्कुलले स्तरीय शिक्षा दिन सकेनन् र निजीक्षेत्रले शिक्षामा हात हाल्यो । स्कुल व्यापारिक मानसिकताबाट खोल्नु महापाप हो । तर, लगानी गर्नेले ठिक मात्रामा रिटर्न खोज्नुपर्छ ।

■ उच्चमाध्यमिक शिक्षा परिषद्लाई सुधार गर्न नेतृत्व दिने व्यक्ति राम्रो हुनुपऱ्यो, ब्युरोक्र्याटिक तहबाट आएका हुनुभएन । यो उच्च शिक्षा होइन, स्कुल शिक्षा हो भनेर सन्देश जानुपर्छ । पाठ्यक्रम, मूल्यांकन स्तरयुक्त बनाउन अनुसन्धान शाखा राख्नुपर्छ । विश्व मानव समाज द्रुत गतिमा परिववर्तन भएको छ, यही विशेषता ध्यान राख्नुपर्छ । यहाँ उत्पादित जनशक्ति राष्ट्रियमात्र होइन, अन्तर्राष्ट्रिय तहमा जानुपर्छ । यसमा ध्यान दिनु आवश्यक छ । उच्चमाध्यमिकको रिजल्ट बढ्नुमा निजी क्षेत्रको प्रवेशले गर्दा हो । यहाँ पनि सरकारी 'दस जोड दुई'को गुणस्तर नाजुक छ ।

■ नतिजालाई आधार मानेर उत्कृष्ट भन्नु मूल्यांकन पद्धतिको भावनाविपरीत हो । कुनै विद्यार्थीले उच्च प्रतिशत अंक ल्याए पनि उसको संवेगात्मक विकास भएन भने केही गर्न सक्दैन । सामाजिक, बौद्धिक, शारीरिक विकाससमेत हुनुपर्छ ।


**(समयले गरेको कुराकानीमा आधारित)**

अध्यक्षतामा एउटा समिति नै बनाइएको थियो दुवैपक्षको प्रतिनिधित्व गराउँदै । तर, त्यो समितिले कुनै काम नै गर्न सकेन । प्रमाणपत्र तह फेजआउट नहुनुमा राजनीतिक प्रतिबद्धताको अभाव समेत देखिन्छ । नेतृत्व तहमा पनि दस जोड दुई विद्यालय शिक्षाको रूपमा जाओस् भन्ने चाहना कहाँ छ र ? २०५७ सालमा फेजआउट हुनुहुँदैन भनेर सांसदले हंगामा नै मचाएका थिए ।

दसौं पञ्चवर्षीय योजना (२०५९-२०६४)ले विद्यालय शिक्षालाई १ देखि १२ सम्म बनाउने उल्लेख छ । जसअनुसार कक्षा १ देखि ८ सम्म आधारभूत शिक्षा र ९ देखि १२ सम्म माध्यमिक शिक्षा । एसएलसी अध्ययन समूहले पनि माध्यमिक शिक्षा कक्षा ९ देखि १२ हुनुपर्ने सुझाव दिएको छ । त्यस्तै उच्च शिक्षासम्बन्धी दीर्घकालीन योजनाले पनि त्यही कुरामा जोड दिएको छ । त्यसैले अब दस जोड दुईलाई माध्यमिक शिक्षाकै अंगको रूपमा विकास गर्नुको विकल्प छैन । परिवर्तित सन्दर्भमा माध्यमिक शिक्षालाई १२ सम्म पुऱ्याएर एसएलसी बोर्ड खारेज गरी नेपाल एजुकेसन बोर्ड गठन हुनुपर्ने राय छ, शिक्षाविद् खनियाँको । उनका अनुसार एसएलसी क्षेत्रीय शिक्षा निर्देशनालयअन्तर्गत क्षेत्रग रूपमा चलाउनु उपयुक्त हुन्छ ।

अझै पनि केही दस जोड दुईले ११ र १२ को कक्षामात्र पनि चलाएको पाइन्छ । कक्षा ११ र १२ मात्र चलाइरहेका उच्चमाध्यमिक विद्यालयलाई २०६५ सालभित्र विद्यालयस्तरका कक्षा पनि चलाउन परिषद्ले निर्देशन दिइसकेको छ । त्यसो त केही दस जोड दुईले नामका पछाडि कलेज लेखेरसमेत विद्यार्थीमा भ्रम छर्न खोजेको देखिन्छ । शिक्षाविद् वाग्ले भन्छन्, ' दस जोड दुई विद्यालयस्तरको शिक्षा भन्नेमा सन्देह नै छैन, तर केही प्रक्रियागत त्रुटिका कारण हामीकहाँ बेग्लै रूपमा बुझिएको छ, जुन ठीक छैन ।'

दस जोड दुई उत्तीर्ण कुल विद्यार्थीमध्ये ४० प्रतिशत जति विद्यार्थी सरकारी उच्चमाविबाट उत्तीर्ण भएका छन् । भौतिक सुविधाको कमीका कारण निजीस्तरका दस जोड दुईसँग प्रतिस्पर्धा गर्न अप्ठेरो परेको देखिन्छ । मंगल उच्चमावि कीर्तिपुरका प्राचार्य प्रदीप महर्जन भन्छन्, 'सरकारी दस जोड दुईले बढी शुल्क लिन पनि मिल्दैन, सरकारले दिएको बजेटले दुईजना शिक्षकको तलबमात्र ठिक्क पुग्छ, त्यसैले पनि गुणस्तर सुधार्न गाह्रो परेको छ ।' अहिले सरकारी उच्चमावि स्तर सुधार्न कम्तीमा पाँचजना शिक्षकको तलब सुविधा



सरकारले व्यहोर्नुपर्ने महर्जनको सुझाव छ । मंगल उच्चमावि सरकरी उच्चमाविमध्ये अग्रणीमा पर्छ ।

### अध्यादेशको प्रभाव

राजाको शासनकालमा २०६२ साल माघ १७ गते जारी अध्यादेशबाट उच्चमाध्यमिक शिक्षा परिषद् प्रभावित भएको छ । उक्त अध्यादेशले पाठ्यक्रम, मूल्यांकन र सम्बन्धनको अधिकार उच्चमाध्यमिक शिक्षा परिषद्बाट खोसेर शिक्षा मन्त्रालयलाई दिएको छ, जसअनुरूप परिषद् मन्त्रालयको एउटा शाखाजस्तो भएको छ । यसअघिका वर्षमा दस जोड दुई सञ्चालनको सम्बन्धन परिषद्ले दिँदै आएकोमा नयाँ जिल्लशिक्षा समिति, शिक्षाविभागको सिफारिस चाहिने भएकाले प्रक्रिया झन्झटिलो छ । प्रक्रियाकै कारण यसपटक नयाँ उच्चमाविलाई सम्बन्धन दिने काम प्रभावित भएको छ । पछिल्लो अध्यादेशले पाठ्यक्रम निर्माण गरी लागू गर्ने अधिकारसमेत मन्त्रालयलाई दिएको छ । परिषद्का सहसचिव नारायणप्रसाद कोइराला भन्छन्, 'अध्यादेशमा राखिएको व्यवस्थाबाट परिषद्को स्वायत्ततामा प्रहार भएको छ, यस्तो अवस्थाबाट परिषद्लाई चुस्तरुपमा काम गर्न अप्ठेरो पर्छ ।' उच्च माध्यमिक शिक्षा परिषद् एक स्वायत्त संस्था रहेको अवस्थामा उक्त अध्यादेशले कर्मचारीको नियन्त्रणमा राख्न खोजेको छ । सहसचिव कोइराला भन्छन्, 'यसबाट परिषद्को स्वायत्तता कायम नहुने र जवाफदेहिताबाट विमुख रहने देखिन्छ ।'

उच्चमाध्यमिक शिक्षा परिषद् स्वायत्त भएपछि आफै सबल भएको छ, १२ करोड रुपैयाँ सरकारले दिए पनि परिषद्को वार्षिक बजेट ३३ करोड रुपैयाँको छ । बजेटको बाँकी हिस्सा आन्तरिक स्रोत परिचालन नै हो । आफ्नो खुट्टामा उभिन लागेको परिषदलाई मन्त्रालयको शाखा जस्तो बनाउन खोजेर स्रोतसाधनमाथि वक्रदृष्टि लगाएको आरोप पनि छ ।

दस जोड दुईको अनुगमन गर्ने चुस्त संयन्त्रको अभाव छ । उचित अनुगमन नहुँदा व्यापारिक प्रवृत्ति

## अनुगमनको कमी छ

■ **प्रा. डा. मंगलसिद्धि मानन्धर**
मन्त्री, शिक्षा तथा खेलकुद

**यतिका वर्ष बित्दा पनि हामीकहाँ 'दस जोड दुई' विद्यालय शिक्षाको रूपमा किन विकास हुन नसकेको हो ?**

वास्तवमा हाम्रो पनि नीतिअनुसार दस जोड दुई विद्यालय शिक्षा नै हो । त्यो अहिले उच्च शिक्षामा गनिँदैन । हाम्रो नीति त जहाँ कक्षा १० सम्म छ, तिनले मागेका खण्डमा ११-१२ दिने हो । सरकारले नै ११-१२ कक्षाका स्कुल नखोलेर नै अहिलेसम्म त्यसले विद्यालय शिक्षाको रूपमा लिन नसकेको हो । यदि सरकारले + २ स्कुल खोलिदिएको भए तिनमा शुल्क कम हुन्थ्यो र सबै खाले आर्थिक अवस्था भएका मानिसको लागि सुलभ र सहज हुन्थ्यो । तर, सुरुमा खुलेका '+ २' सबै निजी क्षेत्रमा खुले । निजी क्षेत्रमा खुल्दा त्यसमा 'शुल्क' महँगो भयो र अलि हुनेखानेका सन्तानमात्र पढ्न सक्षम भए । अरूले विश्वविद्यालय छोड्न मानेनन् । किनकि त्यहाँ सस्तो छ । आइए, आइएस्सी, आइकम नै पढ्छौं भने । उता चाहिँ धेरै महँगो भयो, त्यसैले यो विद्यालय शिक्षा भएन र त्रिभुवन विश्वविद्यालयमा पनि प्रमाणपत्र तह रह्यो ।

**सरकारले किन '०+ २' चल्न दिएको त ?**

वर्तमान नीतिअनुसार '०+ २' खोल्ने अनुमति दिने बन्द भएको छ । पहिला लिइसकेकाको कुरा अर्कै भयो, अब '+ २' को अनुमति लिनलाई १० कक्षासम्म भएको हुनै पर्छ, मेरो विचारमा त्यो उचित पनि हो । अहिले सरकारले हरेक जिल्लामा आवश्यकता पहिचान गरी आफैंले सबै व्ययभार व्यहोर्ने हिसाबले एउटा एउटा '+ २' खोल्ने सोच बनाएको छ ।

**'+ २' व्यापारीकरण हुनु, निम्नवर्गको पहुँचमा नहुनुमा सरकारी निकम्मापन कत्तिको जिम्मेवार छ नि ?**

हैन, त्यसैले सरकार आफैंले ७५वटा जिल्लामा ७५ वटा '१० + २' खोल्ने योजना बनाएको हो । १४ वटा खोलिसकेको छ । २८ वटा यो आर्थिक वर्षमा खोलिन्छ र बाँकी ३३ वटा आगामी आर्थिक वर्षमा खोल्ने भन्ने योजना छ । त्यसले आर्थिक कमजोर भएकालाई पनि सुलभ हुने भयो । त्यसमा अध्ययन गर्न सक्छन् ।

**अनुगमन चुस्त गर्न कुनै कार्यक्रम आउँदै छ ?**

नेपालमा शिक्षामात्र होइन, सबै क्षेत्रमा अनुगमन अलि फितलो छ ।

वास्तवमा हामीले साँच्चै अघि बढ्नको निम्ति अनुगमन नभई नहुने कुरा हो । अनुगमन गरेर पहिलेको काम कहाँ बिग्रियो त्यसलाई सच्याउँदै लग्यो भने हामी राम्रोसँग अगाडि बढ्छौं । त्यसैले हामीले हरेक जिल्लामा जिल्ला शिक्षा अधिकारीमार्फत अनुगमनलाई सक्षम र धारिलो बनाउने प्रयत्न भइरहेको छ ।

**राजाको शासनकालमा आएको अध्यादेशबाट उच्चमाध्यमिक शिक्षा परिषद्का कामकारबाही पनि प्रभावित भए, परिषद्लाई शिक्षा विभागअन्तर्गत राखेर यसको स्वायत्तता खोसिएको छ, अब के यो अध्यादेश खारेज हुन्छ त ?**

अब हाम्रो योजनाचाहिँ अस्ति आएको अध्यादेशलाई खारेज गर्ने हो । तर, त्यससँगै अध्यादेशमा रहेका राम्रा कुरा राखेर पुनःव्यवस्थित गर्न चाहन्छौं हामी । त्यसलाई खारेज गरेर अर्को विधेयकको रूपमा प्रस्तुत गर्ने प्रक्रियामा लागिसकेका छौं । ■


**Bhanubhakta Memorial College**

P.O Box: 12765, Panipokhari, Kathmandu, Nepal
(Opposite to Japanese Embassy)
Tel: 4435144, 4419474, Fax: 4444130
Email: bhanubakta@wlink.com.np, website: www.bbmc.edu.np

**Facilities:**
- Transportation
- Cafeteria
- Library
- Extra Curricular Activities
- Individual Counseling
- ETC.

**INVITES APPICATIONS**
FOR XI
**Science** **Commerce**
*8 different Scholarships with Awards and Gold Medal*

***Forms are available in:***

| | |
|---|---|
| Bhanubhakta Memorial College | 4435144, 4419474 |
| Little Angel's College | 5520111, 5540777 |
| Xavier Academy | 4430025, 4424289 |

**८५ प्रतिशतभन्दा बढी नतिजा ल्याउने उच्चमावि ( ३० जनाभन्दा बढी विद्यार्थी )**

१. प्रसादी एकेडेमी उच्च मावि, ललितपुर
२. काठमाडौं मोडल उच्च मावि, काठमाडौं
३. सेन्ट मेरिज उच्च मावि, ललितपुर
४. युनाइटेड एकेडेमी उच्च मावि, ललितपुर
५. लिटिल एन्जल्स उच्च मावि, ललितपुर
६. भिएस निकेतन उच्च मावि, काठमाडौं
७. सिद्धार्थ उच्च मावि, काभ्रे
८. सेन्ट जेभियर्स उच्च मावि, ललितपुर
९ एसओएस बालग्राम, भक्तपुर
१० बालदीक्षा सदन उच्च मावि
११. पिनाकल एकेडेमी, ललितपुर
१२. निकोल्सन एकेडेमी, भक्तपुर
१३. प्राइम इन्टरनेसनल कलेज, काठमाडौं
१४. विश्वनिकेतन उच्च मावि, काठमाडौं
१५. बूढानीलकण्ठ उच्च मावि, काठमाडौं
१६. सगरमाथा उच्च मावि, कास्की
१७. गण्डकी उच्च मावि, कास्की
१८. काठमाडौं डनबस्को उच्च मावि, काठमाडौं
१९. हिमालयन ह्वाइट हाउस इन्टरनेसनल उच्च मावि, काठमाडौं
२०. रिलायन्स इन्टरनेसनल उच्चमावि, काठमाडौं
२१. सेन्टर फर इनोभेसन टेक्नोलोजी उच्च मावि, काठमाडौं
२२. विराट साइन्स क्याम्पस, विराटनगर
२३. अर्किड साइन्स कलेज, चितवन
२४. बाग्मती उच्च मावि, काठमाडौं



पनि मौलाइरहेको गुनासो आइरहेको छ। शुल्क तिरेबमोजिम दस जोड दुईले सुविधा दिएका छन् कि छैनन् भनी निरीक्षण गर्ने परिपाटी चुस्त छैन। कतिपय संस्थाले अझै पनि शून्य जोड दुई चलाएका छन् भने कतिपयले कलेज लेखेर विद्यार्थी आकर्षित गरिरहेका छन्। प्राइमका प्रिन्सिपल नरेश श्रेष्ठ भन्छन्, 'अनावश्यक तामझाम देखाएर विद्यार्थी तान्न खोज्ने दस जोड दुई दीर्घकालीन रूपमा टिक्न सक्दैनन्।' शिक्षालाई सेवामूलक पेसाका रूपमा विकास गरिनुपर्ने विचार पनि धेरैको छ। हिमालयन ह्वाइट हाउस कलेजका प्रमुख कार्यकारी युवराज शर्मा भन्छन्, 'शिक्षा क्षेत्रमा आउने व्यक्तिमा व्यापारिक मानसिकता हुनुहुँदैन। यसलाई सेवामूलकरूपमा अघि बढाउनुपर्छ।'

सरकारी र निजी दस जोड दुईबीच देखिएको गुणस्तर खाडल हट्नुपर्ने कुरा उठिरहेको छ। सरकारले पनि सामुदायिक उच्चमाविलाई दिने सहयोग राशि वृद्धि गर्नुपर्ने देखिन्छ। मुलुकभर २८ हजार विद्यालयमध्ये २ हजार ४ सय मावि छन्, तिनीहरू सबैलाई उच्चमावि बनाएको खण्डमा मात्र दस जोड दुईलाई विद्यालय शिक्षाको रूपमा ढाल्न सकिन्छ। काठमाडौं मोडेल कलेजका रामेश्वर अर्याल भन्छन्, 'नयाँ दस जोड दुई सञ्चालन गर्न दिनुमात्र ठूलो कुरा होइन, गुणस्तर कायम राख्नु चाहिँ महत्त्वपूर्ण कुरा हो।' ■





# घमासान महारथीहरूकै

■ नवीन अर्याल/काठमाडौं

**कप्तान डेभिड** बेकहामको ट्रेडमार्क फ्रिकी गोलका कारण इङ्ल्यान्डले इक्वेडरलाई १-० गोल, इटालीले इन्जुरी समयमा रेफ्रीको विवादास्पद पेनाल्टी निर्णयका कारण अस्ट्रेलियामाथि हासिल गरेको १-० गोलको विजयी नतिजा र ब्राजिलले घानालाई ३-० गोल अन्तरले हराएपछि जर्मनीमा सञ्चालन भइरहेको बहुप्रतीक्षित अठारौं विश्वकपमा सम्भावित ठूलो उलटफेरको सम्भावना समाप्त भएको छ। तर, विश्वकपमा पहिलोपल्ट सहभागी बनेर युरोपमा उदाउन थालेको युक्रेनले भने आफ्नो साख राखेको छ। समूहगत खेलमा दुर्भाग्यपूर्ण नतिजाले पहिलो चरणबाटै बाहिरिएको चेक गणतन्त्रका लागि यो विश्वकप कटु अनुभव बन्न पुगेको छ। एसियाली राष्ट्रहरूका लागि पनि नमिठो सम्झना नै बन्न पुग्यो, सन् २००६ को विश्वकप। गत विश्वकपमा सेमिफाइनलसम्म पुगेर तहल्का मचाएको दक्षिण कोरिया दोस्रो चरणमा प्रवेश गर्ने सम्भावना हुँदाहुँदै निर्णायक खेलमा स्विजरल्यान्डसँग २-० ले पराजित भएर बाहिरियो।

युक्रेनलाई छोडर यो विश्वकपमा पुरानै शक्ति राष्ट्र हावी देखिएका छन्। विश्व फुटबलको बलियो मानिएको ब्राजिल, जर्मनी, अर्जेन्टिना, इटाली, इङ्ल्यान्ड, फ्रान्स र पोर्चुगल तीन सातादेखि जारी विश्वकप फुटबल प्रतियोगिताको क्वाटरफाइनलमा पुग्नुले पनि यो प्रमाणित गरेको छ। यसपालि युक्रेन र पोर्चुगलबाहेक विश्वकप जितिसकेका ६ राष्ट्र अन्तिम आठमा समावेश भएका छन। सन् १९७४ पछि दोस्रोपल्ट विश्वकप आयोजना गरिरहेको जर्मनी यो विश्वकपमा पनि सबैभन्दा बलियो दाबेदारका रूपमा प्रस्तुत भएको छ। ५ पल्टको विश्वविजेता ब्राजिल अर्को बलियो दाबेदारका रूपमा उभिएको छ।

सन् १९८६ को विश्वकपदेखि लगातार क्वाटरफाइनलमा समावेश हुँदै आइरहेको जर्मनी आफ्नो प्रभावशाली खेलका कारण यति बेला उपाधिको दाबेदार मानिएको छ। तर, क्वाटरफाइनलमा यो देशले फेरि एकपल्ट अर्जेन्टिनासँग भिड्नु पर्नेछ। सन् १९८६ को विश्वकपको फाइनलमा अर्जेन्टिनासँग ३-२ गोल अन्तरले पराजित भए पनि सन् १९९० विश्वकपको फाइनलमा पुरानो बदला लिँदै १-० गोलले विजयी भएको जर्मनी ३२ वर्षअघि आफ्नो घरेलु मैदानमा विश्वकप जित्दा ताकाझैं उत्कृष्ट लयमा छ।

तीनपल्ट विश्वकप जितिसकेको र सातपल्ट फाइनलमा पुगेको जर्मनीलाई पछिल्लोपल्ट सन् १९९० मा विश्वकप जिताउन भूमिका खेलेका स्टार स्ट्राइकर जर्जेन क्लिन्सम्यान यति बेला प्रशिक्षकको भूमिकामा छन्। उनको कुशल नेतृत्वमा अहिले जर्मनी धारिलो मात्र देखिएको छैन, गत विश्वकपको फाइनलमा ब्राजिलबाट पराजित भएको आक्रोश पोख्न उद्वेलित पनि देखिएको छ। दोस्रो चरणको नकआउट खेलमा युरोपको शक्तिशाली स्विडेनलाई खेल सुरु भएको १२ मिनेटमै २ गोल ठोक्नुले जर्मनी निकै आक्रामक भएको पुष्टि गरेको छ। सन् १९९० को विश्वकपपछि त्यति प्रभावशाली प्रदर्शन गर्न नसकेको अर्जेन्टिना सालीन खेलका लागि चिनिए पनि २० वर्षपछि विश्वकपमा आफ्नो दाबेदारी प्रस्तुत गर्न यो देशले जर्मनीको तुफान खेललाई रोक्नु पर्नेछ। अर्जेन्टिना सन् १९८६ को विश्वकपदेखि उपाधिविहीन रहँदै आइरहेको छ। दोस्रो चरणमा मध्य अमेरिकाको कमजोर मेक्सिकोलाई ३० मिनेट थप गरिएको खेलमा २-१ को झिनो अन्तरले मात्र जित्नुले अर्जेन्टिनाको सम्भावनालाई लिएर आश्वस्त हुने ठाउँ देखिएको छैन। तर, हुँवा रोमन रिक्युल्मे, लियोनेल मेसी, कार्लोस टेभेज, म्याक्सी रोड्रिगेज र क्याम्बियासोजस्ता युवा र खेल पल्टाउन सक्ने खेलाडीको जमघट हुनुले अर्जेन्टिनाको जितको सम्भावनालाई कसैले इन्कार गरेका छैनन्। यो विश्वकपको चार खेलमा जर्मनी र अर्जेन्टिनाले विपक्षी टोलीविरुद्ध समान १० गोल गर्नुका साथै २ गोल खाएका छन।

अनुभवी स्ट्राइकर माइकल ओवेनको अनुपस्थितिमा लरखराउँदै क्वाटरफाइनल पुगेको इङ्ल्यान्डलाई फेरि पनि चिट्ठा परेको छ। नेदरल्यान्डसँगको अति महत्त्वपूर्ण र खराब खेलमा पोर्चुगल १-० गोलले






विजयी भएपछि क्वाटरफाइनलमा इङल्यान्डको भिडन्त पोर्चुगलसँगै हुने भएको छ। नेदरल्यान्डसँग नकआउट चरणको खेलमा दुई रातो कार्डका कारण पोर्चुगलले आफ्नो प्रभावशाली मिडफिल्डर डेको र कोस्टिन्हाविना नै इङल्यान्डसँग भिड्नु पर्नेछ। ४० वर्षअघि सन् १९६६ मा बेलायतमा भएको विश्वकपको क्वाटरफाइनलमा पुगेयता पहिलोपल्ट क्वाटरफाइनलमा उक्लिने सौभाग्य पाएको पोर्चुगल दुई वर्षअघि आफ्नो मुलुकमा भएको युरो-२००४ को फाइनलमा पुगेको थियो। गत विश्वकपमा ब्राजिललाई उपाधि दिलाएका प्रशिक्षक लुइज फिलिपे स्कोलारीको प्रशिक्षकत्वमा यो विश्वकपमा राम्रो प्रदर्शन गर्दै आइरहेको पोर्चुगल युवा तथा प्रभावशाली आक्रामक मिडफिल्डर क्रिस्चियानो रोनाल्डोको चोटका कारण पनि सशंकित देखिएको छ। उनी नेदरल्यान्डविरुद्धको खेलमै घाइते हुन पुगेका थिए।

यता अनुभवी तथा विश्वकपको दाबेदार टोलीको रूपमा दर्शाइएको इटाली लरखराउँदै क्वाटरफाइनलमा पुगेको छ। ३२ वर्षपछि नेदरल्यान्डका चामत्कारिक प्रशिक्षक गुस हिडिन्को नेतृत्वमा विश्वकपमा फर्किएको अस्ट्रेलियाविरुद्ध दोस्रो चरणको नकआउट खेलमा विवादास्पद पेनाल्टीका कारण इटाली क्वाटरफाइनलमा पुग्न सफल भयो। सन् १९३४, १९३८ र १९८२ गरी तीनपल्ट विश्वकप जितेको इटाली गत विश्वकपको दोस्रो चरणमा आयोजक दक्षिण कोरियासँग पराजित भएर बाहिरिएको थियो। यो देश सन् १९८२ यता चौथोपल्ट क्वाटरफाइनलमा समावेश भएको हो। सन् १९९४ को विश्वकपमा फाइनलमा ब्राजिलसँग पेनाल्टी सुट आउटमा पराजित भएको इटालीले क्वाटरफाइनलमा पहिलोपल्ट विश्वकप खेलिरहेको युक्रेनविरुद्ध खेल्नु पर्नेछ। फिफा वरीयताको पैंतालीसौं स्थानमा रहेको युक्रेन यो विश्वकपमा ठूलो उलटफेर गर्ने एकमात्र राष्ट्र हो। समूहगत खेलमा स्पेनसँग ४-० ले पराजित भएर पनि विश्वकपको अनुभवी टोली ट्युनेसिया र साउदी अरेबियालाई उछिनेर दोस्रो चरणमा प्रवेश पाएको युक्रेनले क्वाटरफाइनल प्रवेशका लागि स्विजरल्यान्डलाई पेनाल्टी सुटआउटमा ३-० गोलले हरायो। आन्द्रेयी सेभचेन्कोजस्ता स्टार खेलाडी समावेश युक्रेन पछिल्ला खेलहरूमा सन्तुलित र राम्रो देखिँदै आएको छ। युरोपेली राष्ट्र भए पनि मासिक सरदर १ सय ८५ अमेरिकी डलर तलब रहेको युक्रेनी जनतालाई इयुका अन्य देशहरूमा भ्रमणका लागि भिसा आवश्यक पर्ने गर्छ। युक्रेनको यो सफलताले सन् १९९१ मा रूसबाट छुट्टिएर नयाँ राष्ट्रको मान्यता पाएको यो देशले युरोपका अन्य बलिया फुटबल राष्ट्रमाझ आफूलाई पनि उभ्याएको छ। इटालीको हालको फितलो प्रदर्शन क्वाटरफाइनलमा पनि यथावत् रहने हो भने युक्रेनलाई सेमिफाइनल पुग्नबाट रोक्न गाह्रै पर्ने देखिएको छ।

तर, अर्कोतर्फ सन् १९९४ देखि लगातार विश्वकपको फाइनलमा पुग्दै आइरहेको ब्राजिललाई यसपालि पनि फाइनलमा रोक्ने साहस भने अहिलेसम्म कुनै पनि देशमा देखिएको छैन। स्टार खेलाडीले भरिपूर्ण ब्राजिल समूहको पहिलो खेलमा क्रोएसियाविरुद्ध फितलो देखिए पनि त्यसयता विपक्षी टोलीविरुद्ध गोलको वर्षा गर्दै आइरहेको छ। ब्राजिल क्वाटरफाइनलमा सन् १९९८ को विश्व च्याम्पियन फ्रान्ससँग भिड्ने पक्का भइसकेको छ। ब्राजिलले दोस्रो चरणमा अफ्रिकाको बलियो टोली घानालाई ३-० ले पराजित गर्दै क्वाटरफाइनलमा आफ्नो बलियो उपस्थिति जनायो। चारपल्ट अफ्रिकन नेसनकप जितिसकेको घाना पहिलोपल्ट विश्वकपमा समावेश भए पनि यो देशले चेक गणराज्यजस्तो बलियो टोलीलाई २-० र अमेरिकालाई २-१ ले पराजित गर्दै समूह 'इ'बाट दोस्रो चरणमा स्थान पक्का गराएको थियो। तर, दोस्रो चरणमा ब्राजिलसँगको पराजयले भने घाना आफ्ना पूर्व अफ्रिकी राष्ट्र सेनेगल र क्यामरुनजस्तै इतिहास कोर्नबाट वञ्चित भयो। क्यामरुन र सेनेगल अफ्रिकी महादेशबाट विश्वकपको क्वाटरफाइनलसम्म पुग्ने देश हुन्।

समूह 'जी'मा लरखराउँदै पहिलो चरण पार गरेको फ्रान्सले दोस्रो चरणमा स्पेनको चुनौती ३-१ गोल अन्तरले समाप्त पार्‍यो। समूहगत खेलमा फ्रान्सको फितलो खेलकै कारण युक्रेनलाई दोस्रो चरणमा चिठ्ठा परेको थियो। फ्रान्स र युक्रेन समूहगत खेलमा दोस्रो भए पनि क्वाटरफाइनलमा प्रवेश गर्न सफल भएका हुन। अन्य ६ राष्ट्र आफ्नो समूहमा विजेता थिए। युवा खेलाडीहरूले भरिपूर्ण स्पेनलाई समूहगत खेलमा टोलीको उत्कृष्ट प्रदर्शनका कारण उपाधिको दाबेदारको रूपमा हेरिएको थियो। समूह 'एच'मा विपक्षी टोलीविरुद्ध एक गोल पनि नखाईकन अपराजित टोलीको रूपमा स्पेन दोस्रो चरणमा उक्लिन सफल भएको थियो।

ब्राजिल र फ्रान्सको क्वाटरफाइनल भिडन्तले एकपल्ट फेरि सन् १९९८ को विश्वकप फाइनलको सम्झना दिलाउने आशा गरिएको छ। तर, बूढा खेलाडीहरू अधिक रहेको फ्रान्सले ८ वर्ष अगाडिको नतिजा निकाल्दै ब्राजिललाई क्वाटरफाइनलमै रोक्ने सम्भावना भने कमै देखिएको छ। फ्रान्सले क्वाटरफाइनलमा ब्राजिललाई हराएको खण्डमा यसपालिको विश्वकपमा यही नै सर्वैभन्दा ठूलो उलटफेर हुनेछ। ■




**विश्वकपअन्तर्गत दोस्रो चरणको सम्पूर्ण खेल गरी कुल ५६ खेल सम्पन्न भइसक्दा १ सय ३५ गोल भइसकेको छ। विश्वकपको समूहचरणको ४८ खेलमा भने १ सय १७ गोल भएको थियो। दोस्रो चरणको नकआउट प्रतिस्पर्धाअन्तर्गत ८ खेलमा भने १८ गोल भएका छन्। नकआउट प्रतिस्पर्धामा अर्जेन्टिना, जहाँ समय थप गरेर जित्ने टोली बन्न पुगेको छ भने युक्रेन पेनाल्टी सुटआउटबाट जित्ने टोली बन्न पुगेको छ। दोस्रो चरणको खेल सम्पन्न हुँदासम्म ९९ खेलाडीले गोल गरिसकेका छन्।**

**चार गोल–** मिरोस्लाभ क्लोस (जर्मनी)

**तीन गोल–** रोनाल्डो (ब्राजिल), फर्नान्डो टोरेस र डेभिड भिला (स्पेन), लुकास पोडोलस्की (जर्मनी), हर्नान क्रेस्पो र म्याक्सी रोड्रिगेज (अर्जेन्टिना)

**दुई गोल–** आद्रियानो (ब्राजिल), मानिच (पोर्चुगल), थियरी हेनरी र प्याट्रिक भियरा (फ्रान्स), आन्द्रेयी सेभचेन्को (युक्रेन), अगस्टिन डेलगाडो र कार्लोस टेनोरिओ (इक्वेडर), टिम काहिल (अस्ट्रेलिया), टोमस रोसिस्की (चेक गणराज्य), ब्राभो ओमार (मेक्सिको), पाउलो वान्चुप (कोस्टारिका), बार्टोज बोसस्की (पोल्यान्ड) र स्टेभन जेरार्ड (इङल्यान्ड), अरूना डिनडाने (आइभोरी कोस्ट), अलेक्जेन्डर फ्रेइ (स्विजरल्यान्ड)।





# रोनाल्डोको कीर्तिमान

**जर्मनीमा भइरहेको** अठारौं विश्वकप फुटबल प्रतियोगिता सुरु हुनुभन्दा अघि बढ्दो तौल र फिटनेसका कारण आलोचित बन्न पुगेका ब्राजिलका स्टार स्ट्राइकर रोनाल्डोले विश्वकपको ७५ वर्षे इतिहासमा नयाँ आयाम थपेका छन्। उनी विश्वकप फुटबलमा सर्वाधिक गोल गर्ने खेलाडी बन्न पुगेका छन्। दोस्रो चरणको खेलअन्तर्गत घानाविरुद्ध पाँचौं मिनेटमा नै पहिलो गोल गर्ने क्रममा रोनाल्डोले ३२ वर्षअघि जर्मनीका गेर्ड मुलरले विश्वकपमा कायम गरेको सर्वाधिक गोल गर्ने कीर्तिमान भंग गरे। विश्वकपमा उनको गोल संख्या १५ पुगेको छ। यसअघि मुलरको नाममा विश्वकपमा सर्वाधिक १४ गोल गर्ने कीर्तिमान थियो। मुलरले सन् १९७० को विश्वकपमा १० र सन् १९७४ मा आफ्नै देशमा भएको विश्वकपमा ४ गोल गरेका थिए।

रोनाल्डो सन् १९९८ को विश्वकपदेखि ब्राजिलेली टोलीमा समावेश रहँदै आइरहेका छन्। उनी सन् १९९४ को विश्वकप ब्राजिलले जित्दा मैदानमा नउत्रिए पनि टोलीका सदस्य थिए। उनले सन् १९९८ को विश्वकपमा ४ गोल गरेका थिए। सन् २००२ मा दक्षिण कोरिया र जापानमा संयुक्त रूपमा आयोजित विश्वकपमा ८ गोल गरेर ब्राजिललाई पाँचौंपल्ट विश्व च्याम्पियन बनाउन प्रमुख भूमिका खेले। यस विश्वकपको ४ खेलमा उनले ३ गोल गरिसकेका छन्। विश्वकपमा सहभागी हुनुअघि ९० दशमलव ५ किलोको भारी शरीरका कारण सबैबाट आलोचित बन्दै आइरहेका रोनाल्डोले जापानविरुद्ध २ गोल गरेर मुलरको कीर्तिमानलाई बराबरी गरेका थिए। सन् १९९८ मा उत्कृष्ट खेलाडी 'गोल्डेन बल' र सन् २००२ को सर्वाधिक गोलकर्ता 'गोल्डेन बुट'बाट सम्मानित भइसकेका रोनाल्डो सन् १९९६, १९९७ र २००२ गरी तीनपल्ट फिफा वर्ष खेलाडी घोषित भइसकेका छन्। सन् २००२ मा स्पेनको धनी रियल म्याड्रिड क्लबमा २ करोड ७० लाख स्टर्लिङ पाउन्डमा अनुबन्धित २९ वर्षीय रोनाल्डोको यो अन्तिम विश्वकप मानिएको छ। ■



# राजनीतिजस्तै कथाहरू




कथाकार भागीरथी श्रेष्ठको कथा संग्रह 'भूमिगत' नेपालको अहिलेको राजनीतिक अवस्थासँग ठ्याक्कै मेल खान्छ। एक दशक लामो 'जनयुद्ध' थाती राखेर कमरेडहरू खुला राजनीतिमा आएको, उनीहरू सत्तामा जान लालायित भएको राजनीतिक यथार्थबीच कथासंग्रहलाई साझा प्रकाशनले २०६२ मंसिरमा प्रकाशनमा ल्याएको हो।

नेपालको सामाजिक राजनीतिक जीवनलाई कथामार्फत प्रस्तुत गर्न सिपालु भागीरथीले सम्भवतः आजभन्दा तीस वर्षअघि लेखेको र त्यसै बेला समकालीन साहित्यमा प्रकाशित कथा 'भूमिगत' लाई संग्रहमा सार्वजनिक गरेर सामयिक राजनीतिलाई सम्बोधन गर्न खोजेकी त होइनन् ? त्यस बेलाको भूमिगत राजनीति गर्नेहरूको चरित्र र तस्वीर प्रस्तुत गरेकी छन् उनले। एउटी बाल विधवा पारुको विवाहित कमरेडप्रतिको समर्पण, उत्सर्ग, लगाव, सहवास कसरी तिनै कमरेड मन्त्री भएपछि भेट्नसम्म चाहँदैनन् भन्ने अनुभवबाट पारुको मन भताभुंग हुन्छ। पारुको जीवनीमा कमरेड कसरी आए, प्रभाव जमाए र परिवर्तन भएका छन् भन्ने कुरा कथामा प्रस्तुत गरिएको छ।

मन्त्री भएका लक्ष्य शर्माको मन्त्रीक्वाटरमा पुगेकी पारुले भेट्न पाउँदिनन्, उनको मनमा द्विविधा हुन्छ, मलाई लक्ष्यले भेट्न नखोजेकै हुन् वा त्यस्तै परिस्थितिले भेट हुन नसकेको हो, यस्तै प्रश्नले उनी लामो समय प्रताडित हुन्छिन्। मन्त्रीक्वाटरको प्रतीक्षालयमा पारुको मानसिकता कथाकारले यसरी प्रस्तुत गरेकी छन् - पाँच वर्षअघि यही गाउँको एउटा पुरानो घरको बुइगलमा राति भएको मिटिङमा लक्ष्य शर्मासँग परिचय भएको थियो पारुको। त्यो दिन उनको सानदार वजनदार कुरा र भाषण सुनेर पारु अत्यन्त प्रभावित भएकी थिई। स्वतन्त्रता, समानता, प्रजातन्त्र र बालविधवाप्रति सहानुभूति, शोषित पीडितहरूको मुक्तिका कुराले उनलाई र उनले अपनाएको बाटोलाई खुला दिलले समर्थन गरेकी थिई पारुले।'

बीसवटा कथा रहेको संग्रहमा भागीरथीले नारी पात्रको मनोविश्लेषणात्मक भावनालाई प्रशस्त मात्रामा प्रकट गरेकी छन्। आधुनिक नारीका आत्मकथालाई समाजशास्त्रीय, मानवशास्त्रीय विवेचना गरिएको छ कथाहरूमा। नेपालमा मध्यम, निम्नमध्यम वर्गको प्रतिनिधित्व भएको जस्तो देखिन्छ।

'अन्तराल' कथामा सहरमा डाक्टरी गरेर बसेको छोरो, उसकी गाउँले स्वास्नीसमक्ष लामो अन्तरालमा गाउँमा पुग्दा सासूससुराबीचको शंकालाग्दो सम्बन्धलाई शंकालु पाराले प्रस्तुत गरिएको छ। यौनमनोविज्ञान वा अभिभावकत्व त्यसबीच विभेद गर्न सकिने ठाउँ कथामा छैन। सासूससुरा अनि नातिबीचको मायालु सम्बन्धलाई गाउँलेहरूले जसरी परिभाषित गरेका छन्, शंकालु यौनमनोविज्ञानमा त्यस्तै मानसिकता बोकेर डाक्टर सहर फर्कन्छ, श्रीमतीको साथ।

त्यस्तै 'पूर्णविराम' कथामा १८ वर्षको यौवनावस्थामा विधवा भएकी आमा र तन्नेरी छोरोबीचको अस्वस्थ प्रेम र चाहनाबाट बुहारीले भोग्नुपरेको मानसिक यातना प्रस्तुत गरेकी छन्, कथाकारले। बुहारीले आमा र छोराबीचको सम्बन्धबाट वाक्क भएर घरै छोडेको आत्मकथा प्रस्तुत गरिएको छ।

कथाहरूमा बिम्बको प्रशस्त प्रयोग भएको छ। जस्तो 'दूरी' कथामा लोग्नेले छोडेकी महिला र स्वास्नीले छोडेको लोग्नेमानिस जो एउटै अफिसमा हाकिम र कर्मचारीको एउटा रेस्टुराँमा भएको भेटको मौनता कथाकारले यसरी प्रस्तुत गरेकी छन् – मौनता हामीबीच एकछिनसम्म ओहोर दोहोर गरिरह्यो, मानौं स्वयं मौनता नै बोल्न हतारिँदै छ।


अधिकांश कथामा नारी पात्रलाई प्रधान छन् कथाहरूमा। तर, नारी कतिसम्म कठोर हुन सक्छन् भन्ने कुरा 'चुनौती'मा प्रस्तुत गरेकी छन्। चम्पाले आफ्ना मनोभाव बहिनीलाई पठाएको पत्रमा व्यक्त गरेकी छन्। धनसम्पत्ति र रक्सीको मातमा लाग्ने लोग्नेको मृत्युको खबरले चम्पाले यसरी व्यक्त गरेकी छन् - रक्सी खाँदा खाँदै सौता पोइल गएको दुई महिनामै लोग्नेको मृत्यु भयो। त्यति बेला लोग्नेको मृत्युमा रुन मेरो आँसुको मूल फुटेन। बरु एउटा बोझमुक्त भएको सम्झे। सत्य बहिनी, रातो चूरा, राटो टीका र रातो सारी लगाउने रहर भने मेटिएको थिएन। यही सम्झेर मेरा आँखा रसाएका थिए धेरै बेरसम्म।'

लेखन सरल छ, प्रस्तुति स्पष्ट। सबै कथा यसअघि विभिन्न साहित्यिक पत्रिकाहरूमा प्रकाशित भएका हुन्।


■ **विश्वमणि पोखरेल**



**किताब** : २०६२ को दैनिक डायरी
**सम्पादक** : मोदनाथ खनाल
**पृष्ठ** : २७२
**मूल्य** : रु २५०/-
**प्रकाशक** : नेपाल व्यवसायिक पत्रकारिता तथा सञ्चार अध्ययन प्रतिष्ठान




**किताब** : पच्चीस प्रतिभा
**लेखक** : गोपाल पराजुली
**पृष्ठ** : १११
**मूल्य** : रु ६०/-
**प्रकाशक** : रत्न पुस्तक भण्डार



**किताब** : विश्वप्रसिद्ध बालकथाहरू
**विधा** : कथा
**लेखक** : विजयराज आचार्य
**पृष्ठ** : ४७
**मूल्य** : रु २५/-
**प्रकाशक** : विवेक सिर्जनशील प्रकाशन




**किताब** : सुस्तामा भारतीय अतिक्रमणको वास्तविकता
**लेखक** : फणीन्द्र/रतन
**पृष्ठ** : ९८
**मूल्य** : रु १००/-
**प्रकाशक** : सीमा सरोकार नागरिक समिति तथा राष्ट्रिय सरोकार समाज



# दाम्लो

■ कृष्ण बराल

**निस्लोट अँध्यारो** चिर्दै सुनसान सडक छिचोलेर म राति करिब डेढ बजे साथीको डेरा ढकढक्याउन पुगेको थिएँ। आश्चर्यचकित अनुहार पारेर निद्राले कचपचिएका आँखाले मतिर हेर्दै उसले मलाई भित्र पस्न दियो। सायद उसलाई ठूलै शंकाले घेरेको थियो।

मैले भनें, 'छक्क नपर यार। बिहान सबै कुरा भनौंला।' हामी सुतेका थियौं। ऊ त एकैछिनमा निदाइहाल्यो। म भने आफैंले निम्त्याएको संकटकालीन घडीमा गोता खेलिरहेथें। जुन घडीले न त वर्तमानलाई संकेत गर्थ्यो न त भविष्यलाई, अतीतलाई मात्र 'फोकस' गरिरहेथ्यो।

यति बेला मैले वृद्ध हजुरबुबालाई सम्झिएँ। उहाँको काखमा बसेर मैले कस्ता कस्ता आपतकालीन स्थिति सजिलैसँग झेल्ने बहादुर राजकुमार र राजकुमारीका तिलस्मी र जादुगरी कथा सुनेको थिएँ। हजुरबुबा कथा भन्न थाल्दा म बीचैमा जिज्ञासु हुन्थें, 'अमुक राजकुमारले किन त्यसो गरेको हजुरबुबा ?'

हजुरबुबा भन्नु हुन्थ्यो, 'राजकुमारलाई त्यसो गर्न मन लागेर, बाबु !'

म पुनः प्रश्न तेर्स्याउँथें, 'जे मन लाग्यो त्यही गर्न पाइन्छ र हजुरबुबा ?'

'हो बाबु ! मन लागेको त गर्नैपर्छ', हजुरबुबा भन्नुहुन्थ्यो र पुनः कथा आरम्भ गर्नुहुन्थ्यो। तर म यतिखेर असमञ्ज परिरहेछु। एकदमै दिग्भ्रमित भइरहेछु। मैले यति खेर ठिक गरें कि बेठिक ? मन लागेको गरें कि मन नलागेको गरें ? हजुरबुबा मलाई ठिक गर्दा प्रोत्साहन, बेठिक गर्दा हतोत्साह नगरीकन सम्झाउनु हुन्थ्यो। अहिले म तत्काल हजुरबुबालाई पत्र लेख्न चाहन्थें। यो विलखबन्दमा परेको कुरा विस्तारमा पोख्न चाहन्थें।

म भरखर मात्र सत्र नाघेर अठार वर्षमा हिँड्दैको ठिटो। यस अर्थमा यो लेखिरहँदा यो लेखोट नपत्याउनु हुने हो कि भन्ने पीर पनि छ। तर, यी गम्भीर कुरा कुनै छलकपट बेगर नढाँटी लेख्दै छु।

परार साल मात्र एएलसी उत्तीर्ण गरेको हुँ। अर्थात् अहिले म बाह्र कक्षाको विद्यार्थी हुँ। यो बेला र उमेरलाई अल्लारे र उरन्ठेउलेको उपाधि पनि दिन्छन्। तर, त्यसको कुनै छनकसम्म पनि दिनेछैन। म अत्यन्तै मेधावी विद्यार्थी नभए पनि साह्रै कमजोर होइन। एसएलसी प्रथम श्रेणीमा गरें। अब हुने र भएका जाँचमा पनि त्यही श्रेणीमा ल्याउनेछु।

खेल्नमा म क्रिकेट मन पराउँछु- खेल्छु पनि। फुटबल पनि मलाई मन पर्ने खेल हो। त्यसअतिरिक्त ब्याडमिन्टन र टेबल टेनिस पनि खेल्छु। लेख्नमा भने त्यति अभ्यस्त होइनँ त्यसैले लेखाइमा म चुकिहालें भने त्यो अनर्थ ठान्नु पर्ने कुरा पनि होइन।

मेरो पारिवारिक पृष्ठभूमि सम्पन्न परिवारसँगै जोडिएको छ। तर, यो संयुक्त र अलिक असन्तुलित रुपमा रहेको कुरा पनि नकार्दिनँ। यस परिवारका सदस्य विभिन्न ठाउँ र पेसामा संलग्न छन्। चाडबाडका बेलामा मूलघरमा भेला हुने परम्परा कायम छ। त्यतिखेर नै हो आर्थिक असमानताका दृश्य प्रस्टसँग झल्कन्छन्। बिहानैदेखि अबेर रातिसम्म चुलो निभ्दैन। को केको सुरमा को केको सुरमा- खानपान हँसी मजाक चलिरहन्छ। एउटाले अर्कोलाई उचाल्ने, पछार्ने, पखाल्ने, फुर्क्याउने-रमाइलो हुँदा हुँदै रुवावासीकै वातावरण सृजना हुने स्थिति पनि आउँछ। त्यति भईकन पनि हजुरबुबा र हजुरआमालाई रिझाउने कार्यमा भने कुनै सदस्य पछि पर्दैनन्। त्यसो हुनाको कारण कमसेकम मैले पनि बुझेको छु कि यस परिवारको अंशबन्डा भएको छैन। त्यस अवसरमा केटाकेटीहरू पनि किन चुक्थे एक-अर्कालाई उछिन्न तल्लीन हुन्थे। हाँस्ने हँसाउने, नाच्ने, गाउने सबै आफ्नो सीप देखाउँथे। आवासीय अंग्रेजी स्कुलमा पढेको सान देखाउँथे। म पनि सबै चर्तिकला ट्वाल्ल परेर हेरिरहेको हुन्थें।

मेरी मामु मेरा दादा दिदी (ठूलो बाबाहरूका छोराछोरी) खेल्दा अंग्रेजी बोलेको, गाएको सुनेर सपना देख्नु हुन्थ्यो, 'अब हाम्रो नानी पनि बोर्डिङ जान्छ र धेरै पढ्छ अनि फटाफट अंग्रेजी बोल्छ।'

हजुरबुबाले थप्नुहुन्थ्यो, 'हो त नि मेरो नाति

सबैलाई उछिनेर धेरै पढ्छ र ज्ञानी हुन्छ ।'

म हजुरबुबाकै काखमा लुटपुटिन्थेँ र लाडिदै मेरो बाबातिर हेरेर भन्थेँ, 'बाबा म कहिले बोर्डिङ जाने ?' कति बिघ्न फुर्किएको थिएँ म । मेरो फुर्क्याइसँगै मेरा बाबाआमाको सपना पनि हुर्किएको थियो ।

त्यो दिन पनि चाँडै नै आयो । बाबाले मलाई बजारबाट एकजोर छालाको लेसदार जुत्ता र मोजा, सेतो सर्ट, नीलो हाफप्यान्ट, गलामा बाँध्ने टाई किनेर ल्याइदिनुभयो । यत्रा विघ्न सामान मेरा लागि म भुइँ न भाँडामा भएँ । दंग मात्रै होइन निकै गतिलो भएको महसुस गरेँ । त्यसमा पनि किताब, कापी र सिसाकलम सहितको बस्ता भिर्न पाएपछि त म कुरै छाडौं । आफैंलाई ठूलो ठानिरहेँ ।

अब म नजिकको बोर्डिङ पुऱ्याइन थालेँ । ३,४ वर्षका मात्र हुँदो हुँ, त्यति खेरदेखि नै केही रमाइला धेरै नरमाइला अनुभूति स्मरणमा अमिट छाप भएका छन् ।

- गृहकार्य नगरी स्कुल पुग्दा कान समातेर कुखुरा भई डल्लो परेको क्षण
- एदेखि जेडसम्म फटाफट भन्न नसक्दा घुँडा टेक्नु परेको क्षण
- अंग्रेजी कक्षामा साथीहरूसँग नेपाली बोल्दा खाजा खान लगेको दाम फाइन तिरेर फाँका बस्नु परेको क्षण
- स्कुलकै बेन्चमा दिसापिसाब थाम्न नसकी खुस्किएर साथीहरूले 'पप्पी सेम' गर्दा र भरे मिसले थाहा पाएर हपार्दाको कहालीलाग्दो क्षण सबै ताजा छन् ।

ती सबै छाडिदिऊँ । सधैं झ-झल्कोमा आइरहने दुइटा कुरा यति खेरसम्म पनि छन् -

- एक - मैले गलामा बाँध्ने गरेको टाई र थलामा बाँधिएको भैंसीको दाम्लो । भैंसी खुट्टीमा बाँधिएको हुन्थ्यो नियममा म ।
- दुई - मैले पिठ्यूँमा बोक्ने गरेको बस्ता र पहाडबाट नुन लिन झरेको भरिया दाइको ढाकर । नुन खाने बाध्यता र गुण सिक्ने उस्तै उस्तै । भारी बोक्नै पर्ने ।

अहिले म अंग्रेजी बोल्छु लेख्न पनि (सायद मेरा बाबाआमाले सोचे जस्तै) तपाईं पत्याउनु हुन्छ ? मैले 'बिल क्लिन्टन'को 'माइ लाइफ' खर्लप्पै सिध्याएको छु । 'ह्यारी पोटर'को कति सिरिज छिचोलेको छु । कम्प्युटर पनि चलाउँछु । साइबर क्याफे पुग्न भ्याएँ भने इन्टरनेटबाट संसार उघारेर हेर्छु । शुक्रवार मलाई सबैभन्दा मन पर्ने दिन हो । त्यसमा पनि अन्तिम शुक्रवार - त्यही दिन कि त बाबाआमा भेट्न आउनु हुन्थ्यो, कि त 'आउटिङ' हुन्थ्यो । छात्रावासको नियम नै यस्तै ।

यो छात्रावासको प्रसंगले पनि मलाई झन् मेरो विगततिर फर्काउँछ र म अतीततिरै रुमलिन थाल्छु । जब मेरा लागि बिस्तरा तयार पार्दै आमाले भन्नुभयो, 'बाबु अब छात्रावास जान्छ, त्यहीँ बस्छ, पढ्छ र धेरै ठूलो मानिस हुन्छ । म निकै कौतुहलित भएको थिएँ ।

**अहिले म अंग्रेजी बोल्छु लेख्छु पनि । तपाईं पत्याउनु हुन्छ ? मैले 'बिल क्लिन्टन'को 'माइ लाइफ' खर्लप्पै सिध्याएको छु । 'ह्यारी पोटर'को कति सिरिज छिचोलेको छु । कम्प्युटर पनि चलाउँछु । साइबर क्याफे पुग्न भ्याएँ भने इन्टरनेटबाट संसार उघारेर हेर्छु ।**

एकान्तमा निकै टोलाएको थिएँ, 'छात्रावास कस्तो हुन्छ होला, बाबाआमाविना बस्न सकिएला, नसकिएला ?' हजुरबुबा-हजुरआमा कहिले भेट्न पाइएला ?'

तर अब त छात्रावाससँगको नातो पनि करिब १०-११ वर्षको भइसकेछ । यहाँको अविस्मरणीय क्षण त झन् लेखी साध्य नै छैन । दिक्दारलाग्दो गलामा झुन्ड्याउनु पर्ने त्यही दाम्लो, नीलो मोजाको इलास्टिकले पाँसुलामा बनाएको त्यही डाम र पिठ्यूँमा त्यही भारी ।

अनुशासनको अर्को नाउँ छात्रावास हो ।

- सुत- सुत्नुपर्ने, उठ- उठ्नु पर्ने ।

- खेल्न जा- जानु पर्ने, पढ्न बस- बस्नुपर्ने ।

- खा- खानुपर्ने, अझ भएन दिसापिसाब पनि भनेकै बेला गरिदिंदा बेस ।

एसएलसी सकिएपछि लागेको थियो अब छुटकारा पाइन्छ । तर, मलाई के थाहा मेरा अगाडि अझै अजंगको पहाड उभिएको छ भनेर ।

दुई चार दिनयता आएर अरू छुट्टै कौतुलहता मनमा थपिएर आएका छन् । शारीरिक र मानसिक दुवै अवस्थामा परिवर्तनहरू देखा परेका छन् । हामी साथीहरूबीच गफ गर्दा 'संसार कति ठूलो फराक र सुन्दर होला ?' खेल्ने र डुल्ने ठाउँका बारेमा कल्पन्छौं । छात्रावासको बरन्डाबाट उड्दै गरेको चरामा आँखा पुऱ्याएर साथीले भन्यो, 'यस्तै खुला आकाशमा स्वतन्त्र र निर्बाध उड्न पाए हुने ।' साँच्चिकै चराहरूझैं नीलो आकाशमा माथि माथि उड्ने कल्पनामा छु म । मनको खै कुन भाग बेकाबुझैं भएको छ, समुद्रमा उड्ने छालझैं मनमा ज्वारभाटा उठिरहेछन् । आँखाहरूले एउटा अर्कै भाषा र भाव पर्गेल्न थालिसकेछन् । मसँगै पढ्ने थुप्रै केटी साथीहरू पनि छन् । उनीहरूका आँखामा जब मेरा आँखा ठोकिन्छन् । त्यहाँ अर्कै नयाँ भाव र भाषा सम्प्रेषण हुन्छ र म हजुरबुबाले सुनाएका राजकुमार र राजकुमारीको कथा सम्झन्छु । त्यसैले पनि होला म मेरो हजुरबुबालाई पत्र लेख्न चाहन्छु ।

पत्र मेरो हजुरबुबाले हजुरआमालाई छेउमै राखेर पढ्नु हुनेछ र केही बेरका लागि भए पनि आफ्ना चिम्सिएका आँखा र चाउरिएको अनुहार हँसिलो बनाउनु हुनेछ । तर, त्यसो हुनै सक्दैन र भएन पनि । तपाईंलाई थाहा नभएको विषय हुनसक्छ मेरो हजुरबुबा अंग्रेजी बुझ्नु हुन्न नि ।

अब तपाईंले यहाँसम्म पढिसक्दा मप्रति बहुल धारणा र दृष्टिकोण बनाइसक्नु भएको हुनेछ । तर, म एउटा कुराचाहिँ प्रस्टसँग भनिदिऊँ म अंग्रेजीमा राम्रो मात्रै होइन, धेरै राम्रो पत्र लेख्न सक्छु । जुन पत्रले पढ्नेलाई मर्माहत र संवेदनशील बनाइदिन सक्छ । तर, म जब मेरो हजुरबुबालाई नै बुझाउन असमर्थ छु लाग्छ- यत्रा वर्षसम्म मैले छात्रावासमा बसेर सिकेको सीप र ज्ञानको के अर्थ ? मैले बुझेको बुझाइभन्दा हजुरबुबाले बुझेको बुझाइ फरक परिदियो भने के अर्थ ?

खै मैले चाहिँ बुझिनँ मेरा बाबाआमाले देखेको सपनाको के अर्थ ? मेरो संस्कार ज्ञानभन्दा मैले आर्जन गरेको सीप र ज्ञानमा धेरै असमानता खुट्याउँछु र दिक्दार हुन्छु ।

अब तपाईं भन्नुहोला भयो चाहिँ के त ? के हुनु नि - करिब रातको दस बजेको थियो । सुत्न भनिसकिएको थियो । सबै साथीहरू पनि सुतिसकेका थिए । मलाई भने निद्रा नै थिएन । मन नीलो आकाशमा चरा उडेझैं विचरण गर्न चाहन्थ्यो । घेराबारा र नियम परिधि सबै भत्काउन चाहन्थ्यो । मैले त्यो कथाको राजकुमारलाई सम्झेँ हजुरबुबाले भनेको 'मन लागेकै गर्नुपर्छ' सम्झेँ । छात्रावास चकमन्न र सुनसान थियो । घडी हेरेँ साढे एघार भएको रहेछ । जुरुक्क उठेँ मभित्र पनपनिएको विद्रोह हुर्किएर ठूलै झाङ भइसकेको रहेछ ।

बाबाआमाले के सोच्लान्, उनीहरूको सपना के होला । वर्तमान भविष्य कहीँ कतै केही थिएन । किताब बोक्ने झोला खन्याए र दुईजोर लुगा हालेँ भरखर किनेका जुत्ता हालेँ र ठिक्क परेँ । अब म छात्रावासका ढोका खोल्न (भत्काउन) जुटेको थिएँ । यस कार्यमा मलाई पूरै घन्टा लाग्यो । त्यसपछि मूल प्रवेशद्वारमा निमेषभरमै पुगेँ । पाले दाइ सायद गुँडुली परेर सुतेको थियो । विचरालाई के थाहा कसैले छात्रावासको ढोकै फुटाउला । म मुख्य द्वारमा उक्लिएर हाम फालिसकेको थिएँ ।

अर्थात् म राति साढे बाह्र बजे काठमाडौं राजधानीको मूलसडकमा थिएँ । एउटा झोला भिरेर सुनसान र चकमन्न सडक र मेरो हिंडाइ । यति खेर मसँग मेरो वर्तमान थिएन त्यो थाहा नै नभएको भविष्यतिर उन्मुख थिएँ । फटाफट पाइला चालिरहेथेँ । त्यो तिलस्मी र जादुगरी कथाको राजकुमारले झैं ।

हजुरबुबा, मेरो प्यारो हजुरबुबा मैले ठिक गरेँ कि बेठिक, त्यसैले म पत्र लेख्न चाहन्थेँ । ■

# च्यानलहरूको प्रतिस्पर्धा

**सानो देश, आधा दर्जन** टेलिभिजन, दर्शक उही ! नेपाली टेलिभिजनहरूका लागि उनै दर्शकलाई एउटै च्यानलमा लोभ्याइरहनु कम कठिन छैन। तर, उत्साह हेर्नुहोस्, हरेक टेलिभिजन च्यानल आफ्नो अधिकतम पहुँचका लागि स्याटेलाइटमा जाँदै छन्। मलेसियादेखि खाडीमुलुकसम्म, अमेरिकी महाद्वीपदेखि युरोपका थोरै दर्शकसम्म उनीहरू आफूलाई पुर्‍याउने सोचमा छन्। तर, आफूलाई जतिसुकै दर्शकको पहुँचमा पुर्‍याए पनि मुख्य आकर्षण त टेलिभिजनले पस्कने सामग्री नै हो। यस्तो घाँटी रेट्ने प्रतिस्पर्धामा टेलिभिजन च्यानलहरूले आफूलाई कसरी पृथक् रुपमा उभ्याउनेछन् त ?

स्याटेलाइटमा सबैभन्दा कान्छो च्यानल कान्तिपुर काठमाडौंमा जति लोकप्रिय छ, त्यसलाई अन्यत्र पनि कायम राख्ने प्रयासमा छ। यसको पछिल्लो उदाहरण हालै कान्तिपुर र काठमाडौं पोस्टमा प्रकाशित सर्वेक्षण विज्ञापनबाट स्पष्ट हुन्छ।

त्यसो त सर्वेक्षणको परिणाम आउनुअघि नै महिलाहरूलाई ताकेर तीन नयाँ धारावाहिक टेलिफिल्म प्रदर्शन गर्ने तयारी गरेको छ, यसले। कान्तिपुर टेलिभिजन नेटवर्कका मनोरञ्जन विधाका प्रमुख भूषण दाहालका अनुसार आउँदो सातादेखि च्यानल २४ घन्टे हुनेछ। दर्शक लोभ्याउन नयाँ प्रतिभाहरूको खोजी कार्यक्रमसमेत सुरु हुने दाहाल बताउँछन्।

यता च्यानल नेपालले पनि मनोरञ्जन र युवा पुस्तालाई प्रशस्त ध्यान दिएको छ। तर, टेलिफिल्मका लागि यसले तत्काल ठाउँ दिनेछैन।

यसैगरी नेपाल वन टेलिभिजनकी मनोरञ्जन प्रमुख रश्मिला प्रजापति नयाँ परिस्थितिमा अरूसँगको प्रतिस्पर्धामा खरो उत्रिन आफ्नो तयारी पूर्ण भएको बताउँछिन्। उनको योजना पनि युवा पुस्तालाई नै लोभ्याउनु छ। यसका लागि मनोरञ्जनप्रधान र यथार्थ झल्किने कार्यक्रम प्रमुख छन्। 'मनको डोरी' नामक वास्तविकतामा आधारित सो'प्रति उनलाई कति विश्वास छ। 'यसले अन्य टिभी च्यानलहरूलाई खरो टक्कर दिनेछ', उनी भन्छिन्।

अर्कोतर्फ इमेज च्यानलमा भर्खरै नियुक्त मनोरञ्जन विधाप्रमुख सहेन्द्र श्रेष्ठ पनि नयाँ परिस्थितिलाई मूल्यांकन गर्दै नयाँ कार्यक्रम दर्शकमाझ पस्किन थालिसकेका छन्। ती कार्यक्रम पनि अघिल्ला च्यानलहरूझैं युवापुस्तालाई नै केन्द्रित गरिएको छ।

मनोरञ्जन वा वास्तविकतामा आधारित सोमात्र केन्द्रित छैनन् च्यानलहरू, समाचार प्रस्तुतिमा पनि पृथकता र शैलीगत भिन्नता ल्याउने तयारी गरिरहेका छन्। समाचार प्रस्तुतिमा आएको परिवर्तनमा यो अनुभव गर्न सकिन्छ। इमेज च्यानलका समाचार संयोजक सुरेश आचार्य बदलिँदो परिस्थितिमा केही च्यानलहरूले आक्रामक रूपमा समाचार प्रस्तुत गरिरहेकोप्रति इंगित गर्दै तर इमेजले समाचारलाई 'बिकाउ र सेन्सेसनल' नबनाउने बताउँछन्।

निजी टेलिभिजनहरूमा थोर बहुत प्रतिस्पर्धाको तनाव देखिए पनि नेपाल टेलिभिजन भने यसबाट निकै टाढा देखिएको छ। बरु नेपाल टेलिभिजन २ मेट्रोका प्रबन्ध निर्देशक प्रकाशजंग कार्की यसलाई २४ घन्टे बनाउन र स्याटेलाइटमा लैजान निकै आतुर छन्। उनी भन्छन्, 'सरकारले हरियो बत्ती देखाउनेबित्तिकै यो स्याटेलाइटमा जानेछ, सबै तयारी सकियो।'

केही समयअघि मेट्रो च्यानललाई समाचारमूलक च्यानलको रूपमा विकसित गर्नेबारे भएको अध्ययन प्रतिवेदन कार्कीको टेबुलमा छ। तर, समाचार च्यानल बनाउनेबारे चर्को असहमति जनाउँदै उनी भन्छन्, 'चीनले यो च्यानल मनोरञ्जनपूर्ण बनाउनका लागि निर्माण गरिदिएको हो, कसैको स्वार्थका लागि उपयोग गर्ने समाचार च्यानलका लागि होइन।'

टेलिभिजनहरूले देशभित्रका च्यानलसँग प्रतिस्पर्धा गरेर मात्र पुग्दैन। उनीहरूले विदेशी दर्जनौं च्यानलसँग पनि स्पर्धा गर्नुपर्छ। त्यसका लागि च्यानलहरूले स्तरीय कार्यक्रम पस्कनैपर्छ। स्तरीय कार्यक्रम आफैले मात्र बनाउन नसकिने हुँदा त्यसमा निजी क्षेत्रका कार्यक्रम निर्माताहरूलाई आकर्षित गर्न सक्नुपर्ने हो। तर, यस मामिलामा नेपाली च्यानलहरू असफल देखिन्छन्।

टेलिभिजन च्यानलहरू आफ्ना दर्शक बढाउन स्याटेलाइटमा जान आतुर भए पनि स्वतन्त्र कार्यक्रम निर्माताहरूलाई आकर्षित गर्न सकिरहेका छैनन्। अघिल्लो साल 'सामसुङ नेपाली तारा' बनाएर चर्चामा आएका कार्यक्रम निर्देशक राजेन्द्र शलभले सोचेका थिए, त्यत्रो ठूलो काम गरिसकेपछि यत्रा टेलिभिजन च्यानलहरूले त्यो कार्यक्रम निरन्तरताका लागि आफैँले पहल गर्नेछन्। तर, कुनै पनि टेलिभिजनले उनलाई निरन्तरता दिनेबारे चासो त देखाएनन् नै, अरू नै स्तरीय कार्यक्रमको खाका लिएर जाँदा पनि 'महँगो' भएकैले कार्यक्रम स्वीकृत भएनन्।

'यसको सीधा अर्थ हो, टेलिभिजनहरू स्तरीय कार्यक्रमभन्दा पनि 'टालटुले' आवरणीय कार्यक्रम लिएर दर्शकमाझ जानेछन्', शलभ भन्छन्, 'यसको मुख्य कारण टिभी च्यानलहरू आफैं कार्यक्रम निर्माता हुनु पनि हो, जो सस्तोमा धेरै कुरा खोज्न चाहन्छ।'


बाह्य आवरणका रूपमा मात्र खरो प्रतिस्पर्धा देखिए पनि अन्तर्राष्ट्रियस्तरको मनोरञ्जन दिन नेपाली टेलिभिजनहरू अझै तयार देखिएका छैनन्। त्यसमाथि थोरै प्रायोजक र धेरै टेलिभिजन च्यानलका कारण कुनै एउटा कार्यक्रमका लागि धेरै लगानी गर्ने हिम्मत टिभीहरूले जुटाउन सकिरहेका छैनन्।

तर च्यानलहरूले दाबी गरिरहेका छन्, नेपाली मनोरञ्जनको पारम्परिक धारमा थोरै भए पनि परिवर्तन आउनेछ र सर्वसाधारणले स्तरीय मनोरञ्जनको थोरै अंश भए पनि महसुस गर्नेछन्।

■ **अच्युत कोइराला/काठमाडौं**



# वात्स्यायनको अटुट मिसन




**वरिष्ठ कार्टुनिष्ट** दुर्गा बराल आफैंले बनाएका पछिल्ला एक दशकका कार्टुनहरूको संग्रह विमोचन कार्यक्रममा भने, 'मैले राजनीतिक मिसनका रूपमा कार्टुन बनाउन थालेको हुँ। त्यो मिसन कहिल्यै अन्त्य हुँदैन होला।' ४० वर्षदेखि मूलतः नेपालको राजनीतिक र सामाजिक जीवन कार्टुनमार्फत प्रस्तुत गर्दैआएका वात्स्यायन राजनीतिलाई गहिरिएर विश्लेषण गर्दै मसिना धर्का र रंगमार्फत उजागर गर्ने विशिष्ट क्षमता राख्छन्।

उनले भने, 'जुन बेला जनताका अधिकार अपहृत थिए, प्रेस स्वतन्त्रता कुण्ठित थियो, प्रजातन्त्र थिएन, त्यसै बेलादेखि मैले कार्टुन बनाउन थालेँ, त्यति बेला पत्रिका मिसनअन्तर्गत निस्कन्थे। म त्यही मिसनबाट प्रशिक्षित र निर्देशित भएँ।' चालीसवर्षे आफ्नो कार्टुन यात्राबारे जानकारी दिँदै वात्स्यायनले अझै त्यो मिसनबाट आफूले मुक्ति पाउन सक्ने स्थिति नरहेको बताए।

हालैको राजनीतिक परिवर्तनपछि मुलुक लोकतन्त्रमय बनेको चित्रण गर्दै उनले भने, 'मेरो मिसन वैयक्तिक स्वतन्त्रता, समानता र भ्रातृत्व हो।' २०२२-२३ सालदेखि कार्टुन बनाउन थालेका वात्स्यायनले भने, 'हामीले ०३६, ०४६ र ०६२ सालको राजनीति भोग्यौं, मिसन कहिल्यै अन्त्य हुँदैन होला। मैले अन्तरात्मादेखि चाहेको विषय त चित्रकारिता हो। मैले चित्रकारिता पनि छोड्न सकेको छैन, मिसन पनि छोड्न सकेको छैन।'

राजनीतिक कार्टुन बनाउने शिखर पुरुष वात्स्यायनले आफ्नो कार्टुन यात्राबारे बताउँदा ब्रिटिस काउन्सिलको हलमा खचाखच कार्टुनप्रेमीहरू ताली बजाएर सम्मान प्रकट गरिरहेका थिए। वात्स्यायनका पछिल्लो दशकमा बनाएका र कान्तिपुर दैनिकमा प्रकाशित कार्टुनमध्ये केही कार्टुनलाई पुनः प्रकाशित गर्ने काम फाइन प्रिन्टले गरेको हो। पुस्तक अंग्रेजीमा छापिएको छ।

२०५० को दशकपछिका राजनीतिक व्यक्तिहरू, नेता, राजनीतिक परिवेश र सामाजिक अवस्थाको प्रतिनिधि कार्टुनहरू एउटै पुस्तकमा ल्याउने कामबाट वात्स्यायन सन्तुष्ट रहेछन्। त्यसो त प्रकाशन सूचना प्रविधिमा हामी कति अगाडि बढेका छौं भन्ने विषयको संग्रह आफैंमा एउटा राम्रो उदाहरण हो।

वात्स्यायन आफूले ०२२-२३ सालदेखि बनाएका कार्टुन छापियोस् भन्ने चाहना राखेको भए पनि प्रविधिका कारण त्यो सम्भव नभएको बताए। उनी भन्दै थिए, 'मेरो कार्यक्षेत्र पोखरा हो, ५० को दशकपछि मात्र मैले बनाएका कार्टुन इमेल, इन्टरनेट, फ्याक्सबाट पठाएर मूलप्रति मसँगै रहन सक्यो। पहिले पहिले मूलकपी नै पत्रिकाहरूमा पठाउनु पर्थ्यो, ती सबै प्राप्त हुन सकेनन्।' देशान्तर लगायतका पत्रिकाहरू उसबेला वात्स्यायनका कार्टुन छापिन्थे।

नेपालको राजनीतिक तस्वीर कार्टुनमार्फत प्रकट गर्न खप्पिस वात्स्यायनले सुझाए, 'कार्टुन बनाउन, चित्रकलाको सामान्य ज्ञान हुनुपर्छ, हँसाउने क्षमता र बिट।' सुरु सुरुमा चित्रकला र हँसाउने क्षमता चाहिन्छ भन्ने थाहा भएको तर बिट भनेको के हो थाहा नभएर 'तोरीको फूल' देखेको अनुभव सुनाउँदै उनले बिटलाई नेपालीकरण गरे - उट्ठ्याँगो। आफ्नो बाल्य स्वभाव, थोरै बोल्ने तर हँसाउने क्षमतालाई ठूलाबडाले उट्ठ्याँगो स्वभाव भन्ने गरेको प्रसंग सुनाउँदै वात्स्यायनले भने, 'त्यही उट्ठ्याँगो स्वभाव 'बिट' रहेछ।' ■

# आनीको नयाँ मन्त्र



**फूलको आँखामा** फूलै संसारबाट आनीले नेपाली श्रोतामाझ सफल र उत्कृष्ट गायिकाको परिचय बनाइन्। तर, उनको मन्त्रगायनको परिचय भने ओझेलमा नै थियो। धेरै नेपालीलाई थाहा नै थिएन उनी मन्त्रगायिका पनि हुन् भन्ने। नेपाली गीत गायनमा प्रवेश गरेपछि आनीले मन्त्रलाई भने चटक्क बिर्सेकी थिइन्। तर, यसपालि भने मन्त्रको सौगात लिएर उनी श्रोतामाझ आएकी छन्।

दुवटा नेपाली गीतहरूको सँगालो श्रोतालाई सुम्पेपछि उनले आफ्नो परिचय पृथक् बनाएकी छन् मन्त्र गायनबाट। 'गीतभन्दा पनि मन्त्र गाउँदा आनन्द र हलुका महसुस गर्छु।' मन्त्रहरूको सँगालो 'इनर पिस' सार्वजनिक गर्ने क्रममा आनीले बताइन्। नेपाली गीतबाट परिचय बनाउनुअघि नै उनले बेलायतबाट सन् १९९८ मा बौद्धमन्त्रको एल्बम निकालेर अन्तर्राष्ट्रियस्तरमै मन्त्र गायिकाका रुपमा आफूलाई स्थापित गरेकी थिइन्।

अहिले निकालेको 'इनर पिस'मा पनि तिब्बती भाषामा रहेका चारवटा मन्त्र जस्ताको तस्तै उतारेकी छन्, आनीले। यसमा कुनै पनि मन्त्र अनुवाद गरिएको छैन।

अहिलेसम्म विदेशबाट मगाउनु पर्ने तिब्बती भाषाका मन्त्रहरू अब स्वदेशी पसलमा सुलभ मूल्यमा पाइने बताउँदै मन्त्रका निर्माता सच्चिदानन्दले भने, 'मैले दुई वर्षअघि लन्डन जाँदा आनीको मन्त्र किनेर ल्याएको थिएँ, त्यही मन्त्रको प्रभावले आनीलाई मन्त्र निकाल्न सुझाएको हुँ।'

अघिल्ला गीति एल्बमहरू जस्तै यसपालि पनि आनीको मन्त्रलाई न्ह्यु बज्राचार्यले नै संगीत भरेका छन्। 'गीत नबुझिने भए पनि सुन्दा आनन्द आउने यी मन्त्रहरूले मलाई संगीत भर्न खासै असजिलो महसुस भएन', न्ह्युले बताए।

आनीले आफ्नो नयाँ एल्बमको साथमा आगामी शनिवार एकल गायन कार्यक्रम समेत गर्दै छन् प्रज्ञाप्रतिष्ठानमा। उक्त कार्यक्रममा आफ्नो नयाँ एल्बमका मन्त्रसहित अन्य गीत पनि गाउने जानकारी दिइन्, आनीले।

■ **ज्योति देवकोटा/काठमाडौं**

१६ वर्षे रंगमञ्चीय यात्रामा *अन्धो युग, श्रद्धालु वेश्या, अघोषित, वसन्ती, सेतो बाघ, महाभारत, पञ्चतन्त्र, मिलारुपा, खुमा* जस्ता थुप्रै नाटकमा प्रमुख भूमिका निर्वाह गरेकी आशाले राष्ट्रिय नाटक महोत्सव २०६३ मा भने आफूलाई फरक रूपमा प्रस्तुत गरेकी छन्, नाटक लेखक–निर्देशकका रूपमा ।


नाटक 'देउताकी आमा'को दृश्य

# नाट्यकर्मकी एउटा छोरी

**भनिन्छ, मान्छेहरूले** जन्मँदै केही खास गुण र अवगुण लिएर आएका हुन्छन् । कसैले त्यसलाई समयमै चिन्छन् भने कसैले चिन्न भ्याउँदासम्म निकै ढिला भइसकेको हुन्छ ।

आशा मगराती पहिलो समूहमा पर्ने एउटा नाम हो । रंगमञ्चकै लागि जन्मिएको मान्छे भन्दा फरक पर्दैन उनलाई । 'उनले आफूलाई समयमै चिनिसकेकी छन् भन्ने मेरो विश्वास हो,' पुराना रंगकर्मी पुष्कर गुरुङ भन्छन् ।

हुन पनि डेढ दशक लामो समय रंगमञ्चमा बिताउनु चानचुने कुरो पक्कै होइन । १६ वर्षे रंगमञ्चीय यात्रामा आशाले *अन्धो युग, श्रद्धालु वेश्या, अघोषित, वसन्ती, सेतो बाघ, महाभारत, पञ्चतन्त्र, मिलारुपा, खुमा* जस्ता थुप्रै नाटकमा प्रमुख भूमिका निर्वाह गरिन् । तर, राष्ट्रिय नाटक महोत्सव २०६३ मा भने आशाले आफूलाई फरक रूपमा प्रस्तुत गरेकी छन्, नाटक लेखक-निर्देशकका रूपमा । महोत्सवका लागि छानिएका १९ नाटक निर्देशकहरूबीच उनी एक्ली महिला छन् । नाटक 'देउताकी आमा' लिएर उनी महोत्सवमा होमिएकी छन् ।

अधिकांश नाट्यकर्मी युवा हुनु यसपटक नाटक महोत्सवको विशेषता रह्यो, तर विशेषताकै रूपमा मात्र । किनभने उमेरले युवा भए पनि अधिकांश नाट्यकर्मीको सोच निकै पुरातन थियो । पूरा समय नाटक हेर्न नसकी बाहिर बसिरहेका पुराना नाट्यकर्मीहरू वीरेन्द्र हमाल, नवीन सुब्बा, अनुप बरालहरू युवाहरूमा कल्पनशीलता नै नभएकोमा खिन्नता व्यक्त गर्दै थिए । भित्र लोकप्रिय नाटक 'यलम्बर' मञ्चन भइरहँदा बाहिर लेखक श्रवण मुकारुङको अनुहार हेर्न लायक थियो । उनी भित्र टिक्न नसकी बाहिर झोक्राएर बसिरहेका थिए ।

युवा नाट्यकर्मीबीच चलेका नामहरू किशोर अनुराग, कमल गाउँले, नवराज बुढाथोकी, प्रवीण दुमा, सुभाष अधिकारी समेतका नाटक मञ्चन भइसकेका छन् । तर, ती कुनै पनि नाटकले आशा जगाउन सकेन । बरु त्यसबीच पहिलो पटक नाटक निर्देशन गरेकी मगरातीकै नाटक राम्रो थियो ।

'मगरातीको नाटकलाई माझ्न अझै निकै बाँकी छ । धेरै समस्या छन् त्यसमा । तर, ती सबैजसो समस्या अभिनयका हुन् । अलि लामो तयारी गर्दा ती हट्न सक्छन्', रंगकर्मी हमालको प्रतिक्रिया थियो, 'निर्देशकीय कल्पनशीलता भने राम्ररी देखाएकी छन् आशाले आफ्नो पहिलो नाटकमै । उनले आफूमा सम्भावना देखाएकी छन् ।' अर्का रंगकर्मी हरिहर शर्माको आशाप्रतिको प्रतिक्रिया पनि यस्तै थियो । उनले भने, 'नाटक राम्रो बनेको थियो, मैले अनुमान गरेजस्तै ।'

मोरङको वेलबारीबाट रंगकर्म सुरु गरेकी आशाले व्यवसायिक रंगकर्म भने अनाम नाट्य जमात धरानबाट थालेकी हुन् । तर, उनले करिअरको धेरै वर्ष भने स्टुडियो सेभेन, काठमाडौंका लागि अभिनय गरिन् । उनले त्यहाँबाट सविना लेहमेनको निर्देशनमा *सेतो बाघ, मिलारुपा, मिलारुपा भाग दुई, पञ्चतन्त्र, माहाभारत, बाबुराजा* लगायतका नाटकमा प्रमुख भूमिकामा अभिनय गरिन् । त्यसबाहेक *श्रद्धालु वेश्या*को लागि सुनिल पोखरेल र *खुमा*को लागि अनुप बरालसँग पनि उनले काम गरिन् । तिनै लामो अनुभवले गर्दा होला आशाको निर्देशनमा परिपक्वता देखिएको थियो ।

आशाले निजगढका तपस्वी राम बमजनकी आमाका अनुभूति रंगमञ्चमा उतारेकी थिइन् । कुनै बेला थियो, निजगढका *तपस्वी राम बमजन*को बारे कुरा नहुने ठाउँ थिएन । सायद कुरा गर्ने व्यक्तिको संख्या पनि कम थिएन । हजारौं उनलाई 'दर्शन' गर्न मात्र गएनन्, चोक चोकमा उनका पोस्टर, किताब, क्यालेन्डर, फोटो र भिडियो सिडीहरू पनि बिके । धेरैको लागि उनी चर्चाको विषय भएका थिए । देश विदेशका सञ्चारमाध्यम र फिल्मकर्मीको समेत उनी आकर्षणको विषय बनेका थिए । तर, आज न उनको कसैलाई खोजी छ, न उनको परिवारको । रामकी आमा मायादेवीको भोगाइ, जो आशाको विचारमा धेरै नेपाली आमाको पनि भोगाइ हो, नै देउताकी आमाको कथावस्तु हो । धेरै प्रतिशत सत्य घटनाको आधारमा तयार पारिएको यो नाटकले, त्यति बेला निजगढमा साँच्चै के भएको थियो ? मायादेवीले त्यो घटनालाई कसरी भोगिन् ? आदि प्रश्नको जवाफ त दिएको छ, सँगसँगै द्वन्द्वबाट मुक्ति नपाइसकेको वर्तमान पृष्ठभूमिमा सयौं आमाका भोगाइ एकसाथ प्रस्तुतसमेत गर्न सफल छ ।

महोत्सवको समापनको नाटक *'कुमारजी आज्ञा गर्नुहुन्छ'* का निर्देशक राजन उप्रेतीप्रति पनि रंगकर्मी र दर्शकको आशा देखिएको छ । उक्त नाटकका लेखक पुराना रंगकर्मी अशेष मल्ल भएर मात्र होइन, उप्रेतीले केही समयअघि मञ्चन गरेका नाटकहरूका कारणले पनि यो आशा बाँधिएको हो । आन्दोलनताका उप्रेतीको नाटक *'घिन्ताङ'* निकै लोकप्रिय भएको थियो भने भर्खरै उनको नाटक *'मैना'*ले पोखरामा सांस्कृतिक संस्थानद्वारा आयोजित नाटक महोत्सवमा प्रमुख तीन उपाधि जित्न सक्यो । मैनाले उत्कृष्ट निर्देशक, उत्कृष्ट नाटक र उत्कृष्ट अभिनेत्रीको उपाधि जित्न सफल भएको थियो पोखराको महोत्सवमा ।

■ **दीपक रौनियार/काठमाडौं** (तस्वीर पनि)

# सुन्दरी किशोरी



**थाइल्यान्डको राजधानी** बैंककस्थित महिडोल विश्वविद्यालयमा जनस्वास्थ्य विषयमा स्नातकोत्तर अध्ययनरत नेपाली छोरी किशोरी महतको परिचय यसअघि सामान्य विद्यार्थी मात्र थियो । तर, यो विश्वविद्यालयमा अहिले उनी एकाएक 'सेलिब्रिटी' बनेकी छन् । विश्वविद्यालयस्तरीय मिस्टर एन्ड मिस प्रतियोगितामा २५ भन्दा बढी मुलुकका सुन्दरीलाई उछिनेर 'मिस युनिभर्सिटी' बनेपछि किशोरी दंगदास त हुने नै भइन्, उनले विदेशी भूमिमा नेपाली सौन्दर्यको परिचय पनि दिएकी छन् ।

उत्कृष्ट दसमा परेर अन्तिम चरणको छनोटका लागि मञ्चमा उक्लेकी यी २८ वर्षीया सुन्दरीलाई सोधिएको थियो, 'बैंककमा रमाइलोका लागि तपाईं के गर्नुहुन्छ ?' बंगलादेशबाट एमबिबिएस सिध्याएर थप अध्ययनका लागि बैंकक पुगेकी किशोरीको जवाफ थियो, 'बैंककमा रमाइलो गर्न केही गर्नै पर्दैन, यहाँका मानिसहरू अत्यन्त आत्मीय र मिलनसार छन्, सहयोगी र शिष्ट छन् । उनीहरूलाई चिन्दा र उनीहरूको संस्कृतिबारे थाहा पाउँदा नै मलाई एकदमै रमाइलो लाग्छ, मलाई धेरै थाइ साथीहरू बनाउन मन लाग्छ किनभने मलाई लाग्छ- यो वास्तविक मानवहरूको देश हो ।'

भुटान, तिब्बत, बेल्जियम, जापान, तान्जानिया, काजकिस्तान, बंगलादेशलगायतका मुलुकबाट यो विश्वविद्यालयमा अध्ययनार्थ पुगेका प्रतिस्पर्धीलाई उछिनेर सर्वोत्कृष्ट बन्न उनको यही जवाफ नै पर्याप्त भयो । 'मुलुकको प्रतिनिधित्व गर्दै उपाधि हात पार्दाको अनुभव म शब्दमा व्यक्त गर्न सक्दिनँ', विवाहित किशोरी भन्छिन् । ■



# नयाँ अवतारमा

**जति बेला** काठमाडौंको काँठमा नेतागिरीलाई घृणा गरिन्थ्यो त्यति बेलादेखिका नेता हुन् उनी । साँच्चै नै काँठबाट दरिला नेताका रूपमा उदाएका थिए दामोदर गौतम । उनले नेपाली कांग्रेसको राजनीति गरेको पनि ४१ वर्ष पुगेको छ, जेलनेल र यातना सबै उनले भोगेका छन् । तर, उनी जनताका बीचमा भने एउटा नेताभन्दा बढी समाजसेवीका रूपमा बढी चिनिन्छिन् ।

संजीवनी संस्था उनको पहिचान हो । २०३७ सालमा स्थापना भएको र उनी अध्यक्ष रहेको संजीवनी आज पनि वीर अस्पताल, विपी कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान र कोशी अञ्चल अस्पतालमा पुगेका गरिब दीनदुःखी बिरामीको सेवामा समर्पित छ । त्यहाँ पुगेका गरिबलाई रगत आवश्यक परे रगत, बाटा खर्च चाहिए बाटा खर्च र उस्तै परे दाहसंस्कार र मलामी समेतको व्यवस्था गर्छ, संजीवनीले । आज तिनै दामोदर गौतम नेपालमा सनातनधर्मीहरूको नेताका रूपमा स्थापित भएका छन् । हालसालैमात्र बनेपामा सम्पन्न विश्वहिन्दु महासंघ नेपाल राष्ट्रिय समितिको पाँचौं महासभाले उनलाई अध्यक्षमा चुनेको छ । शाही सत्ताका बेला मारिएका पण्डित नारायण पोखरेलको विरासत बोकेर अध्यक्ष भएका दामोदर भन्छन्, 'हामी पं. पोखरेलको रहस्यमय हत्याको छानबिन गराउँछौं ।' गौतम लक्ष्य सुनाउँछन्, 'हामी विश्वहिन्दु महासंघलाई अतिवादबाट मुक्त गर्दै यसलाई विशुद्ध आध्यात्मिक सामाजिक संस्थाका रूपमा विकास गर्छौं ।' उनको भनाइमा, 'धर्म सापेक्ष वा निरपेक्ष हुँदैन र निरपेक्षताको विरोध गर्नु भनेको अतिवाद हो ।' यो नयाँ अवतारमा स्वागत छ, दामोदर गौतमलाई । ■







हरेक शुक्रबार
समयको बार

भृकुटी प्रकाशन प्रा. लि.
BHRIKUTI PUBLICATION (P) LTD.
P.O. Box: 1452, Lazimpart, Kathmandu, Nepal. Tel: 4443888, Fax: 4411912

शून्य समय

# प्रधानमन्त्री कोइरालाको 'हनिमुन' अवधिपछिका चुनौती



युवराज घिमिरे

**झन्डै पाँच वर्षअघि** प्रतिकूल राजनीतिक परिस्थिति र विवादका कारण प्रधानमन्त्री पदबाट राजीनामा दिन विवश गिरिजाप्रसाद कोइराला यसपल्ट प्रधानमन्त्री बन्दा लोकप्रियताका शिखरमा थिए । जनआन्दोलनको सफलताले उनको स्वीकार्यता बढाएको थियो । राजाको शासनविरुद्धको 'मुड' उनको त्यो स्वीकार्यताको कारक बनेको थियो । एउटा अलोकप्रिय सत्ताको समाप्तिपछि नयाँ शासकले केही समयसम्म जनताको समर्थन स्वभाविकरूपमा पाउने गर्छन् । त्यसलाई 'हनिमुन' अवधि पनि भन्ने गरिन्छ । त्यो अवधि निकै छोटो हुने गर्छ । त्यसपछि शासनको नेतृत्वलाई उसको गुण, दोष तथा जनअपेक्षा पूरा गर्न सकेको या नसकेको उसकै खुबीका आधारमा जाँच्ने गरिन्छ ।

बैंककबाट स्वास्थ्य लाभ गरी फर्केका कोइरालाको हनिमुन अवधि सायद अब सकिएको छ । सत्ताको सक्षमता, वैचारिक स्पष्टता र जनअपेक्षा पूरा गर्नमा देखाएको चासो एकातिर र अर्कोतिर माओवादीसँगको शान्तिवार्तालाई निर्दिष्ट लक्ष्यमा पुऱ्याउन उनको सफलता (वा असफलता)ले कोइरालालाई नापिनेछ । यी मोर्चामा कोइराला असफल भएमा बहुदल कालका समस्त विवाद र आरोपको भुमरीमा पाउनेछन् आफूलाई उनले पुनः एकपल्ट । त्यसैले अबका दिन कोइरालाका लागि ज्यादा चुनौतीपूर्ण र अवसर पनि बन्न सक्छ । वास्तवमा कोइरालाको सफलतामा मुलुकको सफलता पनि गाभिएको छ, यसपल्ट ।

पाँच वर्षअगाडि ५७ दिनसम्म कोइरालाविरुद्ध नारा लगाएर सदन अवरुद्ध गरेको एमाले अहिले पुनःस्थापित प्रतिनिधिसभामा सबभन्दा ठूलो दलको हैसियतमा छँदा पनि कोइरालालाई विकल्पहीन प्रधानमन्त्रीका रूपमा प्रस्तुत गर्नुपर्ने उसको बाध्यतालाई कोइरालाले अहिले हासिल गरेको उचाइका रूपमा लिन सकिन्छ । तर, त्योसँगै कोइरालाबाट बढेको अपेक्षाको पनि परिचायक हो त्यो । जनआन्दोलनको सफलता र बलमा पुनर्जीवित प्रतिनिधिसभा तथा सरकारले गरेका घोषणाको कार्यान्वयनका बेला सुरु भएको छ अब । त्यो पूरा हुन नसक्दा जन्मिने आक्रोश र निराशा कोइरालाको काँधमा पर्नेछ । अनुभवले खारिएका कोइरालाले यो कुरा बुझेका छैनन् भन्न मिल्दैन । तर, आगामी दिन उनका लागि सहज देखिँदैन ।

> अहिले सबभन्दा ठूलो चुनौती शान्तिवार्ताको सफलता हो । शान्तिवार्ता सुरु भइसके पनि युद्धविराम सम्झौता हुन नसक्दा युद्धविरामलाई निरन्तरता दिन नैतिकरूपमा माओवादी वा सरकार पक्ष बाध्य नभएको आशंका पनि त्यत्तिकै प्रबल छ । अझ सरकारी वार्ताटोलीको संयोजनको जिम्मा पाएका गृहमन्त्रीका विगतका गतिविधिले वार्ता प्रक्रियाको भविष्यबारे केही गम्भीर प्रश्न खडा भएका छन् ।

अहिले सबभन्दा ठूलो चुनौती शान्तिवार्ताको सफलता हो । शान्तिवार्ता सुरु भइसके पनि युद्धविराम सम्झौता हुन नसक्दा युद्धविरामलाई निरन्तरता दिन नैतिकरूपमा माओवादी वा सरकार पक्ष बाध्य नभएको आशंका पनि त्यत्तिकै प्रबल छ । अझ सरकारी वार्ताटोलीको संयोजनको जिम्मा पाएका गृहमन्त्रीका विगतका गतिविधिले वार्ता प्रक्रियाको भविष्यबारे केही गम्भीर प्रश्न खडा भएका छन् । जनआन्दोलनपूर्व माओवादी नेतृत्वसँगका अनेक अन्तर्क्रियामा कोइरालाका तर्फबाट माओवादीसँग भेटघाट गरी बाह्रबुँदे समझदारीमा पुग्न सक्रिय कृष्ण सिटौलालाई अन्तिम समाधानको उचित श्रेयबाट वञ्चित गरिनु हुँदैन भन्ने मान्यताबाट कोइरालाले उनलाई उक्त जिम्मेवारी दिएको नेपाली कांग्रेसको उच्च तह बताउँछ । तर, गृहमन्त्री बन्नेबित्तिकै पदीय दुरुपयोगबाट प्रहरी र सशस्त्र संगठनलाई राजनीतिक हस्तक्षेपको सिकार बनाएका छन्, उनले । अर्थात् शान्ति प्रक्रियाको महत्त्वपूर्ण अभिभारा बोक्दा पनि तात्कालिक लाभको चाहनाबाट उनी मुक्त देखिएनन् । त्यसका लागि राजनीतिक चरित्रको रायमाझी आयोगको दुरुपयोगसमेत सिटौलाले गरिसकेका छन् । सत्ताभोगबाट देखिएको यो कमजोरीले वार्तामा सरकारलाई कमजोर तुल्याउँछ । उता हालै माओवादी उच्च नेताहरू प्रचण्ड र बाबुरामलाई काठमाडौं ल्याउने र डोटी पुऱ्याउने क्रममा पनि उनी वार्ता समितिको संयोजकका रूपमाभन्दा सम्भावित सफलताको श्रेय कुम्ल्याउने मानसिकताबाट ग्रस्त देखिन्छन् । यसले सबभन्दा बढी कोइरालालाई क्षति पुऱ्याउनेछ । उनी एमालेसहित सात दलका नेता नभएर सिटौला षड्यन्त्रबाट सञ्चालित त छैनन् ? भन्ने प्रश्नसमेत उठ्न थालेको छ । मन्त्रिपरिषद्भित्रै डा. रामशरण महत र कांग्रेसभित्र सुशील कोइराला, अर्जुननरसिंह केसी, रामचन्द्र पौडेल तथा विनयध्वज चन्दजस्ता प्रखर आवाजहरूले कोइरालालाई चेतावनी दिन थालिसकेका छन् ।

कोइरालाप्रतिको लामो समयको नकारात्मक धारणा त्यागेर अहिले उनको नेतृत्वलाई सघाउनसमेत तयार देखिएको माओवादीले पनि कोइरालाको 'हनिमुन' अवधि छोट्याउनमा भूमिका खेलेको देखिन्छ । बाह्रबुँदे समझदारीपछि पनि आफूहरूद्वारा जफत गरिएका राजनीतिक कार्यकर्ता तथा सर्वसाधारणको सम्पत्ति फिर्ता नगरिनु र अर्कोतिर अपहरण तथा जबरजस्ती चन्दा असुली जारी रहनुले माओवादी के कोइराला सरकारलाई लाचार रूपमा प्रस्तुत गर्नमा तल्लीन त छैन ? भन्ने आशंका उत्पन्न भएको छ । त्यस्तै गैरन्यायिक शैली तथा चरित्रको जनअदालत एकातिर र अर्कोतिर विभिन्न उद्योगधन्दाहरू बन्द हुनुमा माओवादी भूमिकाले उनीहरूले आतंककै राजनीति सञ्चालन गरेको सन्देश पनि गएको छ । माओवादीहरूको यो अभियान जारी रहे युद्धविरामको अर्थ रहँदैन । त्यसैगरी सरकारी वार्ताटोलीका संयोजकले यी गतिविधिहरूप्रति कुनै आपत्ति नजनाएर सरकारको नैतिक हैसियत तथा आधिकारिकताको उपहास मात्र गरेका छैनन्, कोइरालाको हैसियत छोट्याउनमा एक्लो कसरत गरिरहेका छन् । गृहमन्त्री सिटौला व्यक्तिगतरूपमा कोइरालाका अनुयायी हुन सक्छन् । तर, उनले बाह्रबुँदे सहमतिमा पुग्न गरेको योगदानको फल यदि दीर्घकालीन शान्ति हो भने उनका वर्तमान क्रियाकलापले पाक्नु पहिले नै त्यो फल झर्ने स्थितिको सिर्जना हुँदै छ ।

हतियार व्यवस्थापनजस्ता जटिल प्रक्रिया सुरु हुनुअघि नै वार्ता प्रक्रिया र त्यसको भविष्यबारे प्रतिकूल स्थिति उत्पन्न हुनुहुँदैन । दुवै पक्षले वार्ता प्रक्रियाका लागि न्यूनतम वातावरणलाई निरन्तरता दिन र विश्वास बनाउने उपायहरूलाई बढावा दिन तत्काल युद्धविराम सम्झौता गर्नु पनि त्यतिकै आवश्यक छ ।

त्यस्तै वार्ता पर्यवेक्षण र मध्यस्थता तथा आचारसंहिता अनुगमन संयन्त्रको निर्माण र सर्त पनि तत्काल निर्धारण गरिनु आवश्यक छ । यसका साथै औद्योगिक उत्पादन बन्द हुने वा राष्ट्रिय अर्थतन्त्रमा प्रतिकूल असर पर्ने खालका काम माओवादीले तत्काल बन्द गर्नु पनि वार्ताका सफलताका लागि आवश्यक हुन्छ । बहुराष्ट्रिय कम्पनीको सञ्चालनका नीति र सर्तहरू के वार्तापछिको सरकारले सहमतिका आधारमा निर्धारण गर्न सक्तैन ? कोइरालाको हनिमुन अवधि समाप्त हुनुपूर्व सरकार र द्विपक्षीय वार्ताटोलीहरूले यी महत्त्वपूर्ण विषयलाई संस्थागत तथा नीतिगत आकार नदिएमा वार्ता फेरि अनिश्चित भविष्यतर्फ डोरिन सक्छ । ■